"शिक्षित सभ्य र सक्षम जनशक्तिको मूल आधार समुन्नत र गुणस्तरिय शिक्षाको बिस्तार"

रास्रीसेनारी गाउँपालिका

# शिक्षा योजना

२०८१/०८२-२०८५/०८६

रास्रीसेनारी गाउँपालिका गाउँपालिकाको कार्यालय
शिक्षा युवा तथा खेलकुद शाखा
लुम्बिनि प्रदेश, नेपाल
२०८१

## क) विषय प्रवेश

शैक्षिक सेवा प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पहुँच, गुणस्तर,सहभागिता,समता र सक्षमता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको विद्यालय तहको शिक्षाको लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेको छ । त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यान्वयनमा रहेका छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन भइरहेका छन् । अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा तथा निशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ वटै स्थानीय तहले संघीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता अनुरुप राप्ती सोनारी गाउँपालिका, बाँकेले आफ्नो गाउँ शिक्षा योजना २०८१—२०८५निर्माण गरेको छ ।

## ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान, राष्ट्रिय नीति, अनिवार्य तथा निशुल्क शिक्षा, ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, सोह्रौं पञ्चवर्षीय योजना तथा विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति कार्यक्रम तथा लक्ष्यलाई संघीयअनुरुप कार्यान्वयन गर्न र विद्यालय शिक्षाको विकासलाई दिशा निर्देश गर्न, संघीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यक देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सिर्जनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि आवश्यक पर्ने योग्य तथा कुशल नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समयसापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजनामार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ ।
नेपालको संविधानको अनुसूचि ८ मा स्थानीय तहको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ वटा शिक्षाका अधिकार तोकेको छ । यस ऐनको दफा २४(१) मा स्थानीय तहले आवधिक योजना निर्माण गरी कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यी सबै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नु पर्ने आवश्यकता छ ।

### ग) स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

१. तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न

२. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न

३. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न

४. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन

५. शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन

### घ) शिक्षा योजना निर्माणका आधार

स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाउनु पर्छ । यसका अतिरिक्त अन्य सान्दर्भिक सामग्री प्रयोग गरी योजना निर्माण गर्नुपर्छ ।

क) नेपालको संविधान

ख) सोह्रौं आवधिक योजना

ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४

घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन २०७७

ङ) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली

च) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना

छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९

ज) विद्यालय शिक्षामा समता रणनीति

झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा

ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना

ट) स्थानीय तहको मध्यमकालिन खर्च संरचना

ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८

ड) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

### ङ) शिक्षा योजना निर्माण प्रक्रिया

योजनाको नामबाट दिगो विकासका लक्ष्यहरुलाई समेत सम्बोधन हुने गरी संघीय सरकारको तर्फबाट दश वर्षे शिक्षा क्षेत्र योजनाको मस्यौदाको विकास गरी आवश्यक अध्ययनका साथ प्रदेश सरकार लगायत स्थानीय सरकारहरुलाई समेत शिक्षा क्षेत्रको योजना बनाउनको लागि मार्ग निर्देशन गरेपश्चात् यस राप्ती सोनारी गाउँपालिकाले पनि यस क्षेत्रको शिक्षामा समयानुसारको

विकासका लागि योजनाको आवश्यकता महशुस गरेर यसको तयारी र निर्माण गर्न अग्रसर भएको हो । यस योजनालाई छिटो छरितो र वास्तविकतामा टेकेर निर्माण गर्नका लागि देहाय अनुसारका प्रक्रियाहरु अवलम्बन गरिएको थियो।

**योजनाको तयारी तथा विकासका लागि संरचनात्मक व्यवस्था**

सर्बप्रथम योजना निर्माणका सन्दर्भमा यस पालिकाका वडाध्यक्षज्यूहरु,विभिन्न विद्यालयका प्रधानाध्यापकज्यूहरु, शिक्षकहरु,शिक्षा समितिका सदस्यहरु, सामाजिक विकास समितिका संयोजक, स्थानीय शिक्षक महासंघका प्रतिनिधि र शिक्षाप्रेमीहरुको उपश्थितिमा छलफल गरी शिक्षा,युवा तथा खेलकुद शाखाका शाखा प्रमुख श्री जीवन न्यौपानेज्युको संयोजकत्वमा ९ सदस्सीय शिक्षा क्षेत्रको ५ वर्षेयोजना निर्माण मूलसमिति ृभ्क्ए क्तभभचष्लन अयmmष्ततभभे गठन गरिएको थियो।

**योजना तयारी प्राविधिक समूह निर्माण**

राप्ती सोनारी गाउँपालिकाको योजना तयारी प्राविधिक समुहमा यूएसएआइडी प्रारम्भिक कक्षा सिकाई कार्यक्रम, कालिका स्वावलम्बन सामाजिक केन्द्रका प्रतिनिधि एवम् विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरुको प्रतिनिधित्व रहने गरी योजना तयारी प्राविधिक समूह गठन गरिएको थियो । प्राविधिक समूहले विभिन्न दस्तावेज तथा पालिकाको वस्तुस्थिति र तथ्याङ्कहरुलाई अध्ययन गरेर योजना लेखनको खाका निर्माण गरेको थियो ।

**बैठक तथा छलफल**

योजना निर्माणको क्रममा अनुसूचीमा उललेख भए अनुसार पटक पटक योजना निर्माण समितिको बैठक बसेर विभिन्न विषयहरुमा गहन छलफल गरिएको थियो ।दस्तावेजको मस्यौदाको तयारी यसरी तयार गरिएको योजनाको खाकालाई योजना निर्माण समितिको पूर्ण बैठकमा विस्तृत र व्यापक छलफल गरी आम शिक्षा सरोकारवाला,शिक्षाप्रेमी,जनप्रतिनिधि तथा आमरुपमा सल्लाह,सुझाव र प्रतिक्रियाका लागि राप्ती सोनारी गाउँपालिकाको वेवसाइडमा राखिएको थियो ।

**संशोधन तथा परिमार्जन**

गाउँपालिकाका अध्यक्ष,उपाध्यक्ष,वडाध्यक्षहरु,पालिकाको विभिन्न शाखाका प्रमुखहरु,शिक्षा समितिका सदस्यहरु,स्थानीय शिक्षक महासंघका प्रतिनिधिहरु,वि.व्य.स.का प्रतिनिधिहरु र स्थानीय शिक्षाप्रेमीहरुको बैठक आयोजना गरी उक्त बैठकमा योजनाको मस्यौदामा छलफल गरेर प्राप्त भएका विभिन्न सुझावहरुलाई समेत समेटी योजनालाई अन्तिम रुप दिइएको थियो ।

**च) योजनाको लेखाजोखा**

गाउँशिक्षा योजना मस्यौदा कार्यदलले तयार गरी  गाउँकार्यपालिकाबाट स्वीकृत भएको यस राप्तीसोनारी गाउँपालिकाको गाउँशिक्षा योजना २०८१/८२ देखि २०८५/८६ लाई योजना लेखाजोखा समितिले गरेको लेखाजोखा देहायबमोजिमले प्रस्तुत गरिएको छ

| क्र.सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्त्व तथा सहभागिता (Leadership and participation) | • शिक्षा योजना निर्माण प्रक्रियामा स्थानीय तहको मूल नेतृत्त्व थियो कि थिएन ?<br>• शिक्षा योजना निर्माण प्रक्रियामा विभिन्न सरोकारवालाको अर्थपूर्ण सहभागिता थियो कि थिएन ?<br>• शिक्षा योजना निर्माण प्रक्रिया पारदर्शी थियो कि थिएन ? |
| २ | पर्याप्तता र सान्दर्भिकता (Adequacy and relevance) | • योजनामा समावेश भएका रणनीति, कार्यक्रम तथा क्रियाकलाप शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीलाई सम्वोधन गर्नका लागि पर्याप्त तथा सान्दर्भिक छन् कि छैनन् ? |
| ३ | समता, सक्षमता तथा गुणस्तर (Equity, efficiency and quality) | • शिक्षा क्षेत्रको समग्र प्रदर्शन बढाउनका लागि योजनामा समता, सक्षमता, तथा सिकाइ र गुणस्तर अभिवृद्धिसम्बन्धी प्रमुख मुद्दाहरूको सम्बोधन भएको छ कि छैन ? |
| ४ | अन्तर्सम्बन्ध र तादात्म्य (Coherence) | • शिक्षा योजना र स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनाबिच अन्तर्सम्बन्ध कायम भएको छ कि छैन ?<br>• शिक्षाका अन्तर्राष्ट्रिय लक्ष्यसँग अनुकूल हुने गरी आन्तरिकीकरण र समायोजन गरिएको छ छैन ?<br>• राष्ट्रिय, प्रदेश र स्थानीय दूरदृष्टि, उद्देश्य, र लक्ष्यअनुरूप योजना बनाइएको छ ?<br>• शिक्षा योजनाका समावेश भएका विभिन्न उपक्षेत्र तथा विषयबिच अन्तर्सम्बन्ध कायम भएको छ कि छैन ? |
| ५ | सम्भाव्यता र कार्यान्वयनयोग्यता तथा सान्दर्भिकता | • योजनामा भएका विषयहको अन्य पक्षसँग तादात्म्य कायम छ कि छैन ?<br>• योजनाका लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलाप कार्यान्वयन गर्न सकिने व्यावहारिक र सान्दर्भिक छन् कि छैनन् ? तथा अनुगमन र मूल्याङ्कनका संयन्त्र पर्याप्त छन् |

| | | |
|---|---|---|
| | | कि छैनन् ?<br>• योजनालाई स्थानीय विशिष्ट आवश्यकता, विशेष गरी जनसङ्ख्या, जातजाति, आर्थिक, भाषिक, पिछडिएक वर्ग र क्षेत्रका आधारमा सान्दर्भिक बनाउने दृष्टिकोणका साथ विकास गरिएको छ ?<br>• योजनाले शिक्षा क्षेत्रका प्रमुख चुनौतीलाई सम्बोधन गरेको छ ? |
| ६ | स्रोतको प्रबन्ध | • शिक्षा योजनामा समावेश भएका विभिन्न कार्यक्रम तथा क्रियाकलापका आवश्यक स्रोतको प्रबन्ध गरिएको छ कि छैन ?<br>• लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलापमा पर्याप्त बजेट विनियोजन भएको छ कि छैन ?<br>• योजनामा प्रस्तावित कार्यक्रम तथा बजेटबिच आपसी तालमेल छ ?<br>• स्रोतको प्रबन्धका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँग सहकार्य र साझेदारी भएको छ कि छैन ? |
| ७ | संस्थागत क्षमता | • योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहभित्र विभिन्न चरणमा संरचनात्मक र संस्थागत व्यवस्था गरिएको छ कि छैन ?<br>• कार्यान्वयनका लागि तालिम तथा क्षमता विकासका कार्यक्रम तथा संयन्त्र तय गरिएको छ कि छैन ? |
| ८ | कार्यान्वयनमा तत्परता | • योजनाको कार्यान्वयनका लागि स्थानीय तहभित्रका सरोकारवालाको सहभागिता र अपनत्व कायम गरिएको छ कि छैन ?<br>• योजनाको कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना तथा बजेट तथा कार्यक्रम तयार गरिएको छ कि छैन ?<br>• योजनाको कार्यान्वयनका लागि जिम्मेवार पक्षलाई लक्ष्य, उद्देश्य र कार्यान्वयन प्रक्रियाको पर्याप्त प्रबोधीकरण तथा अभिमुखीकरण भएको छ कि छैन ? |
| ९ | तथ्याङ्क विश्लेषण र प्रक्षेपण | • स्थानीय तहभित्रका शैक्षिक सूचक र अन्य तथ्याङ्क सङ्कलन गरिएको छ कि छैन ?<br>• तथ्याङ्क तथा सूचनाबिच तादात्म्यताको विश्लेषण तथा प्रक्षेपण गरिएको छ कि छैन ? |

| | | |
|---|---|---|
| १० | अनुगमन र प्रतिवेदन | • अनुगमन तथा मूल्याङ्कनको संयन्त्र र जिम्मेवारी निर्धारण गरिएको छ कि छैन ?<br>• आवधिक रूपमा अनुगमन र मूल्याङ्कन गर्ने प्रक्रिया निर्धारण गरिए छ कि छैन ?<br>• अनुगमन सूचकको प्रयोग गरिएको छ कि छैन ?<br>• प्रतिवेदन प्रणाली यकिन गरिएको छ कि छैन ? |

**छ) योजनाको दस्तावेजको स्वरूप**यो

पञ्चवर्षीय शिक्षा क्षेत्र योजना (२०८१/८२ देखि २०८५/८६) यस गाउँपालिकाको शिक्षाको कुनै तहको मात्रै योजना नभइ यो शिक्षा क्षेत्रको समग्र योजना हो।यसमा पहिलो परिच्छेदमा योजनाको परिचय, दोस्रो परिच्छेदमा योजनाको दूरदृष्टि, ध्येय, लक्ष्य, तथा क्षेत्रगत रूपमा उद्देश्य र रणनीति समावेश गरिएको छ । यसैगरी तेस्रो र चौथो परिच्छेदमा शिक्षाका उपक्षेत्र तथा उपक्षत्रेसँग अन्तर्सम्बन्धित विषयवस्तुका रूपमा प्रारम्भिक बालविकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, शिक्षक व्यवस्थापन, पाठ्यक्रम र पाठ्यसामग्री, शिक्षामा सूचना प्रविधि, अनौपचारिक शिक्षा, समावेशी शिक्षा तथा आपत्कालीन अवस्थामा शिक्षा तथा संस्थागत संरचना विकास लगायतका क्षेत्रलाई समेटिएको छ । यसभित्र विषयवस्तुको विश्लेषण गर्दा हरेक क्षेत्रभित्र परिचय, वर्तमान अवस्था, चुनौती र अवसर, उद्देश्य, रणनीतिहरू, अपेक्षित उपलब्धि, प्रमुख क्रियाकलाप तथा लक्ष्यलाई क्रमिकरूपमा समेटिएको छ । पाँचौं परिच्छेदमा समेटिएको संस्थागत संरचनाको विकासमा तीनै तहको सरकारबिचको संरचना तथा क्षमता विकास, योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समेटिएको छ । यसैगरी , छैठौं परिच्छेदमा लगानी तथा स्रोत व्यवस्थापन तथा अन्तिममा योजनामा समेटिएका क्रियाकलापहरूको वित्तीय अनुमान सहितको योजना र स्रोत पहिचान तथा योजनाको नतिजा खाकालाई समेटिएको छ ।यस पञ्चवर्षीय योजनाले अबको ५ वर्षभित्र यस गाउँपालिकाको शिक्षामा उल्लेख्य विकास गर्ने लक्ष्य लिएको छ । योजनाले समतामूलक पहुँच र पूर्ण सहभागिताको सुनिश्चितता, समग्र विद्यालय शिक्षाको गुणस्तर र सान्दर्भिकता अभिवृद्धि, शिक्षाका वैकल्पिक मार्गको सुदृढीकरण र तिनको औपचारिक शिक्षासँग सम्बन्ध स्थापना, सुशासनको प्रवर्दधन, सेवा प्रवाहको प्रभावकारिताको सुनिश्चितता जस्ता उद्देश्यहरू पूरा गर्नका लागि रणनीतिहरू तय गरेको छ । पञ्चवर्षीय योजना निर्माण गर्दा पहुँच तथा सहभागिता, समानता र समावेशीता, गुणस्तर एवम् सान्दर्भिकता, अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षाका लागि वैकल्पिक मार्ग, विपद् एवम् सङ्कटमा शिक्षा, सुशासन, व्यवस्थापन र समन्वय जस्ता कुरालाई ख्याल गरिएको छ ।

सबै विद्यालयमा पुग्नेगरी टिनको छाना विस्थापित गर्दै पक्की कक्षा कोठा व्यवस्थापन,सबै विद्यालयमा विद्युतीकरण र इन्टरनेट व्यवस्थापन,विद्यालयमा स्वच्छ पिउने पानी, छात्र र छात्राका

लागि छुट्टाछुट्टै र पर्याप्त पानी सहितका शौचालय, आधारभूत विद्यालयका माथिल्ला कक्षा र माविहरूमा विज्ञान, गणित जस्ता विषयगत ल्याब, सबै विद्यालयका प्रारम्भिक कक्षामा बालमैत्री बसाइ व्यवस्थापन र छापामय वातावरण, बालविकासमा व्यवस्थित बसाइ व्यवस्थापन र नमूना बालविकास बनाउन बसाइ व्यवस्थापन गर्ने जस्ता क्रियाकलाप समेटिएको छ ।यसैगरी शिक्षकहरूलाई पर्याप्त पेसागत तथा क्षमता विकास तालिम, शैक्षिक अवलोकनको अवसर, पढाइ मेला गर्ने, पालिकाबाटै नमुना माध्यमिक विद्यालय सञ्चालन, आधारभूत विद्यालय र प्राथमिक विद्यालय विकास गर्न मापदण्ड तयारी तथा कार्यान्वयन, प्रविधिमैत्री शिक्षाका लागि डिजिटल सामाग्री प्रदान, परीक्षालाई पालिकास्तरीय बनाउने, वार्षिक शैक्षिक अन्तरक्रिया गर्ने, शिक्षकहरूको क्षमता विकासका लागि शिक्षकहरूको अतिरिक्त क्रियाकलाप गर्ने योजना अघि सारेको छ । यसैगरी दरबन्दी मिलान र कक्षा समायोजनमार्फत सिकाइमा सुधार ल्याउने जस्ता योजनाहरू समेटिएको छ ।

यस योजनाको कार्यान्वयनका लागि तीनै तहका सरकारको लगानी सहित शिक्षामा राप्ती सोनारी गाउँपालिकामा पाँच वर्षका योजनाको लागि **कुल २ अर्ब उनन्पचास करोड एक्कासी लाख ५५ हजार बजेट अनुमान गरिएको छ** । यसरी पञ्चवर्षीय योजनाको प्रभावकारी कार्यान्वयन पश्चात् हासिल हुने अपेक्षित उपलब्धिमा चारवर्ष उमेर पुरा भएका सबै बालबालिकालाई प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रम मार्फत कक्षा १ का लागि तयारी, पाँच देखि १२ वर्षका सबै बालबालिका विद्यालयमा भर्ना र आधारभूत तहको पूर्ण चक्र पुरा, विद्यार्थीको समग्र उपलब्धिमा उल्लेखनीय सुधार, सबै प्रकारका विभेदको न्यूनीकरण, प्राविधिक शिक्षा सुदृढीकरण, योग्यता प्राप्त शिक्षकको पर्याप्तता साथै योग्य, उत्प्रेरित र प्रतिबद्ध शिक्षक, शिक्षक तथा विद्यार्थी दुवैद्वारा प्रविधिको उपयोग तथा हरेक समयमा सिकाइ निरन्तरताको सुनिश्चितता जस्ता पक्षहरूलाई समेटिएकोछ।

**परिच्छेद १ : परिचय**

# १.१ पृष्ठभुमि

शिक्षा देशको मेरुदण्ड हो । बर्तमानमा प्रदान गरेको शिक्षाले आगामी आधा शताब्दीलाई प्रभाव पार्दछ । तीव्र विकासको आशा राख्ने बर्तमान समाजमा नवीनतम प्रविधिलाई अँगाल्दै विकासको गतिमा प्रतिस्पर्धात्मक क्षमता सहितको जनशक्ति उत्पादन गर्नका लागि शिक्षालाई नै भरपर्दो बनाउनु पर्छ भन्नेमा दुतमत छैन। भूतमा भएका प्रगति बर्तमानमा गरिएका प्रयासले मात्र भविष्य सुखद बन्न सक्छ । शिक्षा क्षेत्रमा यस अघि सफल मानिएका विधि पद्धति तथा प्रमाणयोग्य तथ्यहरूलाई साथ लिएर शैक्षणिक गतिविधि अगाडि बढाउन नसक्ने हो भने विश्व बजारमा बिक्ने र टिक्ने जनशक्ति उत्पादन गर्न नसकिने पक्का जस्तै भइसकेको छ । नेपालको विद्यालय शिक्षालाई व्यवस्थित गर्न तहगत र कक्षागत उमेर समेत निर्धारण गरिएको छ । जसअनुसार प्रारम्भिक बालविकास ३ देखि ४ वर्ष, आधारभूत तहका लागि ५ देखि १२ वर्ष र माध्यमिक तहका लागि १३ देखि १६ वर्ष उमेर समूह निर्धारण गरेको छ । शैक्षिक हिसाबमा यस गाउँपालिकामा सामुदायिक र संस्थागत गरी जम्मा ७० वटा शिक्षण संस्थाहरू सञ्चालित छन् ।

गाउँपालिका क्षेत्रभित्र उच्च शिक्षा अध्ययन अध्यापन गर्ने गराउने शिक्षण संस्थाको अभाव रहेको छ । हालसम्म गाउँपालिकाले गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने क्रममा नयाँ विद्यालय भवन निर्माण, पुराना जीर्ण भौतिक पूर्वाधार मर्मत सम्भार, तथा शिक्षक तालिमहरूको आयोजना गरिसकेको छ भने विद्यालयहरूलाई प्रविधिमैत्री बनाउने कार्यको लागि आवश्यक पहल निरन्तर गरिरहेको छ । त्यसरी नै बालबालिकाहरूलाई खेलकुदमा प्रोत्साहन गर्नका लागि विद्यालयमा खेलकुद सामाग्री सहितको खेल मैदानहरूको निर्माण तथा मर्मत कार्यलाई प्राथमिकताका साथ अघि बढाइएको छ । बालबालिकाहरूलाई शुद्ध खानेपानीको व्यवस्था गर्नका लागि विद्यालयमा खानेपानीका धारा जडान गरिएको छ भने किशोरी शिक्षालाई प्रोत्साहन गर्नका लागि विद्यालयमा छात्रामैत्री शौचालयहरू निर्माण कार्य लाई प्राथमिकता दिइएको छ । सिकाई क्रियाकलापलाई प्रविधिमैत्री र प्रभावकारी बनाउनका लागि शिक्षक कर्मचारीहरूलाई नियमित तालिम मार्फत क्षमता अभिवृद्धि गर्ने उद्देश्यले लुम्बिनी सरकारसँगको साझेदारीमा शैक्षिक तालिम केन्द्र स्थापना भएको छ । मा.वि. तथा आ.वि. तहमा शिक्षण गर्ने शिक्षकहरूलाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी तालिम प्रदान गरिएको छ ।

## १.२ पालिकाको समग्र शैक्षिक सन्दर्भ

वि.स.२०७८ सालको जनगणनानुसार बाँके जिल्लाको कुल जनसंख्या ६,०३,१९४ मध्ये ४६१४१ रहेको छ।जुन जिल्लाको कुल जनसंख्याको ७.६४% हो।जसमध्ये २३,३०६ (५०.५१%) पुरुष र २२,८३५ (४९.४८%)महिलाको जनसंख्या रहेको छ। लैंगिक अनुपात अर्थात प्रति १०० महिलामा पुरुषको संख्या १०१.२० रहेको छ।जनघनत्त्व २५१ जना प्रति वर्ग कि.मी.रहेको छ।

पुरुष साक्षरता ८२ र महिला साक्षरता ६८.९ गरी समग्र गाउँपालिकाको साक्षरता ७५ (जनगणना २०७८) रहेको देखिएको छ । यस गाउँपालिकामा सामुदायिक तथा संस्थागत बिद्यालय गरि हाल २५ वटा माध्यमिक तहका विद्यालय (१३ वटा कक्षा १२ सम्मका १२ वटा कक्षा १० सम्मका) विद्यालय (२३ वटा १—८ कक्षा सञ्चालित, १० वटा १—५ कक्षा सञ्चालित र १२ वटा १—३ कक्षा सञ्चालित) रहेका छन् भने जम्मा बिद्यालय संख्या ७० वटा, बालविकास केन्द्रको सङ्ख्या ७४ वटा र सामुदायिक सिकाइ केन्द्र ५ वटा रहेकोमा ४ वटा संचालनमा रहेका छन् ।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार यस पालिकाको ५ वर्ष माथिको जनसङ्ख्यामा पढ्न र लेख्न दुवै जानेका ७४.९ प्रतिशत, पढ्न मात्र जानेका ०.२३ प्रतिशत र पढ्न र लेख्न दुवै नजानेका २४.७३ प्रतिशत रहेका छन् ।

नेपालको इतिहासमा नयाँ मूलुकको रुपमा परिचित पश्चिम नेपालको तराईको प्रमुख जिल्ला बाँके हो । तत्कालिन मध्य पश्चिम र सुदूर पश्चिमको व्यापारिक केन्द्र नेपालगञ्जदेखि करिव २६ किलोमिटर पूर्वमा अवस्थित राप्ती सोनारी गाउँपालिकाको पूर्वमा दाङ् , पश्चिममा कोहलपुर नगरपालिका , उत्तरमा सल्यान जिल्ला र दक्षिणमा राप्ती सोनारी गाउँपालिका र भारतको उत्तरप्रदेश पर्दछ । गाउँपालिकाको मूख्य आकर्षण राष्ट्रिय गौरवको आयोजना अन्तर्गत पर्ने सिक्टा सिंचाइको बाँध वडा नं २ अगैयामा भुँवर भवानीको मन्दिर,बाँके राष्ट्रिय निकुञ्ज,वनस्पति उद्यान ९वडा नं ९ ढकेरी आदि हुन । यस राप्ती सोनारी गाउँपालिकामा स्थापना भएको पहिलो सामुदायिक विद्यालय तर्फ वि.स. २०१६ सालमा श्री मदेन्द्र माध्यमिक विद्यालय, मटेहिया र हालको श्रीजय माध्यमिक विद्यालय, भोजपुर बि।स।२०२३ सालमा श्री जिल्ला पञ्चायत निम्न माध्यमिक विद्यालयका रुपमा स्थापना भएको पाइन्छ।संस्थागततर्फ पहिलो विद्यालयको रुपमा श्री बघौडा मोडर्न पब्लिक स्कुल, वि।स।२०६८ सालमा स्थापना भएको पाइन्छ । पहिलो


उच्च माध्यमिक विद्यालय वि.स. २०७६ मा स्थानीय तहद्वारा श्री जय किसान माध्यमिक विद्यालय, भोजपुर सुरुवात गरिएको थियो। साथै सोही जय किसान माध्यमिक विद्यालयमा वि।स।२०७७ बाट प्राविधिक धारतर्फ बाली विज्ञान विषय सुरुवात भएको पहिलो विद्यालय हो ।

**क) भौगोलिक अवस्थितिको विश्लेषण :**


(क) तराईको समथर भूमि

(ख) उत्तरको भावर क्षेत्र

(ग) चुरे पर्वत श्रेणी




Source:LRMP Physiographic Division of Nepal and Rapti Sonari Rural Municipality Locations




जिल्लाको उत्तरीक्षेत्र भावर र चुरे पर्वत शृङ्खलामा पर्ने भएकोले यस क्षेत्रमा जनसङ्ख्याको खासै चाप रहेको देखिदैन । चुरे शङ्खला भूबनोटका आधारमा बस्ती बस्न योग्य देखिँदैन । जिल्लाको कूल जमिनमध्ये अधिकांश भूभाग (करिब ७० प्रतिशत) औसत १ डिग्रीभन्दा कम भिरालो भएको क्षेत्रले ढाकेको छ भने चुरे क्षेत्रमा जमिन १२३१ मिटर उचाइँसम्म उठेको छ । तराईको भूभाग १२७ देखि २७५ मिटर उचाइँको बीचमा रहेको छ ।

बाँके जिल्लाका ८ वटा स्थानीय तहहरु मध्ये (२ वटा नगरपालिका र ६ वटा गाउँपालिका) राप्ती सोनारी पनि एक गाउँपालिका हो । यो गाउँपालिकाको पूर्व—पश्चिम लम्बाइ करिब ५३.५ किलोमिटर रहेको छ भने उत्तर—दक्षिणको चौडाइ करिब ४ कि.मि. अनुमान गरिएको छ । यसको कूल क्षेत्रफल १०४१.८२ वर्ग कि.मि. रहेको छ । बाँके जिल्लाका गाउँ र नगरपालिकामध्ये सबैभन्दा बढी क्षेत्रफल भएको क्षेत्र यो गाउँपालिका नै हो भने जनसङ्ख्याका हिसाबले नेपालकै दोस्रो ठुलो गाउँपालिका पनि हो । यहाँको धेरैजसो भाग जङ्गल क्षेत्रले ओगटेको छ भने सानो क्षेत्रमा मात्र कृषि गतिविधि र बसोबास रहेको छ । भौगोलिक विभाजनअनुसार राप्ती सोनारी गाउँपालिकाको उत्तरी क्षेत्रमा भावर र चुरे पर्वत श्रृङ्खलाका साथै बाँके राष्ट्रिय निकुञ्ज पर्ने भएकाले यस क्षेत्रमा जनसङ्ख्याको खासै चाप नरहेको देखिन्छ ।

राप्ती सोनारी गाउँपालिकाको पूर्वमा दाङ जिल्ला पर्दछ । पश्चिममा कोहलपुर न.पा. र डुडुवा गा.पा. पर्दछ । यस्तै उत्तरमा दाङ र सल्यान जिल्ला पर्दछन् भने दक्षिणमा नरैनापुर गा.पा. र भारतको सीमाना रहेको छ । बाँके जिल्लाका साबिक छवटा गाविसहरू ः खासकुश्मा, कचनापुर, बैजापुर, बिनौना, फत्तेपुर र महादेवपुरीलाई मिलाएर राप्ती सोनारी गाउँपालिका बनेको हो । यस गाउँपालिकाको भौगोलिक अवस्थिति समुद्र सतहबाट १६६ मिटर उचाइँदेखि १२३६ मि

उचाइँसम्म रहेको । यो गाउँपालिका २८° १५'००उत्तरी अक्षांश र ८१° ७८'०० पूर्वी देशान्तरसम्म फैलिएको छ । राप्ती सोनारी गाउँपालिका प्राकृतिक, सांस्कृतिक र पर्यटकीय दृष्टिले निकै मनोरम र महत्त्वपूर्ण क्षेत्र हो ।

**राप्ती सोनारी गाउँपालिकाको भू–उपयोगको विवरण (हेक्टर)**

| क्र.सं. | भू-उपयोग | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|---|
| १ | अनुत्पादक क्षेत्र | ४,२३९.५१ | ४.१ |
| २ | झाडी बुट्यान क्षेत्र | ५,२०८.२७ | ५.० |
| ३ | कृषि क्षेत्र | ९,५८२.०१ | ९.२ |
| ४ | वन क्षेत्र | ८३,१७५.२० | ७९.८ |
| ५ | घाँसे मैदान | ९०३.३८ | ०.९ |
| ६ | पानी जमेको क्षेत्र | १,०४९.१८ | १.० |
| ७ | तालतलैया | ७.८१ | ०. ० |
| ८ | दलदले (सीम, ढब्यार) क्षेत्र | १६.७९ | ०. ० |
| | जम्मा | 104,182.16 | 100.0 |

## नामाकरण

राप्ती सोनारी गाउँपालिकाको नाम 'राप्ती र 'सोनारी दुई शब्दको संयोजनबाट बनेको छ । यहाँ राप्ती÷ शब्दले प्युठान जिल्लाबाट दाङदेउखुरीको विस्तीर्ण फाँटमा झरेर देउखुरीको दक्षिणी काख हुँदै पश्चिमतिर बगेको राप्ती नदीलाई बुझाउँछ भने 'सोनारी÷ शब्दले चुरेको तलहटीमा बसेको 'सुनार क्षेत्रलाई बुझाउँछ । यसबाट स्पष्ट हुन्छ, राप्ती सोनारी गाउँपालिकाको नामाकरण राप्तीदेखि सुनारसम्मको भूखण्डलाई समेट्ने गरी भौगोलिक विशेषताका आधारमा गरिएको हो ।

राप्ती सोनारी सर्भेक्षण २०१८ अनुसार यस गाउँपालिकामा पर्यटकीय एवम् धार्मिक स्थलहरू निम्न रहेको पाइन्छ ।

**प्रमुख पर्यटकीय स्थलहरू**

| क्र.सं. | पर्यटकीय स्थलहरू | ठेगाना वडा खुल्ने गरी राख्ने |
|---|---|---|
| १. | ढकेरी पार्क | वडा नं.९ ढकेरी |
| २. | राप्ती पकरी पुल, झोलुङ्गे पुल | वडा नं. २ अगैया |
| ३. | गौशाला मन्दिर | वडा नं. २ शमशेरगञ्ज |
| ४. | राप्ती पुल | वडा नं. ६ सिधनवा |
| ५. | राप्ती तटबन्ध (राप्ती छेउमा) | वडा नं.५बिनौनादेखि वडा नं. ६फत्तेपुर |
| ६. | बाँके राष्ट्रिय निकुञ्ज | वडा नं. १, २, ८ र ९ |

| | | |
|---|---|---|
| ७. | शिव मन्दिर | वडा नं. ५ चिलरिया |
| ८. | कन्याराज | वडा नं. ५ बिनौना |
| ९. | झोलुङ्गे पुल | वडा नं. १ कुसुम |
| १०. | विद्युत् पावर हाउस | वडा नं. ४बैजापुर |
| ११. | खैरभट्टी गुफा | वडा नं. ४ बैजापुर |

### ख) जनसाङ्ख्यिक संरचनाको विश्लेषण

वि.स. २०७८ को राष्टिय जनगणनाको प्रारम्भिक प्रतिवेदन अनुसार यस गाउँपालिकामा जम्मा १४९४६ परिवार संख्या रहेको छ भने पुरुषको संख्या ३१३२७ जना र महिलाको संख्या ३५११८ जना गरी जम्मा जनसंख्या ६६४४५ जना रहेको छ। गाउँपालिकाको जम्मा जनसंख्यामा पुरुष भन्दा महिला ३७९१ जनाले बढी छन् । कुल जनसंख्यामा पुरुषको जनसंख्या ४७% र महिलाको जनसंख्या ५३% हुन्छ। उक्त जनसंख्या तथा घरधुरीको आधारमा औषत परिवार संख्या प्रति घरधुरी करिव ४.४४ जना हुन्छ। रासी सोनारी गाँउपालिकाको औषत जनघनत्व प्रति वर्ग किलोमिटर ४४ जना छ।

**तालिका नँ १**

**<u>रासी सोनारी गाँउपालिकाको उमेरगत जनसँख्या</u>**

| उमेर समुह | ९५+ | ९०-९४ | ८५-८९ | ८०-८४ | ७५-७९ | ७०-७४ | ६५-६९ | ६०-६४ | ५५-५९ | ५०-५४ | ४५-४९ | ४०-४४ | ३५-३९ | ३०-३४ | २५-२९ | २०-२४ | १५-१९ | १०-१४ | ०५-०९ | ००-०४ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ५ | १७ | ३९ | १०० | ३५७ | ६०९ | ७७५ | ८३८ | ११७६ | १४५४ | १५३२ | १८१९ | २००५ | २११० | २७७० | २९१४ | ३२२५ | ३३२० | ३१२५ | ३१३७ | ३१३२७ |
| महिला | १९ | २४ | ५४ | १०८ | ३२२ | ६३६ | ८१० | ९०७ | ११४४ | १६१४ | १६५२ | २०५२ | २५३७ | २७७० | ३५९८ | ४०४१ | ३८११ | ३२०६ | २९८३ | २८३० | ३५११८ |

श्रोतः राष्ट्रिय जनगणना २०७८

**तालिका नँ २**

| वडा नँ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | २६२५ | ४१६४ | २७५० | ३४८५ | ३७०७ | ३९३२ | ५५०९ | २४९० | २६६५ | ३१३२७ |
| महिला | २८८२ | ४८८१ | ३०३२ | ४१३१ | ४२६३ | ४४१७ | ५६३४ | २९५९ | २९१९ | ३५११८ |
| जम्मा | ५५०७ | ९०४५ | ५७८२ | ७६१६ | ७९७० | ८३४९ | ११९४३ | ५४४९ | ५५८४ | ६६४४५ |

**<u>रासी सोनारी गाँउपालिकाको वडागत जनसँख्या</u>**

**श्रोतः राष्ट्रिय जनगणना २०७८**

वि.स.२०७८ सालको जनगणनानुसार राप्ती सोनारीको कुल जनसङ्ख्यो ६६,४४५ रहेको छ । जुन जिल्लाको कुल जनसंख्याको ११.०१ % हो । ३१,२९६ (४७.१%) पुरुष र ३५,१४९ (५२.९%) महिलाको जनसङ्ख्या रहेको छ । लैंगिक अनुपात अर्थात प्रति १०० महिलामा पुरुषको सङ्ख्या ८९.२० रहेको छ । जनघनत्व ६४ जना प्रति वर्ग कि.मी.रहेको छ ।

**ग) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषणः**

यस गाउँपालिकामा विभिन्न जातजाति, धर्म, सम्प्रदाय र भेषभूषा अङ्गालेका मानिसहरु बसोबास गर्दछन् । यहाँ अधिकांश हिन्दु  मानिसहरु रहेका छन् भने वडा नं ६ र ७ मा इस्लाम धर्म मान्न मानिसहरु पनि बसोबास गर्दछन । सबै जातजाति र सम्प्रदायका आ—आफ्नै खाले धर्म, संस्कृति र चालचलनहरु छन । जातगत आधारमा थारु , बाहुन, क्षेत्री, मुस्लिम, यादव, दलित, वर्मा, गोडिया आदिको बहुजातीय बसोबास रहेको छ । त्यसै गरी थारु, ब्राह्मण, ठाकुरी, क्षेत्री, आदिवासी÷जनजाति, दलित तथा अन्य जातिहरुको यस गाउँपालिकामा बसोबास रहेको छ । यहाँ थारु जतिको बसोबास बाक्लो रहेको छ । यहाँ मानिसहरुको मूख्य पेशा कृषि रहेको छ । यहाँका मानिसहरुले नेपाली , थारु , अवधी, हिन्दी, भाषा मूख्यरुपमा बोल्ने गर्दछन् ।जनगणना २०७८ को अनुसार समग्र पालिकाको जनसँख्यालाई आधार मान्ने हो भने यस पालिकामा थारु जातीको बाहुल्यता रहेको छ जसको कुल जनसँख्या ४७.७७ प्रतिशत रहेको छ , श्रेत्रीको २२.३० प्रतिशत रहेको छ तथा विश्वकर्मा, यादव, मुस्लमान जातीको पनि उपस्थिति रहेको छ । यहाँका मानिसहरुले नेपाली , थारु , अवधी, हिन्दी, भाषा मूख्यरुपमा बोल्ने गर्दछन् । यहाँ

| क्र.स | धर्म | पुरुष | महिला | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | हिन्दु | २९८२७ | ३३४२२ | ६३२४९ | ९५.१९ | |
| २ | बौद्ध | ५९ | ७५ | १३४ | ०.२० | |
| ३ | ईस्लाम | ९३७ | ९४६ | १८८३ | २.८३ | |
| ४ | क्रिस्चियन | ५०० | ६६५ | ११६५ | १.७५ | |

मानिसहरुको मूख्य पेशा कृषि रहेको छ ।

**तालिका नँ ३ राप्ती सोनारी गाँउपालिकाको धर्मगत जनसँख्या**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | प्रकृति | ४ | १० | १४ | ०.०२ | |
| **जम्मा** | | **३१३२७** | **३५११८** | **६६४४५** | **१००** | |

**श्रोतः राष्ट्रिय जनगणना २०७८**

**घ) आर्थिक अवस्थाको विश्लेषणः मुख्य व्यवसाय, पेसा, व्यापार, रोजागरीका क्षेत्र (कृषि, उद्योग, पर्यटन आदि)**

यस गाउँपालिकामा बसोबास गर्ने मानिसहरुको आम्दानीको मूख्य स्रोत कृषि रहेको छ। यहाँ सिँचाइको भरपर्दो व्यवस्था नभएपनि सिक्टा सिंचाइको नहर , डिपबोरिङ, आकासेपानीको भरमा खाद्यान्न बाली र तरकारी खेतीबाट आयआर्जन गरेको पाइन्छ । यहाँ खुद्रा व्यापार व्यवसाय , पशुपालन व्यवसायबाट समेत आयआर्जन गरेको पाइन्छ । यहाँका अधिकांश युवाहरु रोजगारका लागि विदेश जाने भएकोले बैदेशिक विप्रेशण (रेमिट्यान्स) पनि आमदानीको मूख्य स्रोत बन्दै गएको छ । आर्थिकरुपले सक्रिय जनसङ्ख्यामा लैंगिक रुपमा महिला भन्दा पुरुषको सङ्ख्या बढी रहेको देखिन्छ ।

राप्ती सोनारी गाउँपालिकाका विभिन्न स्थानमा सडक यातायातलाई विस्तार गर्ने र सम्पूर्ण गाउँबासीहरुलाई सहज यातायातको व्यवस्था गर्ने क्रम जारी छ । यस गाउँपालिकाको मूख्य मार्गको रुपमा महेन्द्र राजमार्ग र अगैया नेपालगञ्ज हुलाकी मार्ग रहेका छन् । गाउँपालिकाको पहलमा लगभग सबै वडाहरुमा कालोपत्रे र ग्राभेलसडकको निर्माण कार्य भइरहेको छ । स्वास्थ्य क्षेत्रमा सबै वडाहरुमा स्वास्थ्य चौकी स्थापना भएको र वडा नं. ४ बैजापुरमा रहेको राप्ती सोनारी अस्पत्तालमा २४ घण्टा आपत्कालिन सेवा र विशेषज्ञ सेवा लगायतका सेवा प्रदान गरिरहेको पाइन्छ । यसैगरी वडा नं. ८ मा सर्पदंश उपचार सेवा पनि यस गाउँपालिकाभित्र रहेको छ । लक्ष्मी माध्यमिक विद्यालय मदुईमा प्राविधिक धारतर्फ बाली विज्ञान कार्यक्रम सञ्चालन हुनु शैक्षिक क्षेत्रका लागि र यस गाउँपालिकाका लागि सुखद पक्ष हो । यसै गरी शिक्षा विषयमा स्नातकसम्म पढाइ हुने दुईवटा सामुदायिक क्याम्पसहरु पनि सञ्चालनमा रहेका छन् । आगामी दिनहरुमा यस पालिकाभित्र माध्यमिक र आधारभूत र प्राथमिक विद्यालयहरुमा गुणस्तरीय शिक्षाका लागि आधार तयार गर्ने, गुणस्तरीय शिक्षाका मापदण्डहरु पूरा गर्ने गरी क्रियाकलाप नियमित गर्न्ने लक्ष्य राखेको छ ।

## घरायसी आम्दानीका मुख्य मुख्य स्रोतहरू

| क्षेत्र | वार्डहरू | | | | | | | | | जम्मा | गाउँपालिका प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| कृषि तथा पशुपालन | 679 | 958 | 313 | 1058 | 892 | 1175 | 1551 | 384 | 665 | 7675 | 61.0 |
| व्यापार तथा व्यवसाय | 84 | 129 | 64 | 114 | 120 | 131 | 104 | 106 | 91 | 943 | 7.5 |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नोकरी तथा पेन्सन | 105 | 272 | 63 | 155 | 103 | 226 | 105 | 181 | 203 | 1413 | 11.2 |
| वैदेशिक रोजगार | 220 | 454 | 59 | 90 | 265 | 154 | 316 | 203 | 182 | 1943 | 15.4 |
| ज्याला मजदुरी | 654 | 1070 | 625 | 738 | 907 | 849 | 1201 | 215 | 427 | 6686 | 53.1 |
| सामाजिक सुरक्षा भत्ता | 93 | 28 | 7 | 21 | 4 | 66 | 150 | 11 | 4 | 384 | 3.1 |
| अन्य(साधुसन्त) | | 6 | | | | 1 | 2 | 3 | 2 | 14 | 0.1 |
| जम्मा | 1303 | 1970 | 971 | 1338 | 1469 | 1549 | 2044 | 797 | 1146 | 12587 | 100.0 |

**स्रोत : राप्ती सोनारी घरधुरी सर्भेक्षण २०१८**

यस गाउँपालिकामा बसोबास गर्ने मानिसहरुको आम्दानीको मूख्य स्रोत कृषि रहेको छ । यहाँ सिँचाइको भरपर्दो व्यवस्था नभएपनि सिक्टा सिंचाइको नहर , डिपबोरिङ, आकासेपानीको भरमा खाद्यान्न बाली र तरकारी खेतीबाट आयआर्जन गरेको पाइन्छ । यहाँ खुद्रा व्यापार व्यवसाय , पशुपालन व्यवसायबाट समेत आयआर्जन गरेको पाइन्छ। यहाँका अधिकांश युवाहरु रोजगारका लागि विदेश जाने भएकोले बैदेशिक विप्रेशण (रेमिट्यान्स) पनि आमदानीको मूख्य स्रोत बन्दै गएको छ । आर्थिकरुपले सक्रिय जनसङ्ख्यामा लैंगिक रुपमा महिला भन्दा पुरुषको सङ्ख्या बढी रहेको देखिन्छ ।

**ङ) शैक्षिक अवस्थाको विश्लेषणः**

नेपाल एक वहुभाषिक, बहुजातीय, बहुधार्मिक (सहिष्णुता), विविध भौगोलिक अवस्थाले युक्त एक लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हो । यहाँको शिक्षा प्रणालीमा परम्परादेखि विद्यमान माथि उल्लेखित पक्षले प्रत्यक्ष एव परोक्षरुपमा प्रभाव पार्दै समय सापेक्ष रुपका राजनैतिक एवं सामाजिक घटनाले परिवर्तन एवं परिमार्जन गरेको पाईन्छ ।०६३ को राजनैतिक आमूल परिवर्तन पश्चात वर्तमान अवस्थाको नेपालको शिक्षाको परिभाषा दिन त्यति सजिलो छैन ।

राप्ती सोनारी गाँउपालिकाको शैक्षिक अवस्था विश्लेषणका निम्ति मुख्यतया यहाँका तहगत विद्यालयहरुको सङख्या, वडागत रुपमा विद्यालयहरुको सङख्या, तहगत रुपमा विद्यालयहरुमा भर्ना भएका बालबालिकाहरुको सङख्या, शैक्षिक जनशक्तिको रुपमा कार्यरत शिक्षकरुको विवरण तथा नियुक्तिको प्रकार, विद्यालयमा भएका भौतिक पुर्वाधारको स्थिति जस्ता विभिन्न सुचकहरुको वस्तुगत विवरण तल उल्लेख गरिएको छ जसले यस पालिकाको शैक्षिक अवस्थाको बारेमा प्रस्टयाउने छ ।

## तालिका नं. ५

## वडागत विद्यालय विवरण

| वडा नं. | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | मदरसा | बाल विकास केन्द्र | सामुदायिक अध्ययन केन्द्र |
|---|---|---|---|---|---|
| १ | १० | १ | ० | ९ | १ |
| २ | ८ | १ | ० | १२ | ० |
| ३ | ४ | २ | ० | ५ | १ |
| ४ | ६ | १ | ० | ९ | २ |
| ५ | ६ | ३ | ० | ९ | ० |
| ६ | ५ | २ | ० | ६ | १ |
| ७ | ८ | २ | २ | १४ | ० |
| ८ | ३ | २ | ० | ५ | ० |
| ९ | ४ | २ | ० | ५ | ० |
| जम्मा | ५४ | १६ | २ | ७४ | ४ |

श्रोतः शिक्षा शाखा, राप्ती सोनारी गाँउपालिका

## तालिका नं. ५

## तहगत रुपमा २०७९—२०८१ सम्मको बालबालिकाहरुको विवरण

| क्र.स | तह | कुल विद्यार्थी जम्मा २०७९ | | | कुल विद्यार्थी जम्मा २०८० | | | कुल विद्यार्थी जम्मा २०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | बालबिकास केन्द्र | १५०७ | १२४९ | २७५६ | १८८० | १४४३ | ३३२३ | ७२१ | ६२५ | १३४६ |
| २ | कक्षा १—५ | ४००३ | ३६६६ | ७६६९ | ३९४५ | ३५३४ | ७४७९ | २६४० | २५६८ | ५२०८ |
| ३ | कक्षा ६—८ | २२०४ | २१८१ | ४३८५ | २०७८ | २०८९ | ४१६७ | १७३४ | १८४८ | ३५८२ |
| ४ | कक्षा १—८ | ६२०७ | ५८४७ | १२०५४ | ६०२३ | ७७०१ | १३७२४ | ४३७४ | ४४१६ | ८७९० |
| ५ | कक्षा ९—१० | १२४६ | १३७५ | २६२१ | ११९३ | १२८२ | २४७६ | ९७२ | १०८५ | २०५७ |
| ६ | कक्षा ११— | ७५९ | ११०४ | १८६३ | ५७३ | ८५९ | १४३२ | २४२ | ३२३ | ५६५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १२ | | | | | | | | | |
| ७ | बालबिकास केन्द्र —कक्षा १२ | ९७३७ | ९५९१ | १९३२९ | ९६८२ | ९२१५ | १८८९८ | ६३०९ | ६४४९ | १२७५८ |

**श्रोतः EMIS Data, राप्ती सोनारी गाँउपालिका**

## तालिका नं. ६

## तहगत शिक्षक दरबन्दी विवरण

| स्वीकृत दरबन्दी | | | राहत कोटा | | | शिक्षण सिकाइ अनुदान | | गा.पा.अनुदान | | | बालविकास सहजकर्ता | | | सा.सि.स. | कर्मचारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रा.वि. | नि.मा.वि. | मा.वि. | प्रा.वि. | नि.मा.वि. | मा.वि. | नि.मा.वि. | मा.वि. | प्रा.वि. | नि.मा.वि. | मा.वि. | संघीय | गा.पा. | जम्मा | | |
| १३५ | २४ | ३१ | ८६ | १३ | ४ | २२ | ३३ | ३९ | ६७ | २४ | ६४ | १० | ७४ | ५ | ७२ |

**स्रोत : शिक्षा शाखा ,राप्ती सोनारी गाउँपालिका**

## तालिका नं. ७

## बालविकास र प्राथमिक तह शिक्षक विवरण

| बालविकास | | | प्राथमिक शिक्षक | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | | | अस्थायी | रिक्त | राहत | गा.पा.अ. | कूल जम्मा | महिला | पुरुष |
| महिला | पुरुष | जम्मा | प्रथम | द्धितीय | तृतीय | | | | | | | |
| ७४ | ० | ७४ | २ | २५ | ९२ | १६ | ० | ८६ | ३९ | २६० | १२२ | १३८ |

## तालिका नं. ८

आधारभूत तह (नि.मा.वि.) शिक्षक विवरण

| नि.मा.वि. शिक्षक | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| स्थायी | | | अस्थायी | रिक्त | राहत | शिक्षण सिकाइ अनुदान | गा.पा.अ. | कूल जम्मा | महिला | पुरुष |
| प्रथम | द्धितीय | तृतीय | | | | | | | | |
| | २ | २१ | १ | ० | १३ | २२ | ६५ | १२४ | ४२ | ८२ |

## तालिका नं. ९

मा.वि. शिक्षक विवरण

| .मा.वि. शिक्षक | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| स्थायी | | | अस्थायी | रिक्त | राहत | शिक्षण सिकाइ अनुदान | गा.पा.अ. | कूल जम्मा | महिला | पुरुष |
| प्रथम | द्धितीय | तृतीय | | | | | | | | |
| ० | १ | ३० | ० | ० | ४ | ३३ | २४ | ८४ | १२ | ८० |

## तालिका नं. १०

शिक्षक विद्यार्थी अनुपात २०८१

| क.सं. | तह | समग्र | कैफियत |
|---|---|---|---|
| १ | बालविकास | १:१८ | |
| २ | प्राथमिक (१-५) | १:२० | |
| ३ | आधारभूत (६-८) | १:२८ | |
| ४ | मा.वि.(९-१२) | १:२४ | |

स्रोत : शिक्षा ,युवा तथा खेलकुद शाखा राप्ती सोनारी गाउँपालिका

## तालिका नं. ११

लैंगिक समता अनुपात

१. छात्र छात्रा अनुपात प्रतिशत

| क.सं. | तह | समग्र | कैफियत |
|---|---|---|---|
| १ | बालविकास | १.१५ | |
| २ | प्राथमिक (१-५) | १.०३ | |
| ३ | आधारभूत (६-८) | ०.९२ | |
| ४ | मा.वि.(९-१०) | ०.८९ | |
| ५ | मा.वि.(११-१२) | ०.७५ | |
| समग्र | | ०.९८ | |

**स्रोत : शिक्षा ,युवा तथा खेलकुद शाखा राप्ती सोनारी गाउँपालिका**

## तालिका नं. १२

महिला शिक्षक अनुपात प्रतिशत

| क.सं. | तह | समग्र | कैफियत |
|---|---|---|---|
| १ | बालविकास | १०० | |
| २ | प्राथमिक (१-५) | ४६.९ | |
| ३ | आधारभूत (६-८) | ३३.९ | |
| ४ | मा.वि.(९-१०) | १३.०४ | |
| ५ | मा.वि.(११-१२) | ७.१ | |
| समग्र | | ४०.२ | |

**स्रोत : शिक्षा ,युवा तथा खेलकुद शाखा राप्ती सोनारी गाउँपालिका**

**तालिका नं. १३**

प्राविधिक विद्यालय

| क.सं. | विद्यालयको नाम,ठेगाना | सञ्चालित धार | सुरु वर्ष | हालको विद्यार्थी संख्या | शिक्षक संख्या |
|---|---|---|---|---|---|
| १ | लक्ष्मी मा.वि.वडा नं. २ मदुई | बाली विज्ञान | २०७६ | १०९ | ९ |

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

### क) समस्या वृक्ष (Problem Tree) र विश्लेषण

राष्ट्रको आर्थिक, सामाजिक, सांस्कृतिक र पूर्वाधार विकासका लागि जनशक्तिको योगदान महत्वपूर्ण हुन्छ । देशमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । नेपाललाई समुन्नत , सम्बृध्द र सुखी बनाउने हाम्रो राष्ट्रिय आकाङ्क्षा र अठोट हो । सुशासनमार्फत सामाजिक न्याय र समृद्धि हासिल गर्न सकिन्छ । सामाजिक न्यायसहितको समृद्धिमा समाजवादी विशेषता अन्तर्निहित रहेको हुन्छ । सामाजिक न्याय स्थापित गर्दै हासिल भएको समृद्धि दिगो, समावेशी, समुन्नत एवम् अनुभूतियोग्य हुनेछ । यिनै आदर्शका साथ सोह्रौं योजनाले "सुशासन, सामाजिक न्याय र समृद्धि" को सोच राखेको छ । यसैगरी " समृध्द राप्ती सोनारीको आधार ,शिक्षा,स्वास्थ्य,कृषि,पर्यटन र दिगो पूर्बाधार " राप्ती सोनारी गाउँपालिकाको शिक्षा क्षेत्रको यस योजनाको दीर्घकालीन सोच हो । सिपमूलक, वैज्ञानिक, व्यावहारिक एवम् गुणस्तरीय शिक्षा समृद्ध नेपालको आधारशिला हो । मुलुकको सर्वाङ्गीण विकासको मूल आधार शिक्षा नै भएकाले गुणस्तरीय शिक्षामा सबै नागरिकको समतामूलक र न्यायोचित पहुँच स्थापित गर्नु आजको आवश्यकता हो ।

यस गाउँपालिकामा गुणस्तरीय, व्यवसायिक र जीवनोपयोगी शिक्षा प्रदान गर्ने सामुदायिक विद्यालयहरू विकास हुन सकेका छैनन् । समुदायको जनसङ्ख्याको आधारमा सामुदायिक विद्यालयको समानुपातिक वितरण हुन नसकेको अवस्था रहेको छ । यस पालिकाका अधिकांश विद्यालयमा विद्यार्थी शिक्षक अनुपात उपयुक्त बनाउनु पर्ने देखिन्छ भने विद्यार्थी सङ्ख्या अनुसार शिक्षकको व्यवस्था र विषयगत शिक्षकको व्यवस्था गर्नुका साथै तहगत प्र.अ.को व्यवस्था समेत

गर्नुपर्ने आवश्यकता रहेको छ । विद्यालय शिक्षामा सबै बालबालिकाहरूलाई पहुँच, सहभागिता र गुणस्तरको सुनिश्चितता गर्न नसक्नु, पाठ्यक्रमले तोके बमोजिमका सिकाइ उपलब्धिहरू हासिल गर्न नसक्नु, बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरणमा सुधार हुन नसक्नु, स्थानीय पाठ्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, विषयगत रूपमा र कक्षागत रूपमा शिक्षकहरूको दरबन्दी नहुनु, दुर्गम तथा भौगोलिक बनावटका कारण शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच नहुनु र प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरू उपलब्ध गराउन नसक्नु, वैकल्पिक सिकाइलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, उपयुक्त भौतिक पूर्वाधारको विकास गर्न नसक्नु, शिक्षालाई जागिरसँग मात्र जोड्नु आदिलाई शिक्षाक्षेत्रका प्रमुख समस्याका रूपमा उल्लेख गर्न सकिन्छ ।

**ख) शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण**

नेपालमा विद्यालय शिक्षा क्षेत्रका मुख्य चुनौतीहरूमा गुणस्तरीय शिक्षाको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु, विद्यालय नक्साङ्कन तथा समायोजन गर्न नसक्नु, प्रारम्भिक बालविकासमा चार बर्ष भन्दा कम उमेरका बालबालिकाहरु समावेश हुनु, आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोत व्यवस्था र संरचना तथा क्षमता विकास नहुनु , सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच हुन नसक्नु ,शिक्षक दरबन्दी व्यवस्थापन गर्नु, पाठ्यक्रम पाठ्यपुस्तक तथा मूल्याङ्कन प्रणालीमा सुधार गर्नु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु, विपद् व्यवस्थापन र वैकल्पिक शिक्षण सहजीकरण गर्नु, जीवनपर्यन्त सिकाइका अवसरहरू सुनिश्चित गर्नु, उपयुक्त भौतिक पूर्वाधारको निर्माण गर्नु, विद्यालय शिक्षामा सुशासन कायम गर्नु देखिन्छ ।

विद्यालयमा छात्रा मैत्री शौचालयको व्यवस्था, बाल तथा अपाङ्गमैत्री पूर्वाधारको व्यवस्था नभएका कारण प्रायः जसो विद्यालयमा वालमैत्री संरचना र सिकाई लागु हुन सकिरहेको छैन । विद्यालय छोड्ने दर दिनप्रति दिन बढ्नु, बालविकास केन्द्रहरूमा बालमैत्री सिकाई तथा खेलकुद र मनोरञ्जनको लागि पूर्वाधार र सुविधा उपलब्ध नहुनु, वडास्तरमा सामुदायिक सिकाइ केन्द्रको स्थापना हुन नसक्नु पनि चुनौतीको रूपमा रहेको देखिन्छ । आफ्ना बालबालिकाको शैक्षिक स्थितिका बारेमा अभिभावकहरूमा यथोचित चासो नभएका कारण विद्यार्थीमा शिक्षाप्रति

नकारात्मक सोच र अनुशासित विहीनता अवस्था समेत देखिन थालेको छ । विद्यालय व्यवस्थापन समिति तथा शिक्षकबिच सुझबुझ तथा समझदारी निर्माणमा कठिनाइ रहेको र प्रधानाध्यापक तथा शिक्षक बीच तहगत बेमेलका कारण शैक्षिक वातावरणमा सुधार गर्न चुनौती छ । शिक्षक तथा विद्यार्थीको नियमितता, विज्ञान प्रयोगशाला, कम्प्युटर, शिक्षक र सूचना प्रविधि साधनहरूको उपलब्धता, पुस्तकालयको अभाव, शैक्षिक सङ्ग्रहालय स्थापना नहुनु र अतिरिक्त क्रियाकलापमा नियमितताको कमीका कारण गुणस्तरीय शिक्षामा नकारात्मक प्रभाव परिरहेको छ । यसका साथै विद्यमान शिक्षा प्रणाली साक्षरता उन्मुख भएको तथा बजार र समयको माग अनुसारको जीवनोपयोगी, व्यावसायिक र रोजगारमूलक पाठ्यक्रम तथा शैक्षिक प्रणाली अनुसार पठनपाठन नहुँदा पढाइ छाड्नेहरूको सङ्ख्या बढेकै छ ।

यस गाउँपालिकामा गुणस्तरीय, व्यावसायिक र जीवनोपयोगी शिक्षा प्रदान गर्ने सामुदायिक विद्यालयहरू विकास हुन सकेको छैन । समुदायको जनसङ्ख्याको आधारमा सामुदायिक विद्यालयको समानुपातिक वितरण हुन नसकेको अवस्था रहेको छ । यस पालिकाका अधिकांश विद्यालयमा विद्यार्थी शिक्षक अनुपात उपयुक्त बनाउनु पर्ने देखिन्छ भने विद्यार्थी सङ्ख्या अनुसार शिक्षकको व्यवस्था गर्नु पर्ने आवश्यकता रहेको छ । विद्यालय शिक्षामा सबै बालबालिकाहरूलाई पहुँच, सहभागिता र गुणस्तरको सुनिश्चितता गर्न नसक्नु, पाठ्यक्रमले तोके बमोजिमका सिकाइ उपलब्धिहरू हासिल गर्न नसक्नु, बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरणमा सुधार हुन नसक्नु, स्थानीय पाठ्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, विषयगत रूपमा र कक्षागत रूपमा शिक्षकहरूको दरबन्दी नहुनु, दुर्गम तथा भौगोलिक बनावटका कारण शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच नहुनु र प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरू उपलब्ध गराउन नसक्नु, वैकल्पिक सिकाइको प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, उपयुक्त भौतिक पूर्वाधारको विकास गर्न नसक्नु, शिक्षालाई जागिरसँग मात्र जोड्नु आदिलाई शिक्षाक्षेत्रका प्रमुख समस्याका रूपमा उल्लेख गर्न सकिन्छ ।

**ग) अवसरहरू**

संघीय संरचनामा विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि स्थानीय तहलाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य तथा समन्वयको स्वरूप प्रारम्भ

भएको र तीनै तहबाट लगानी हुन सक्ने व्यवस्था रहेको, आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानुनी  तथा नीतिगत आधार तयार भएको, शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न सकिनु, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले शिक्षाका अधिकारहरू स्थानीय तहमा प्रदान गर्नु, तीनवटै सरकार तथा अन्य सङ्घसंस्थाहरूबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु, सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु, स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अवसर हुनु, स्थानीय तहमा शिक्षा क्षेत्रमा सङ्घसंस्थाहरूको  क्रियाशीलता हुनु, गुणस्तरीय शिक्षाप्रति अभिभावकहरूको मोह देखिनु, सकारात्मक लैङ्गिक समता सूचकाङ्क हुनु, शिक्षामा लगानीको लागि स्थानीय तहको प्रतिबद्धता हुनु र व्यापक लगानी हुनु, वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनु स्थानीय सरकारलाई रासी सोनारीका नागरिकहरूको सहयोग, समर्थन र सहकार्य हुनु शिक्षाक्षेत्रको अवसरका रूपमा लिन सकिन्छ ।

**सबल पक्षहरु**

यस रासी सोनारी गाउँपालिकालाई शैक्षिक स्तरमा गतिवान बनाउनका लागि स्थानीय सरकार गठन भएपश्चात् शिक्षा क्षेत्रमा गरिएका प्रयासहरु देहाय बमोजिम रहेका छन् ।

१. विद्यालय तथा मदरसाहरुमा भौतिक पूर्वाधार निर्माण ।
२. माध्यमिक तहमा छात्राहरुको सहभागिता वृद्धि गरी टिकाउ दर बढाउने प्रयास गरिएको।
३. विद्यार्थीहरुको विद्यालयमा पहुँच वृद्धि गर्नका लागि स्कुल बसको व्यवस्था गरिएको ।
४. विद्यालयमा खेलकुदमा सहभागिता तथा प्रतिभा पहिचान गर्नका लागि गाउँपालिका अध्यक्ष कप तथा राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता तथा उपाध्यक्ष कप कराते प्रतियोगिताहरुका सञ्चालनलाई व्यवस्थित र परिमार्जित गरिएको ।
५. पूर्व प्राथमिक कक्षादेखि कक्षा ३ सम्म कक्षा कोठा सवलीकरण तथा छापामय कक्षाकोठा निर्माण गरिएको ।
६. समुदायमा आधारित केहि बालविकास केन्द्रहरुलाई विद्यालयमा मर्ज गरिएको
७. कक्षा १० मा मक टेष्ट परीक्षा तथा कक्षा ८ मा पालिकास्तरीय परीक्षा सञ्चालन गरिएको
८. स्थानीय पाठ्यक्रम तयार गरी लागु गरिएको ।
९. शिक्षकको क्षमता विकासका लागि तालिम सञ्चालन गरिएको ।
१०. निःशुल्क स्यानिटरी प्याड वितरण गरिएको ।
११. शिक्षक कमी भएका विद्यालयहरुमा गाउँपालिकाद्वारा थप शिक्षकको व्यवस्था गरिएको

१२.शैक्षिक क्यालेण्डर निर्माण गरी सोही अनुसार शैक्षिक गतिविधिमा एकरुपता कायम गरिएको ।

१३.दिवा खाजाको व्यवस्था गरिएको ।

१४.विद्यालयहरुलाई स्वास्थ्य सामग्रीहरु प्रदान गरिएको ।

१५.वाइफाइ जडानको व्यवस्था गरिएको ।

१६.विद्यालय तथा मदरसाहरुमा शाखाबाट निरन्तर सुपरीवेक्षणमार्फत पृष्ठपोषण तथा आवश्यक अन्य प्राविधिक सहयोग प्रदान गरिएको ।

१७.५ वटा विद्यालयहरुमा विद्यालय नर्शको व्यवस्था गरिएको ।

शिक्षा विकासको मेरुदण्ड हो । भोलिको समाज कस्तो बनाउने भन्ने कुराको दिशा निर्देश शिक्षालेनै गर्ने भएकाले राप्ती सोनारी गाउँपालिकालाई आफ्नो पहिचान बनाउन सक्ने गाउँपालिकाको रुपमा स्थापित गर्नका लागि यस योजनामा देहायका कार्यक्रमहरु समेटिएको छ ।

१. माध्यमिक तह निशुल्क तथा आधारभूत तह अनिवार्य तथा निशुल्क बनाउने।
२. विद्यालय तहको शिक्षालाइ जीवनउपयोगी, ब्यवहारिक र सीपमूलक बनाउने ।
३. विद्यार्थीहरुलाइ स्थानिय परिवेश, भाषा सँस्कृति र परम्परागत ज्ञान प्रति अभिमूख गराउने।
४. शिक्षाको वैकल्पीक माध्यमबाट आमनागरिकहरुलाइ जीवनपर्यन्त सिकाइको अवसर प्रदान गर्ने।
५. माग तथा आवाश्यकतामा आधारमा ब्यवसायिक तालिम तथा प्राविधिक शिक्षा प्रदान गर्ने।
६. अनौपचारिक तथा निरन्तर सिकाइको माध्यमबाट कार्यपरक शिक्षा उपलब्ध गराउने ।
७. वित्तिय तथा डिजिटल साक्षरताका कार्यक्रमहरु संचालन गर्ने ।

## परिच्छेद २ :
## दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

योजना भनेको आगतको अवस्थालाई हेर्ने एक रचनात्मक कला हो । योजनाको यही विशेषताका आधारमा यस परिच्छेदमा अवको पाँच वर्षमा शैक्षिक क्षेत्रमा पुग्न सकिने रासी सोनारी गाउँपालिकाको शिक्षाको सुन्दर गन्तब्यलाई अनुमान गरिएको छ ।

### २.२ दूरदृष्टि

**सामाजिक न्यायका लागि गुणस्तरीय शिक्षा रासी सोनारीको समृध्दि हाम्रो सदिक्षा ।**

### २.३ लक्ष्य

आधुनिक प्रविधियुक्त शिक्षाको लागि पूर्वाधार सम्पन्न विद्यालय र शिक्षाका विभिन्न सूचाङ्कहरुलाई समेट्दै समतामूलक पहुँच सहितको गुणस्तरिय शिक्षामा अभिवृद्धि गरि विश्व परिवेशमा प्रतिशपर्धी नागरिक तयार गर्ने ।

### २.४ उद्देश्य

यस योजनाको मूख्य उद्देश्य शिक्षालाई अधिकारको रुपमा स्थापित गरी मानव मूल्यमा आधारित गुणस्तरीय विद्यालय शिक्षामा सबैको सहज पहुँच, सहभागिता र निरन्तरताको सुनिश्चिततासहित समावेशिताको प्रवर्धधन गरी शिक्षित जनशक्ति निर्माण गर्नुका साथै दीर्घकालीन सोच र लक्ष्यलाई पूरा गर्नका लागि निम्नलिखित उद्देश्यहरु निर्धारण गरिएको छन ।

१. सबै बालवालिकाहरुका लागि गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अवसर सुनिश्चित गर्नु ।
२. आधारभूत शिक्षामा सबैको सहज एवम समतामुलक पहुँच र निरन्तरता सुनिश्चित गर्दै सर्वव्यापी, जीवनपयोगी, प्रतिस्पर्धी एवम् गुणस्तरयुक्त अनिवार्य तथा निशुल्क शिक्षाको प्रत्याभुति गर्नु ।
३. माध्यमिक शिक्षालाइ निशुल्क, समतामूलक पहुँच र गुणस्तरिय बनाइ उच्च शिक्षाको आधार तयार गर्ने ।
४. प्राविधिक तथा व्यावसायिक शिक्षामा सबै वर्गको पहुँच सुनिश्चित गरी प्राविधिक शिक्षाको सहज अवसर उपलब्ध गराउनु ।
५. निरन्तर तथा जीवनपर्यन्त सिकाइका अवसरहरु प्रदान गर्ने ।
६. शैक्षिक प्रणाली ब्यवस्थापनमा सूचना प्रविधियुक्त बनाउने।
७. सबै बालवालिकाहरुलाई बालमैत्री वातावरणमा शिक्षण सिकाईमा सहभागी गराउने ।

८. विद्यालय तहको शिक्षालाइ स्थानीय मुल्य मान्यता, भाषा सस्कृति र परम्परागत प्रविधि र सिप विकासको आधारशिला तयार गर्ने।

९. सबै विद्यालयहरुमा शैक्षिक सुशासनको प्रवर्द्धन गरी बालवालिकाको सिकाईप्रति उत्तरदायी प्रणालीको विकास गर्नु ।

१०.गाँउपालिका भित्र सबै विद्यालयहरुमा आपत्कालिन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु ।

## २.५ रणनीति

उल्लेखित उद्देश्यहरु पूरागर्न देहाय बमाजिमका रणनीतिहरु तय गरिएको छ ।

| उदेश्य नं | क्र.स. | रणनितिहरू |
|---|---|---|
| १ | १.१ | उपयुक्त पूर्वाधारसहितको बालमैत्री वातावरण सुनिश्चित गरी प्रारम्भिक बालविकासको अवसर विस्तार गर्ने। |
| | १.२ | न्यूनतम मापदण्ड र ढाँचा अनुसार प्रारम्भिक बालविकास केन्द्रहरुलाई स्थापना र व्यवस्थापन गर्ने। |
| | १.३ | भौगोलिक अवस्था, जनसंख्याको वितरण र वसाइ सराइको प्रबृतीको आधारमा वाल विकास केन्द्रलाई स्थानान्तरण तथा समायोजन गर्ने। |
| | १.४ | बालविकास केन्द्रमा न्यूनतम सिकाई सामग्री र सुचना तथा संचार प्रविधि सहितको कक्षाकोठा व्यवस्थापन गर्ने। |
| | १.५ | वालविकास शिक्षकको शैक्षिक योग्यतालाइ पुनरावलोकन गर्ने । |
| | १.६ | भौगोलिक नक्साङ्कनको आधारमा विद्यालय स्थापना, समायोजन तथा पुनः वितरण गरी सबै बालवालिकाको आधारभूत शिक्षामा पहुँच र सहभागिताको सुनिश्चित गर्ने। |
| २ | २.१ | आधारभूत तहमा विद्यार्थी संख्या, विषयगत आवश्यकता र शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक ब्यवस्थापन गर्ने । |
| | २.२ | संघ र प्रदेश तहको सहकार्य र समन्वयमा विद्यालयहरुको भौतिक पूर्वाधार, मानव संसाधन ब्यवस्थापन गर्ने । |
| | २.३ | भर्ना भएका सबै बालबालिकहरुलाई विद्यालयमा टिकाइ राख्ने वातावरण सृजना गर्ने । |

| | | |
|---|---|---|
| | २.४ | विद्यालयको लागत विश्लेषणको आधारमा विद्यालय तहको सम्पूर्ण लगानीमा स्थानीय तहलाई जिम्मेवार बनाइ आधारभूत तहलाई निशुल्क गर्ने । |
| ३ | ३.१ | भौगोलिक नक्साङ्कनको आधारमा विद्यालय स्थापना, समायोजन तथा पुनः वितरण गरी सबै बालवालिकाको माध्यमिक शिक्षामा पहुँच र सहभागिताको सुनिश्चित गर्ने। |
| | ३.२ | माध्यमिक तहमा विद्यार्थी संख्या, विषयगत आवश्यकता र शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक ब्यवस्थापन गर्ने । |
| | ३.३ | संघ र प्रदेश तहको सहकार्य र समन्वयमा विद्यालयहरुको भौतिक पूर्वाधार, मानव संसाधन ब्यवस्थापन गर्ने । |
| | ३.४ | भर्ना भएका सबै बालबालिकहरुलाई विद्यालयमा टिकाइ राख्ने वातावरण सृजना गर्ने । |
| | ३.५ | विद्यालयको लागत विश्लेषणको आधारमा विद्यालय तहको सम्पूर्ण लगानीमा स्थानीय तहलाई जिम्मेवार बनाई माध्यमिक तहलाई निशुल्क गर्ने । |
| | ३.६ | माध्यमिक तहलाइ ब्यवहारिक तथा जीवनउपयोगी बनाउन पढ्दै कमाउदै र कमाउदै पढ्दै वातावरण तयार गर्ने |
| ४ | ४.१ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाइ माग र आवश्यकताको आधारमा पहुँच तथा समतामूलक सहभागिता सुनिश्चित गर्ने। |
| ५ | ५.१ | वैकल्पिक प्रणाली सहजिकरण गर्न सामुदायिक सिकाई केन्द्रहरुको पुनर्वितरण तथा कार्यक्षमतामा सबलीकरण गर्ने । |
| | ५.२ | निरन्तर तथा जीवनपर्यन्त सिकाइलाई सुनिश्चित गर्न आधुनिक सूचना प्रविधिको उपयोग गर्ने । |
| | ५.२ | अनौपचारिक तथा निरन्तर शिक्षामा निजि तथा गैह्रसरकारी संघ संस्था संग सहकार्य गर्ने । |
| ६ | ६.१ | शैक्षिक सूचना ब्यवस्थापन प्रणालीलाइ आधुनिक सूचना प्रविधि संग जोडी एकीकृत गर्ने । |
| ७ | ७.१ | विद्यालय शिक्षालाई समावेशी, समतामूलक, दण्डरहित, बिभेदरहित र भयमुक्त वातावरण सृजना गरि वालमैत्री विद्यालय बनाउने । |
| | ८.१ | स्थानीय तहमा निर्माण गरिने पाठ्यक्रम तथा पाठ्यपुस्तकलाइ स्थानीय परिवेश, भाषा |

| | | |
|---|---|---|
| ८ | | सस्कृति मूल्यमान्यता र आवश्यकता अनुकूल बनाउने । |
| ९ | ९.१ | विद्यार्थीको नतिजा प्रति शिक्षकलाइ जवाफदेही बनाउने । |
| | ९.२ | विद्यालय ब्यवस्थापन तथा संचालनमा सरोकारवाला तथा समूदायको संलग्नता अभिबृद्धि गर्ने । |
| | ९.२ | निजी लगानीमा संचालित शैक्षिक सस्थाहरुलाई सेवामूलक बनाउने |
| १० | १०.१ | विद्यालयमा हुन सक्ने विपद तथा जोखिमहरु न्यूनिकरणका लागि पूर्ब तयारी प्रतिकार्य तथा पूनस्थापन गर्ने । |
| | १०.२ | आपतकालीन अबस्थामा शैक्षिक क्रियाकलापको निरन्तरता र बैकल्पीक माध्यमहरु पहिचान गर्ने । |
| | १०.३ | सुरक्षित विद्यालय तथा विद्यालय शान्ति क्षेत्र स्थापना गर्ने । |

## २.६ कार्यनीति

| **कार्यनितिहरु** | **रणनीति नँ** |
|---|---|
| विद्यालयको सेवा क्षेत्र निर्धारण गरि सेवा क्षेत्रमा रहेका सम्पूर्ण वालवालिकालाइ वालविकास केन्द्रमा भर्ना गर्ने ।<br>वालविकास केन्द्रमा खेल, सिकाई तथा मनोरञ्जनका समाग्री ब्यवस्थापन गर्ने । | १.१ |
| समूलायको आवश्यकताको आधारमा नयाँ वालविकास केन्द्रको स्थापना गर्ने ।<br>वालविकास केन्द्रको कक्षा संचालनको न्यूनतम भौतिक मापदण्ड निर्माण गरि कार्यान्वयन गर्ने । | १.२ |
| भौगोलिक कठिनाई, वालवालिका वालविकास केन्द्र सम्म पुग्न लाग्ने समयको आधारमा समायोजना तथा स्थानान्तरण गर्ने ।<br>प्रत्येक विद्यालयमा कम्तीमा एउटा वालविकास केन्द्रको सुनिश्चितता गर्ने । | १.३ |
| प्रत्येक वालविकास केन्द्रमा न्यूतम मापदण्ड बमोजिमका सिकाई सामाग्री उपलब्ध | १.४ |

| | |
|---|---|
| गराउने ।<br><br>प्रत्येक वालविकास केन्द्रमा स्मार्ट टिभि लगाएत सूचना प्रविधिका सामाग्रीहरुको ब्यवस्थापन गर्ने । | |
| वालविकास शिक्षकको न्यूनतम शैक्षिक योग्यता क्रमश रुपमा प्रविणता प्रमाणपत्र तह बनाउने<br><br>वालविकास शिक्षकहरुलाइ माग तथा आवश्यकताका आधारमा पेशागत विकास तालिम तथा पूनताजगी तालिम उपलब्ध गराउने । | १.५ |
| जनसंख्या वितरण वसाईसराईको प्रविधि तथा भौगोलिक दुरीका आधारमा विद्यालय मिलान | १.६ |
| विद्यालयको सेवा क्षेत्र निर्धारण गर्ने | |
| GIS लोकेसन सर्वेक्षण गर्ने | |
| सम्पूर्ण सरोकारवालासँग छलफल तथा सहकार्य गर्ने | |
| विद्यालयको विषयगत दरवन्दी तेरिज कायम गर्ने | २.१ |
| दोहोरिएका विषयको स्थानान्तरण गर्ने | |
| विषयगत रुपमा शिक्षक दरवन्दी कम भएमा गाउँपालिकाले थप शिक्षक व्यवस्थापन अनुदान उपलव्ध गराउने | |
| विद्यार्थी संख्या, विषयगत आवश्यकताका आधारमा दरवन्दी मिलान गर्ने | |
| स्थानीय आवश्यकता र प्राथमिकताको आधार स्रोत तथा जनशक्ति व्यवस्थापनमा सहकार्य गर्ने | २.२ |
| विद्यालय भवन, कक्षाकोठा जस्ता भौतिक पूर्वाधार वितरण गर्दा स्थानीय तहको सिफारिस तथा निर्णयको आधारमा गर्ने | |
| विद्यालयको सिकाइ क्रियाकलापलाई वालमैत्री वनाउने | २.३ |

| | |
|---|---|
| दिवा खाजा, नियमित स्वास्थ्य परीक्षण जस्ता कार्यक्र नियमित र समयवद्द रुपमा संचालन गर्ने | |
| अभिभावक सचेतनामुलक अभिभावक शिक्षा कार्यक्रम संचालन गर्ने | |
| कमजोर आर्थिक अवस्थाका कारण विद्यालय छोड्ने अवस्थालाई न्यूनीकरण गर्न छात्रवृत्ति तथा आर्थिक सहयोगको कार्य गर्ने | |
| शैक्षिक लगानीको एकिन गरि विद्यालयमा खर्च हुने परिक्षा, पानी तथा विद्युत महसुल गाउँपालिकाले उपलव्ध गराउने | २.४ |
| शिक्षक व्यवस्थापनमा शिक्षण सहयोग उपलव्ध गराउने | |
| जनसंख्या वितरण वसाईसराईको प्रविधि तथा भौगोलिक दुरीका आधारमा विद्यालय मिलान | ३.१ |
| विद्यालयको सेवा क्षेत्र निर्धारण गर्ने | |
| GIS लोकेसन सर्वेक्षण गर्ने | |
| सम्पूर्ण सरोकारवालासँग छलफल तथा सहकार्य गर्ने | |
| स्थानीय आवश्यकता तथा युवाहरुको माग अनुसारका छोटा तथा सिपमुलक तालिम संचालन गर्ने | ४.१ |
| विद्यालयमा कक्षा ११ र १२ अध्ययनरत विद्यार्थीका लागि सिम मूलक कार्यक्रम संचालन गर्ने | |
| विशेष तथा कठिन समूहका युवाहरुलाई मागमा आधारित कार्यक्रम संचालन गर्ने | |
| सामुदायिक सिकाइ केन्द्रको वडा क्षेत्र विभाजन गर्ने | ५.१ |
| सामुदायिक सिकाइ केन्द्रका सहजकर्ता र पदाधिकारीहरुको क्षमता विकास गर्ने | |
| सामुदायिक सिकाई केन्द्रलाई सूचना प्रविधियुक्त वनाउने | |

| | |
|---|---|
| निरन्तर शिक्षा जीवन पर्यन्त शिक्षाको लागि सामुदायिक पुस्तकालय स्थापना गर्ने | |
| सिकाइका लागि मोवाइल एप्स, भिडियो सामग्री, अडियो सामग्रीहरु समुदायस्तरमा पुर्याउने | ५.२ |
| गैर सरकारी संस्था तथा समुदायमा आधारित संस्थालाई कार्यमूलक तथा दैनिक जीवनमा आधारित अनौपचारिक शिक्षा संचालन गर्ने | ५.३ |
| शैक्षिक सूचना प्रणालीको सुचनालाई आवश्यकता अनुसार खण्डिकृत गर्ने | ६.१ |
| विद्यालयको समग्र शैक्षिक व्यवस्थापनमा इमिस मा आधारित बनाउने | |
| इमिस लाइ तथ्य परक र वस्तुपरक वनाउने | |
| स्थानीय राजनितिक दल तथा सरोकारवालाको सहकार्यमा विद्यालय शान्ति क्षेत्र घोषणा गर्ने | ७.१ |
| विद्यालयको भौतिक संरचना तथा सिकाइ क्रियाकलापहरुलाई वालमैत्री बनाउने | |
| दण्ड तथा विभेदरहित विद्यालय घोषणा गर्ने | |
| सवैलाई सम्मान विद्यालयको बढ्छ मान भन्ने कार्यक्रम संचालन गर्ने | |
| शिक्षक तालिम मार्फत शिक्षकको क्षमता विकास गर्ने | |
| स्थानीय पाठ्यक्रमलाई समसामयिक परिमार्जन गर्ने | ८.१ |
| कक्षा १ देखि ८ सम्म प्रत्येक विद्यार्थीलाई स्थानीय पाठ्यक्रम उपलब्ध गराउने | |
| स्थानीय विषयवस्तुको जानकारीको लागि क्षेत्र भ्रमण तथा परियोजनामा आधारित क्रियाकलाप संचालन गर्ने | |
| विद्यार्थीको नतिजाको आधारमा शिक्षकलाई दण्ड र पुरष्कारको व्यवस्था गर्ने | ९.१ |
| उत्कृष्ट शिक्षकलाई सम्मान गर्ने | |
| विद्यार्थीको सिकाइ हाम्रो पेशाको आधार भन्ने कार्यक्रम संचालन गर्ने | |

| | |
|---|---|
| शिक्षक डायरी, दैनिक सिकाइ योजनालाई अनिवार्य गर्ने | |
| कक्षा कोठामा शिक्षक समयलाई सिकाईको आधार बनाउने | |
| शिक्षक अभिभावक संघ, विद्यालय व्यवस्थापन समिति तथा अभिभावकलाई नियमित विद्यालयमा उपस्थित हुने वातावरण तयार गर्ने | |
| सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई तथा अभिभावक भेटघाट कार्यालई नियमवद्ध तथा समयवद्द गराउने | |
| हाम्रा वालवालिका राम्रो विद्यालय कार्यक्रम संचालन गषर्ने | |
| अभिभावक शिक्षा कार्यक्रम संचालन गर्ने | |
| नीजि लगानिमा संचालन भएका विद्यालयलाई सामाजिक उत्तरदायित्व अन्तर्गत सामुदायिक विद्यालयसँग सहकार्य गराउने | ९.३ |
| विद्यार्थी शुल्क लगायत अन्य शुल्कको विवरण लागतमा आधारित बनाउने | |
| शिक्षक तथा कर्मचारीको तलव भत्ता नेपाल सरकारले तोके बमोजिम बनाउने | |
| विद्यालयको भौतिक संरचना तथा अन्य पुर्वाधार वालमैत्री बनाउने | |
| छात्रवृत्ति कम्तिमा १० प्रतिशत पुर्याउनुको साथै वितरणलाई पारदर्शी बनाउने | |
| संस्थागत विद्यालयको सेवा क्षेत्र निर्धारण गर्ने | |
| विद्यालयमा सुरक्षित, खुला स्थान पहिचान गर्ने | १०.१ |
| संरचनागत जोखिम तथा गैरसंरचनात्मक जोखिमहरु पहिचान गरि सुधार गर्ने | |
| विपद् पूर्व तयारी, पुर्व सुचना प्रणली तथा अभ्यास जस्ता कार्य संचालन गर्ने | |
| विद्यालयका संरचनाहरुलाई उत्थानशील तथा विपद् प्रतिरोध बनाउने | |
| अन्य सरोकारवाला निकायसँग सहकार्य गर्ने | |
| प्राथमिक उपचार सामग्री तथा अन्य खोज उद्दार सामग्रीहरु व्यवस्था गर्ने | |

| | |
|---|---|
| स्थानीय पाठ्यक्रम तथा अन्य शिक्षण क्रियाकलापमा विपद् तथा विपद् जोखिमका विषयवस्तु समेटेर शिक्षण गर्ने | |
| आपत कालिन अवस्थामा विद्यालयलाई आश्रय स्थलको रुपमा प्रयोग नगर्ने | १०.२ |
| आपतकालिन समयमा सुचना प्रविधिको उपयोगबाट शिक्षण सिकाई क्रियाकलाप संचालन गर्ने | |
| अभिभावक शिक्षा, घुम्ती शिक्षा, रेडियो शिक्षा जस्ता कार्यक्रम संचालन गर्ने | |
| घरमै अध्ययन गर्न नमिल्ने सामग्री व्यवस्था गर्ने | |

## २.७ अपेक्षित उपलब्धि

१. सबै बालबालिकाहरूलाई गूणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसरसुनिश्चित भएको हुने छ ।

२. सबै बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित भएको हुने छ

३. मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सिप र दृष्टिकोण तथा व्यवहारहरू आर्जन गरेका सक्षम जनशक्ति उत्पादन भएको हुनेछ ।

४. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान,सिप र अभिवृत्तिको विकास भई सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार भएको हुनेछ ।

५. गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित भएको हुनेछ ।

६. सबै निरक्षरहरू पूर्ण साक्षर भई नागरिकको जीवनस्तरमा सुधार भएको हुनेछ ।

७. उत्पादनशील जनशक्तिलाई आवश्यकताअनुसारका व्यावसायिक तथा पेसागत क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल हुने गरी सिपमूलक शिक्षा र तालिम उपलब्ध गराई जनताको आर्थिक स्तरमा सुधार आएको हुनेछ ।

८. कक्षामा सबै वर्ग, क्षेत्रका बालबालिकाको सामाजिक न्याय, पहुँच र प्रतिनिधित्वका लागि आर्थिक, सामाजिक तथा शारीरिक रूपमा कमजोर बालबालिकाहरूको पहुँच अभिवृद्धि गरी उनीहरू सशक्त, स्वतन्त्र र मर्यादित जीवन यापन गर्न सक्षम बनेका हुनेछन् ।

९. उपलब्धिमा सुधार गर्नका लागि सिकाइमा सहभागिता बढाउन स्वास्थ्य र पोषणको अवस्थामा सुधार आएको हुनेछ ।

१०. विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुगेको हुनेछ ।

११. सबै विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री रसुरक्षित विद्यालय पूर्वाधारको विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग पुगेको हुनेछ ।

१२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगले विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार आई गुणस्तरीय शिक्षाको प्रवर्द्धन भएको हुनेछ ।

१३. स्थानीय तहको शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ बनाइ नतिजामुखी शिक्षा व्यवस्थापनको प्रबर्धन भएको हुनेछ ।

## २.८ स्थानीय तहको शिक्षा योजनामा रहनुपर्ने मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.स. | सुचकहरु | सूचकको तह | आधार बर्ष २०८० को अवस्था | कैफियत | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८१ | ०८३ | ०८५ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
| **१. प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकासमा कूल भर्नादर | स्थानीय तह | १०५.९ | १०३.५० | १०१.५० | १०० | | |
| | | प्रदेश | ८२.४ | | | | | |
| | | राष्ट्रिय | ९९.९ | | | | | |
| १.२ | प्रारम्भिक बालविकासमा खुद भर्नादर | स्थानीय तह | ७९.१ | ८३.१० | ९४ | १०० | | |
| | | प्रदेश | ६६.३ | | | | | |
| | | राष्ट्रिय | ७०.६ | | | | | |
| १.३ | विद्यार्थी शिक्षक अनुपात | स्थानीय तह | १:३४.४८ | १:३२ | १:२८ | १:२५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| १.५ | बाल विकासको अनुभव लिइ कक्षा १ मा भर्ना हुने विद्यार्थी | स्थानीय तह | ८४.४ | ८७.५० | ९५.५० | १०० | | |
| | | प्रदेश | ६३.२ | | | | | |
| | | राष्ट्रिय | ७६.९ | | | | | |
| **२. आधारभूत तह (कक्षा १-५)** | | | | | | | | |
| २.१ | कक्षा १ मा कूल नयाँ भर्नादर | स्थानीय तह | १०९.५ | १०७.५० | १०५.०० | १०३.५० | | |
| | | प्रदेश | १३६.७ | | | | | |
| | | राष्ट्रिय | ११५.९ | | | | | |
| २.२ | कक्षा १ मा खुद नयाँ भर्नादर | स्थानीय तह | ९६.० | ९७.० | ९८.० | ९९.० | | |
| | | प्रदेश | ९५.६ | | | | | |
| | | राष्ट्रिय | ९५.७ | | | | | |
| २.३ | कूल भर्ना दर (कक्षा १-५) | स्थानीय तह | ११९.९ | ११५.७५ | ११०.०० | १०५.०० | | |
| | | प्रदेश | १४७.१ | | | | | |
| | | राष्ट्रिय | १२४.८ | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.४ | खूद भर्ना दर (कक्षा १-५) | स्थानीय तह | ९५.३ | ९७.०० | ९८.०० | ९९.०० | | |
| | | प्रदेश | ९५.२ | | | | | |
| | | राष्ट्रिय | ९५.६ | | | | | |
| २.५ | विद्यार्थी शिक्षक अनुपात | प्रतिशत | १:२० | | | | | |
| २.६ | महिला शिक्षक प्रतिशत | | ४६.९२ | | | | | |
| २.७ | कक्षा ५ मा उत्तीर्ण दर | स्थानीय तह | ९०.० | ९३.० | ९६.० | ९९.० | | |
| | | प्रदेश | ९१.८ | | | | | |
| | | राष्ट्रिय | ८९.४ | | | | | |
| २.८ | कक्षा ५ मा कक्षा दोहोऱ्याउने दर | स्थानीय तह | ३.६ | ३.०० | २.०० | १.०० | | |
| | | प्रदेश | ३.२ | | | | | |
| | | राष्ट्रिय | ५.१ | | | | | |
| २.९ | कक्षा ५ मा कक्षा छोड्ने दर | स्थानीय तह | २.७ | २.०० | १.५० | ०.०० | | |
| | | प्रदेश | २.० | | | | | |
| | | राष्ट्रिय | २.५ | | | | | |
| **३. आधारभूत तह (कक्षा १-८)** | | | | | | | | |
| ३.१ | कूल भर्ना दर (कक्षा १-८) | स्थानीय तह | ११८.८ | ११५.०० | ११०.०० | १०५.०० | | |
| | | प्रदेश | १३६.४ | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ३.२ | खूद भर्ना दर (कक्षा १-८) | स्थानीय तह | ९५.५ | ९७.५० | ९९.०० | १०० | | |
| | | प्रदेश | ९४.९ | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ३.३ | विद्यार्थी शिक्षक अनुपात (कक्षा ६-८) | स्थानीय तह | १:२८ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ३.४ | महिला शिक्षक प्रतिशत ( कक्षा ६-८ ) | स्थानीय तह | ३३.६८ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ३.५ | कक्षा ६-८ मा | स्थानीय तह | ९०.० | ९२.५० | ९५.० | ९८.० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्तीर्ण दर | प्रदेश | ८७.३ | | | | | |
| | | राष्ट्रिय | ८८.२ | | | | | |
| ३.६ | कक्षा ६-८ मा कक्षा दोहोऱ्याउने दर | स्थानीय तह | ३.८ | २.५० | १.७५ | १.०० | | |
| | | प्रदेश | ६.३ | | | | | |
| | | राष्ट्रिय | ५.२ | | | | | |
| ३.७ | कक्षा ६-८ मा कक्षा छोड्ने दर | स्थानीय तह | ३.० | २.० | १.५० | १.०० | | |
| | | प्रदेश | २.९ | | | | | |
| | | राष्ट्रिय | २.८ | | | | | |
| **४. माध्यमिक तह (कक्षा ९-१२)** | | | | | | | | |
| ४.१ | कूल भर्ना दर | स्थानीय तह | ७१.८ | ७५.०० | ८०.०० | ८५.०० | | |
| | | प्रदेश | ७७.३ | | | | | |
| | | राष्ट्रिय | ८३.२ | | | | | |
| ४.२ | खूद भर्ना दर | स्थानीय तह | ५६.७ | ६२.०० | ६७.०० | ७२.०० | | |
| | | प्रदेश | ५५.२ | | | | | |
| | | राष्ट्रिय | ५६.८ | | | | | |
| ४.३ | विद्यार्थी शिक्षक अनुपात | स्थानीय तह | १:२४ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ४.४ | महिला शिक्षक प्रतिशत | स्थानीय तह | १३.२६ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ४.५ | कक्षा १२ मा उत्तीर्ण दर | स्थानीय तह | ९६.२ | ९७.०० | ९८.०० | ९९.०० | | |
| | | प्रदेश | ९७.६ | | | | | |
| | | राष्ट्रिय | ९७.१ | | | | | |
| ४.६ | कक्षा १२ मा कक्षा दोहोऱ्याउने दर | स्थानीय तह | ०.० | ३.० | २.० | १.० | | |
| | | प्रदेश | ०.९ | | | | | |
| | | राष्ट्रिय | ०.९ | | | | | |
| ४.७ | कक्षा १२ मा कक्षा छोड्ने दर | स्थानीय तह | ०.० | ०.० | ०.० | ०.० | | |
| | | प्रदेश | ०.१ | | | | | |
| | | राष्ट्रिय | ०.२ | | | | | |

| ५. शिक्षासंग सम्बन्धित अन्य सूचकहरु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५.१ | छात्रवृत्ती पाउने विद्यार्थी सङ्ख्या | स्थानीय तह | ४८९७ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ५.२ | साक्षरता दर | स्थानीय तह | ७४.९७ | ७८.०० | ८२.०० | ८७.०० | | |
| | | प्रदेश | ७८.०८ | | | | | |
| | | राष्ट्रिय | | | | | | |

## परिच्छेद ३ : शिक्षाका मुख्य उपक्षेत्र

यस परिच्छेदमा शिक्षा क्षेत्रसँग सम्बन्धित मुख्य मुख्य उपक्षेत्रहरु समावेश गरिएका छन्। योजनाका सबै प्रमुख उपक्षेत्रहरु यस परिच्छेद अन्तर्गत समेटिने भएएकाले पनि यो परिच्छेद एक महत्त्वपूर्ण परिच्छेद हो । यस उपक्षेत्र अन्तर्गत प्रारम्भिक बालविकास र शिक्षा, आधारभुत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक तालिम र शिक्षा, अनौपचारिक शिक्षा, साक्षरता, निरन्तर र जिवनपर्यन्त सिकाइ को वर्तमान अवस्थाको समीक्षा गरी सम्बन्धित उपक्षेत्रको विकासको निमित्त अवलम्बन गर्नुपर्ने उद्देश्य तथा रणनीतिहरूको विस्तृतीकरण गरि समेटिएको छ । यस परिच्छेदमा समावेश गरिएका उपक्षेत्रहरुलाई वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि तथा नतिजा, र मुख्य क्रियाकलाप तथा लक्ष्य निर्धारण गरी ५ वटा उपशिर्षकमा विभाजन गरि विश्लेषण गरिएको छ । तथ्याङ्कको विश्लेषण गर्दा तथा नतिजा उल्लेख गर्दा सँख्यामा विश्लेषण गरी आवश्यकता अनुसार प्रतिशतमा पनि राखिएको छ ।

नेपालको संविधानले निर्देशित गरेको दृष्टिकोण, मौलिक अधिकार, नीति, संरचना इत्यादि, शिक्षासम्बन्धि नीति, विभिन्न शिक्षा तथा अधिकारसम्बन्धि कानुनी प्रबन्ध, संयुक्त राष्ट्र संघीय दिगो विकासका लक्ष्य तथा दिगो विकासको लक्ष्य नं.४ सम्बन्धि नेपालको कार्ययोजना, अन्तर्राष्ट्रिय सन्धि, सम्झौता तथा नेपालका प्रतिबद्धता, नेपालको सोह्रौं योजना, स्थानीय सरकार सञ्चालन ऐनका सम्बन्धित पक्षलाई यस योजनाका प्रमुख सन्दर्भका रुपमा लिइएको छ। त्यसै गरी हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रमलगायत विद्यालय शिक्षाको हालसम्मको प्रगति तथा अन्तरका आधारमा क्षमताको आँकलन गरिएको छ भने विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को कार्यान्वयनका लागि आवश्यक संरचना तथा तयारीलाई पनि क्षेत्रगत योजना निर्माणको एउटा महत्त्वपूर्ण आधार मानिएको छ ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ वर्तमान अवस्था

कक्षा १ मा भर्ना गर्ने उमेर नपुगेका बालबालिकाहरुका लागि विद्यालयले शिशु कक्षाको व्यवस्था गर्ने प्रचलन पहिले देखि नै रहेको भएतापनि २०५६ सालमा तत्कालिन शिक्षा विभागले समुदायमा आधारित बाल विकास कार्यक्रम सुरु गरे पछि नेपालमा सरकारी स्तरबाट बाल विकास र शिक्षा सुरुवात भएको हो। सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना २००३ को पहिलो लक्ष्यमा राखिए पछि यसको विस्तारमा व्यापकता आएको हो। नेपालको संविधानको धारा ३९(३) मा प्रत्येक बालबालिकालाई विद्यालय शिक्षा कै अंगको रुपमा मान्यता दिनुले यसको आवश्यकता र महत्त्व थप पुष्टि भएको छ। बालबालिकाहरुहरुको चौतर्फी विकासमा सघाउँदै उनीहरुलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक छ ।

आगामी ५ वर्षमा पालिका भित्रका ४ वर्ष उमेर समूहका सबै बालबालिकाहरुलाई बाल विकास केन्द्रमा भर्ना गर्नका लागि बाल विकास केन्द्रको संख्या अपर्याप्त रहेकोले नयाँ बाल विकास केन्द्रहरुको स्थापना जरुरी छ। प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्ग दर्शक पुस्तिका २०६७ को पहिलो संशोधन २०७५ मा उल्लेखित मापदण्डानुसार बाल विकास केन्द्र बालबालिकाको घरबाट १० देखि १५ मिनेटको पैदल दूरीमा हुनु पर्ने कुरा पनि उल्लेख भएको हुनाले भएका बाल विकास केन्द्रहरुको पुनर्वितरण र थप नयाँ बाल विकास केन्द्रहरुको स्थापना गर्नु पर्ने नितान्त जरुरी छ ।

लक्षित उमेर समूहका सबै बालबालिकाहरु विशेष गरी सीमान्तकृत, विपन्न तथा अपाङ्गता भएकाहरुलाई प्रारम्भिक बालविकास र शिक्षामा ल्याउनु, सबै प्रारम्भिक बालविकास केन्द्रहरुमा संस्थागत र संरचनागत संयन्त्र निर्माण तथा व्यवस्थापन गरी न्यूनतम मापदण्ड पूरा गर्नु र बालविकास सहजकर्ताहरुको न्यूनतम पारिश्रमिक व्यवस्थापन गर्नु तथा उनीहरुको पेशागत क्षमता विकास गर्नु प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख चुनौतीहरु रहेका छन्। प्रयाप्त लगानी तथा स्रोत व्यवस्थापन गर्नु, अनुगमन तथा मूल्याङ्कनको चुस्त संयन्त्र विकास गर्नु, बालबालिकाका अभिभावकहरुलाई अभिभावक शिक्षा प्रदान गर्नु र बालबालिकाहरुको स्वास्थ्य, सुरक्षा र पोषणको उचित व्यवस्थापन सहायक चुनौतीहरु हुन।

सुनौला हजार दिन, बहुक्षेत्रीय पोषण कार्यक्रम, दिवा खाजा, शिशु स्याहार केन्द्र, किण्डर गार्टेन विद्यालय, विद्यालय तथा समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्र तथा पूर्व प्राथमिक कक्षा नामका कार्यक्रमहरु विभिन्न सरकारी निकाय, गैर सरकारी संघसंस्थाहरु निजी क्षेत्रको संलग्नतामा सञ्चालन, नेपालको संविधानले प्रारम्भिक बालविकास र सहभागिताको हकलाई मौलिक हकको रुपमा उल्लेख गर्नु, र प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित

स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गिण व्यक्तित्त्व विकासको  हकको प्रत्याभुत गर्नु, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन २०७५, बालबालिकासम्बन्धी ऐन २०७५, पन्ध्रौं योजना २०७६÷७७—२०८०÷८१, बालबालिकासम्बन्धी राष्ट्रिय नीति २०६९, विद्यालय क्षेत्र विकास योजना २०७३—२०८०, बहुपोषण योजना दोस्रो २०७५÷७६—२०७९÷८० र बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ समेतमा प्रारम्भिक बालविकास सम्बन्धी कानुनी प्रावधानहरु समेटिनु, नेपालमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत गर्भवती महिला, नवजात शिशु तथा बालबालिकाको स्वास्थ्य स्थितिमा आवश्यक सुधार ल्याउन स्वास्थ्य तथा पोषणसम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन हुनु, बालाबालिकाको सुरक्षा र संरक्षणका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नु आदि प्रारम्भिक बाल विकास शिक्षाका अवसरहरु हुन्।

राप्ती सोनारी गाउँपालिकामा ७४ वटा बालविकास केन्द्रहरु  सञ्चालनमा रहेका छन् जसमध्ये ७१ वटा विद्यालयमा र ३ वटा समुदायमा सञ्चालित रहेका छन्। वडाहरुमा वडा नं. १ देखि ९ सम्म क्रमशः ९,११,५,१०,९,६,१४,५ र ५ वटा केन्द्रहरु सञ्चालनमा रहेका छन । यी केन्द्रहरु सबै अलग—अलग नभएर कुनैमा १, कुनैमा २ र केन्द्रहरु एकै विद्यालयमा रहेका छन ्। शैक्षिक सत्र २०८१ मा बालविकासमा राप्ती सोनारी गाउँपालिकामा १३४६  बालबालिका भर्ना भएका छन् भने छात्रा ६२५ (५३.५६%) र छात्र ७२१ (४६.४३%) रहेका छन् । प्रारम्भिक बालविकास केन्द्रमा कुल भर्ना दर १०५.९% रहेको छ। बाल विकास शिक्षामा लुम्बिनी प्रदेश र राष्ट्रिय कुल भर्नादर क्रमशः १०७.८० र ९९.९० रहेको छ। खुद भर्नादर हेर्दा यस पालिकाको ७९.१ रहेको छ भने लुम्बिनी प्रदेशमा ७२.६० र राष्ट्रिय खुद भर्नादर ७०.६० रहेको छ । बालविकास तथा पूर्व प्राथमिक शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना हुने ८४.४ प्रतिशत रहेको छ, लुम्बिनी प्रदेशको ८४.३० र ७६.९० प्रतिशत रहेको छ ।

पालिकाका ७४ बा.वि.के.मा कार्यरत सबै सहजकर्ताहरु महिला नै रहेका छन् । बाल विकास शिक्षामा शिक्षक विद्यार्थी अनुपात १८.१९ रहेको छ । बालविकास केन्द्रमा सहजीकरण गर्ने सबै सहजकर्ता न्यूनतम शैक्षिक योग्यता प्राप्त छन् । यस गाउँपालिकामा सबै सहजकर्ताहरुलाई पुनर्ताजगी तालिम वर्षेणी दिइँदै आइएको छ । गाउँपालिकाले सशर्त अनुदानको तलव भत्ता बाहेक थप हुन आउने र थप सेवा सुविधाहरु समेत उपलब्ध गराएको छ । प्रति केन्द्र एक कक्षा कोठा उपलब्ध नभएको अवस्था छ । सबै बालविकास केन्द्रमा दिवा खाजाको व्यवस्था गरिएको छ ।

४ वर्ष उमेरका बालविकासहरुको सर्वाङ्गीन (शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक एवं नैतिक) पक्षको विकासमा सहयोग पु¥याई आधारभूत शिक्षाको लागि तयार गराउने कार्यक्रम नै प्रारम्भिक बालविकास र शिक्षा हो । नेपालको संविधान २०७२ ले प्रत्येक बालबालिकालाई प्रारम्भिक

बालविकास तथा बालसहभागिताको हक सुनिश्चित गरेको छ । शिक्षा (नवौं संशोधन) ऐन २०२८ ले चारवर्ष उमेर पुरा गरेका बालबालिकाहरुलाई एक वर्षको शिक्षाको परिकल्पना गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालबालिकासम्बन्धी ऐन, २०७५ मा प्रारम्भिक बाल विकास सम्बन्धी कानुनी प्रावधान रहेका छन् । पन्ध्रौं योजना (२०७६÷७७—२०८०÷८१), बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९, विद्यालय क्षेत्र विकास योजना (२०७३—२०७८), र बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ समेतमा प्रारम्भिक बालविकास सम्बन्धी प्रावधानहरु समेटिएका छन् । यसका साथै पाठ्यक्रम विकास केन्द्रले प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७ लागु गरेको छ । ४ वर्ष उमेर पुगेका बालबालिकाका लागि १ वर्षको प्रारम्भिक बालबिकास तथा शिक्षा कार्यक्रम र समुदाय दुबैमा सञ्चालन गर्ने प्रचलन बढ्दै गएको पाइन्छ।शिक्षा तथा मानब स्रोत विकास केन्द्रले प्रारम्भिक बालविकास र शिक्षामा गुणस्तर कायम गर्न प्रारम्भिक बालविकास सम्बन्धी मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन २०७५) जारी गरी कार्यान्वयन ल्याएको छ । बालविकास सहजकर्ताहरुका लागि एक महिने सधन र पुनर्ताजगी तालिम प्रदान गर्ने लक्ष्य अनुरुप तालिम प्याकेज तयार भएपनि अधिकांशले तालिम प्राप्त गर्न सकेका छैनन् ।

बालविकास केन्द्ररुमा ४ वर्ष उमेर समूह भन्दा कम वा बढी उमेर समूहका बालबालिका पनि सहयोगी भएको देखिन्छ । यसले बालविकास र शिक्षण सिकाईमा प्रभाव पार्दछ । बालविकास केन्द्र बालबालिकाको घरबाट १० देखि १५ मिनेटको पैदल दुरीमा हुनुपर्ने प्रावधान छ । तर राप्तीसोनारी गाउँपालिकाका केहि बालविकास केन्द्रहरु टाढाको दुरीमा छन् ।अधिकांश प्रारम्भिक बालविकास केन्द्रहरुमा मापदण्ड अनुसारको न्युनतम भौतिक र शैक्षिक सुविधा उपलब्ध गराउन सकिएको छैन् । त्यसैगरी सबै बालविकास सहजकर्ताहरुका लागि तालिम प्रदान गर्न सकिएको छैन् । प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउन राप्तीसोनारी गाउँपालिकाले यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षाका कार्यक्रमहरु समावेश गरेको छ ।

### ३.१.२ उद्देश्य

सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु यस योजनाको समग्र उद्देश्य रहेको छ । यसका विशिष्ट उद्देश्यहरु निम्नलिखित रहेका छन् ।

१. ४ वर्ष उमेरका सबै बालबालिकाहरुको सर्बाङ्गीन विकास गरी आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु ।
२. बालविकास तथा शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउनु ।
३. बालविकास केन्द्रहरुमा न्यूनतम मापदण्ड अनुसारको सुविधा पुरयाउनु ।

### ३.१.३ रणनीति

१. विद्यालयमा आधारित प्रारम्भिक बालविकास तथा शिक्षामा जोड दिइनेछ ।

२. निर्धारित मापदण्ड अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन र व्यवस्थापन गरिनेछ ।

३. बालविकास केन्द्रलाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रुपमा विकास गरी सबै बालबालिकाको पहुँच सुनिश्चित गरिने छ ।

४. अभिभावक शिक्षा प्रदान गरी प्रा.बा.वि.शि.को सञ्चालन, व्यवस्थापन र अनुगमनमा परिवार, समुदाय, विद्यालय र पालिकालाई जिम्मेवार बनाइनेछ ।

५. कक्षा १ मा भर्ना हुन आउने बालबालिकाको निम्ति बालबिकास केन्द्रको अनुभवलाई अनिवार्य गरिनेछ ।

६. प्रारम्भिक बालबिकास शिक्षाको सञ्चालनमा गैह्र सरकारी सँस्थासँग सहकार्य गरिनेछ ।

७. बालविकास केन्द्रहरुमा मनोरञ्जनपूर्ण सिकाइलाई सुनिश्चित गरिने छ ।

८. बालविकास सहजकर्ताहरुको क्षमता विकास गरिनेछ ।

९. असहाय, अनाथ, गरिब, अपाङ्गता भएका बालबालिकालाई स्थानीय तहले संरक्षण गरी समतामुलका शिक्षा प्रदान गरिनेछ ।

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. सबै बालबालिकाहरु कक्षा १ मा भर्ना हुदाँ अनिवार्य रुपमा बाल बिकास केन्द्रको अनुभव सहित कक्षा १ मा प्रवेश गर्नेछन् ।

२. पालिकाको सम्पुर्ण प्रारम्भिक बालबिकास केन्द्रले न्यूनतम मापदण्ड पुरा गरेको हुनेछन् ।

३. सबै बालविकास सहजकर्ताहरुलाई आधारभुत तथा पुर्नताजगी तालिम प्राप्त गर्नेछन् ।

४. बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालबिकास केन्द्रको अवसर सुनिश्चित हुनेछ ।

**नतिजा**

| क्र.सं. | सूचक (उदाहरण) | आधार वर्ष (८०/८१) | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कूल भर्नादर | १०५.९० | १०३.५० | १०२ | १०१.५० | १००.७५ | १०० |
| २ | प्रारम्भिक बालविकासमा खुद भर्नादर | ७९.१ | ८३.१० | ८७ | ९४ | ९६ | १०० |
| ३ | विद्यार्थी शिक्षक अनुपात | १:३४.४८ | १:३२ | १:३० | १:२८ | १:२६.५० | १:२५ |
| ४ | बाल विकासको अनुभव | ८४.४ | ८७.५० | ९० | ९५.५० | ९७ | १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | लिइ कक्षा १ मा भर्ना हुने विद्यार्थी | | | | | | |
| ५ | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | ६५ | ५ | ४ | ० | ० | ० |

## ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रासं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ९पाँच वर्ष० | | | | | | भौतिक लक्ष्य१० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ | जम्मा | |
| १ | बालबिकास शिक्षाको महत्वको विषयमा अभिभावकहरुलाई अभिमुखिकरण गर्ने | बालबिकास केन्द्र | | ७४ | ७४ | ७४ | ७४ | ७४ | |
| २ | बालबिकासमा विद्यार्थी भर्नाका निम्ति सेवा क्षेत्र कायम गरि घरदैलो अभियान सञ्चालन गर्ने । | पालिका | | ७४ | ७४ | ७४ | ७४ | ७४ | |
| ३ | कक्षा १ मा भर्ना हुनका निम्ति बालबिकास केन्द्रको अनुभवलाई अनिवार्य गर्ने । | पालिका | | १ | १ | १ | १ | १ | |
| ४ | आभभावकहरुलाई बालबिकास केन्द्रको प्रत्यक्ष अवलोकन कार्यक्रम गराउने । | पालिका | | ७४ | ७४ | ७४ | ७४ | ७४ | |
| ५ | बालबिकास केन्द्रमा खेल तथा सिकाई सामाग्री व्यवस्थापन गर्ने । | बालबिकास केन्द्र | | १५ | | १५ | | ३० | |
| ६ | प्रारम्भिक बालविकास तथा शिक्षाको नक्साङ्कन गरी पुनर्वितरण गर्ने तथा बा. बि केन्द्रको आवश्यकता भएको ठाँउमा नयाँ बा.बि केन्द्र वितरण गर्ने । | पालिका | | १ | १ | | | २ | |
| ७ | बाल विकास कक्षाकोठाहरुमा गुणस्तरीय कार्पेट तथा राउण्ड टेवलसहितको अलग्गै कोठाको व्यवस्था गर्ने | बालबिकास केन्द्र | १० | १० | १० | १० | १० | ५० | |
| ८ | बालबिकास केन्द्रहरुमा एल ई डी टि.भि तथा स्मार्ट बोर्ड सहयोग गरि वाईफाई जडान गर्न सहयोग गर्ने । | बालबिकास केन्द्र | ५ | | | | ५ | १५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ५ | | | | |
| ९ | न्यूनतम मापदण्डअनुसार प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमका लागि छात्र छात्रा मैत्री तथा अपाङ्ग मैत्री शौचालय सहितको कक्षा कोठाको व्यवस्था गरिने | बालबिकास केन्द्र | | ३ | ३ | ३ | | ९ | |
| १० | वालविकास केन्द्रमा न्यूतम मापदण्ड बमोजिमका सिकाई सामाग्री उपलब्ध गराउने । | बालबिकास केन्द्र | १० | १० | १० | १० | | ४० | |
| ११ | बालबिकास शिक्षकको न्युनतम शैक्षिक योग्यता प्रविणता प्रमाण पत्र तह बनाउने निति अवलम्बन गर्ने । | पालिका | | | | | १ | १ | |
| १२ | बालबिकास केन्द्रको आधारभतु तालिम नलिएका सहजकर्ताहरुलाई तालिम प्रदान गर्ने । | पालिका | | ३२ | | | | ३२ | |
| १३ | आधारभुत तालिम लिएका सहजकर्ताहरुलाई पुर्नताजगी तालिम प्रदान गर्ने । | पालिका | | ४२ | ७४ | ७४ | ७४ | ७४ | |
| १४ | बालबिकास केन्द्रमा बालबालिकाहरुका निम्ति सुरक्षित पिउने पानिको व्यवस्थापन गर्ने । | बालबिकास केन्द्र | | ४ | २ | २ | २ | १० | |
| १५ | सुरक्षित तथा व्यवस्थित बालबिकास कक्षा कोठा व्यवस्थापनका निम्ति विभिन्न दातृ निकाय सँग समन्वय तथा सहकार्य गरि छुट्टै भवन निर्माणका निम्ति पहल गर्ने । | बालबिकास केन्द्र | | १ | १ | १ | १ | ४ | |
| १६ | बालबालिकाहरुका निम्ति चाहिने आवश्यक पोषण तथा खोपको अभिलेखिकरण गरि आवश्यक ठानिएका बालबालिकाहरुलाई पोषण तथा खोपको व्यवस्था मिलाउने । | बालबिकास केन्द्र | ७४ | ७४ | ७४ | ७४ | ७४ | ७४ | |
| १७ | दिवा खाजालाई स्थानीय उत्पादनमा आधारित पोषिलो खानाको व्यवस्थपनमा जोड दिने । | पालिका | १ | १ | १ | १ | १ | ५ | |
| १८ | स्थानीय तह भित्र सञ्चालित बालबिकास केन्द्रहरुलाई न्युनतम मापदण्डका आधारमा बार्षिक रुपमा पुरस्कृत गर्ने व्यवस्था मिलाउने । | पालिका | १ | १ | १ | १ | १ | ५ | |

## ३.२ आधारभूत शिक्षा

विद्यालय क्षेत्र सुधार योजना २०६६—२०७२ ले विद्यालय शिक्षाको पुन संरचना गरेर कक्षा १—८ लाई आधारभूत शिक्षा मानेको छ । नेपालको संविधान २०७२ ले आधारभूत शिक्षालाई मौलिक हक अन्तर्गत राखेको छ । संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षा अनिवार्य र निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । आधारभूत शिक्षाले सामाजिक—आर्थिक रुपान्तरणमा ठूलो सहयोग गर्दछ । सबैका लागि शिक्षा (२०००—२०१५), सहश्राब्दी विकास लक्ष्य, दिगो विकासको लक्ष्यहरु, इन्चोन घोषणा (२०१५—२०३०), संयुक्त राष्ट्र, संघ, मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको धारा २६, शिक्षा सम्बन्धी ऐन २०७५ मा आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुनेछ भनी उल्लेख गरिएको छ । यस तहको अवधिलाई अन्तराष्ट्रिय स्तरमा समेत अनिवार्य र निःशुल्क गरिएको पाइन्छ ।

सबैका लागि शिक्षाको दोस्रो उद्देश्यमा बालिका, कठिन परिस्थितिमा परेका तथा सामाजिक आर्थिक, रुपले पिछडिएका जनजाति समुदायका बालबालिकालगायत सबैका लागि गुणस्तरीय निःशुल्क तथा अनिवार्य प्राथमिक शिक्षामा पहुँच तथा विद्यालय पुरा गर्ने अवसर सुनिश्चित गर्ने लक्ष्य राखिएको थियो । विद्यालय क्षेत्र विकास योजनाले सन् २०२२—२०२३ सम्ममा आधारभूत तह (१—८) को खुद भर्ना दर शत प्रतिशत पुरयाउने लक्ष्य लिएको छ । पन्ध्रौ योजनाले वि.सं. २०८०—०८१ सम्म आधारभूत तहको खुद भर्ना दर ९५.५ पु¥याउने लक्ष्य छ ।

रासीसोनारी गाउँपालिकाभित्र आधारभूत शिक्षामा सबै बालबालिकाहरुको समतामुलक पहुँच पु¥याउन सकिएको छैन । विशेषगरी आर्थिक र सामाजिक रुपले पछाडि परेका, सीमान्तकृत समुदाय, दलित, जनजाति र कठिन परिस्थितिमा रहेका केही बालबालिकाहरु अझै पनि विद्यालय बाहिर रहेका छन् । त्यसैगरी कक्षा छोड्ने दर बढी देखिन्छ । आधारभूत तह पुरा गर्ने दर न्यून छ । विद्यालयहरुको भौतिक र शैक्षिक वातावरण बालमैंत्री, समावेशी र सुरक्षित बनाउन थप प्रयास आवश्यक छ । त्यसैगरी योग्य शिक्षकको अप्रयाप्तता, गरिवी, भौतिक पूर्वाधारको अभाव र व्यवस्थापन पक्षमा भएका विभिन्न समस्याहरुले आधारभूत शिक्षाको पहुँच र गुणस्तरमा प्रभाव परेको देखिन्छ ।

### ३.२.१ वर्तमान अवस्था

आधारभूत तहको शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ । अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले आधारभ"त तह;म्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी तीनवटै तहका सरकारहरूको हुने व्यवस्था गरेको छ । आधारभूत शिक्षा उमेरसमूहका बालबालिकालाई विद्यालय पठाउन÷ प्रत्येक नागरिकको कर्तव्य हुने उल्लेख छ । राप्ती सोनारी गाउँपालिकामा आधारभूत शिक्षा प्रदान गर्नका लागि सामुदायिक तर्फ

९२३ वटा १—८ कक्षा सञ्चालित, ९ वटा १—५ कक्षा सञ्चालित र १० वटा १—३ कक्षा सञ्चालित० रहेका छन् भने जम्मा बिद्यालय संख्या १ वटा, बालविकास केन्द्रको सङ्ख्या २९ र सामुदायिक सिकाइ केन्द्र ४ वटा रहेका छन् ।

सामुदायिक विद्यालयतर्फ आधारभूत तहमा कक्षा १ देखि ८ सम्म कूल विद्यार्थी (छात्रा ४४१६ र छात्र ४३७४ )सङ्ख्या ८ हजार ७ सय ९० र विद्यार्थी अनुपात १:२२.९५ रहेको पाइन्छ । यस्तै आधारभूत तह (१—५) तर्फ (छात्रा २५६८ र छात्र २६४०) कूल विद्यार्थी सङ्ख्या ५ हजार २ सय ८ र विद्यालय विद्यार्थी अनुपात १:२०.२६ रहेको छ । यस्तै आधारभूत तह (६—८) तर्फ (छात्रा १८४८ र छात्र १७३४) कूल विद्यार्थी सङ्ख्या ३ हजार ५ सय ८२ र विद्यालय विद्यार्थी अनुपात १:२८.४३ रहेको छ ।

यस पालिकामा आधारभूत तहमा जम्मा शिक्षक दरबन्दी संङ्ख्या ३८३ जना शिक्षकहरू कार्यरत रहेका छन् । न्यून दरबन्दी र शून्य दरबन्दी भएका विद्यालयहरूमा पालिकाबाट शिक्षक व्यवस्था गरिएको छ । फ्ल्यास रिपोर्ट २०७८ अनुसार राप्ती सोनारी गाउँपालिकामा आधारभूत तहको खुद भर्नादर९६.२ रहेको छ । जसमध्ये (१—५) तर्फ खुद भर्नादर ९६.८ र (६—८) तर्फ खुद भर्नादर ९५.६ रहेको छ । यस्तै आधारभूत तहको कूल भर्नादर ११२.३ रहेको छ । जसमध्ये (१—५) तर्फ कूल भर्नादर १२२.६ र (६—८) तर्फ कूल भर्नादर १०९.७रहेको छ । राप्ती सोनारी गाउँपालिकाको कक्षा १ देखि ५सम्मको उत्तीर्ण दर ८८.०, कक्षा १ं देखि ५सम्मको कक्षा दोहो¥याउने दर ९.४ र कक्षा १ देखि ५ सम्मको विद्यालय छोड्ने दर २.६ छ । यस्तै कक्षा ६ देखि ८ सम्मको उत्तीर्ण दर ९२., कक्षा ६ देखि ८ सम्मको कक्षा दोहो¥याउने दर ०.६ र कक्षा ६ देखि ८ सम्मको विद्यालय छोड्ने दर ५.९ प्रतिशत रहेको छ ।

### ३.२.२ उद्देश्य

आधारभूत शिक्षामा सबैको पहुँच बृद्धिगर्दै गुणस्तरीय शिक्षा अभिवृद्धि गर्नु यस शिक्षा योजनाको समग्र उद्देश्य रहेको छ । यसका विशिष्ट उद्देश्यहरु निम्न लिखित छन् :

१. ५—१२ वर्ष उमेर समूहका सबै बालबालिकाहरुलाई आधारभूत शिक्षाका पहुँच सुनिश्चितता गर्नु ।
२. आधारभूत तह सञ्चालित विद्यालयहरुको भौतिक र शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित तुल्याउनु
३. आधारभूत शिक्षालाई सिकाईमैत्री तथा दण्ड र भयरहित वातावरणमा गुणस्तरीय शिक्षा प्रदान गर्नु ।

### ३.२.३ रणनीति

१. सँविधानले निर्दिष्ट गरे बमोजिम अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको अवधारणा कार्यान्वयनका निम्ति स्रोतको व्यवस्थापन गरिनेछ ।
२. विद्यालय बाहिर रहेको बालबालिकाहरुलाई प्रोत्साहनका कार्यक्रम सञ्चालन गरी उनिहरुको पहुँच सुनिश्चित गरिनेछ ।
३. विद्यालयहरुको भौतिक र शैक्षिक वातावरणमा सुधार गरी गुणस्तरीय शिक्षा प्रदान गरिनेछ ।
४. विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री वातावरणको सुनिश्चित गरिनेछ ।
५. विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ ।
६. शिक्षक अभाव कम गर्न दरवन्दी मिलान र पुनर्वितरण गरिनेछ । त्यसैगरी सरकारी तथा सामुदायिक क्याम्पसहरुसँग समन्वय गरी स्वयम सेवक शिक्षक भर्ना गरिनेछ ।
७. शिक्षक, प्र.अ., वि.व्य.स. र शि.अ.संघका पदाधिकारीहरुको क्षमता विकास गरिनेछ ।
८. विद्यालयमा स्वस्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।
९. सबै बालबालिकालाई आधारभूत तहको शिक्षा पुरा गर्ने अवसर सुनिश्चित गरिनेछ ।
१०. घुम्ती शिक्षकको व्यवस्था गरिनेछ ।
११. विद्यालयमा गुनासो सुनुवाई सँयन्त्र प्रणालीको बिकास गरिनेछ ।
१२. बालबालिकाहरु विद्यालयमा भयरहित वातावरण शिक्षण सिकाई क्रियाकलापमा सहभागी भएको हुनेछन् ।

## ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

१. आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच भएको हुनेछ ।
२. विद्यालयमा न्यूनतम आधारभूत पूर्वाधारको बिकास भएको हुनेछ ।
३. विद्यालयको औषत सिकाई उपलब्धीमा सुधार भएको हुनेछ ।
४. बालमैत्री समावेशी र सुरक्षित सिकाइ वातावरण सुनिश्चित भएको हुनेछ ।
५. कार्यरत जनशक्तिको क्षमता विकास भएको हुनेछ ।
६. कक्षा छोड्ने दरमा कमी आएको हुनेछ ।

### नतिजा

| क्र. सं. | सूचक (उदाहरण) | आधार वर्ष (८०/८१) | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | कक्षा १ मा कूल नयाँ भर्नादर | १०९.५ | १०७.५ | १०६.५ | १०५.५ | १०४.५ | १०३.५ |
| २ | कक्षा १ मा खुद नयाँ भर्नादर | ९६ | ९७ | ९७.५ | ९८ | ९८.५ | ९९ |
| ३ | कूल भर्ना दर (कक्षा १-५) | ११९.९ | ११५.७५ | ११२ | ११० | १०७ | १०५ |
| ४ | खूद भर्ना दर (कक्षा १-५) | ९५.३ | ९७ | ९७.५ | ९८ | ९८.५ | ९९ |
| ५ | खूद भर्ना दरमा लैंगिक समता सूचक (GPI at NER कक्षा १-५) | ०.८९ | ०.९५ | ०.९८ | १ | १ | १ |
| ६ | विद्यार्थी शिक्षक अनुपात | १:२३ | १:२५ | १:३० | १:३२ | १:३५ | १:४० |
| ७ | कक्षा ५ मा उत्तीर्ण दर | ९० | ९३ | ९४.५० | ९६ | ९७.५० | ९९ |
| ८ | कक्षा ५ मा कक्षा दोहोऱ्याउने दर | ३.६ | ३ | २.५ | २ | १.५ | १ |
| ९ | कक्षा ५ मा कक्षा छोड्ने दर | २.७ | २ | १.७५ | १.५० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | कूल भर्ना दर (कक्षा १-८) | ११८.८ | ११५ | ११२.५ | ११० | १०७.५ | १०५ |
| ११ | खूद भर्ना दर (कक्षा १-८) | ९५.५ | ९७.५ | ९८.२५ | ९९ | ९९.५ | १०० |
| १२ | खूद भर्ना दरमा लैंगिक समता सूचक | ०.९३ | ०.९५ | ०.९७ | ०.९८ | ०.९९ | १ |
| १३ | विद्यार्थी शिक्षक अनुपात | १:२२ | १:२५ | १:३० | १:३२ | १:३५ | १:३८ |
| १४ | महिला शिक्षक प्रतिशत | ४२.७१ | ४३.०१ | ४३.८२ | ४४.२१ | ४४.७१ | ४५.५१ |
| १५ | कक्षा ६-८ मा उत्तीर्ण दर | ९० | ९२.५० | ९३.७५ | ९५ | ९६.५ | ९८ |
| १६ | कक्षा ६-८ मा कक्षा दोहोऱ्याउने दर | ३.८ | २.५ | २ | १.७५ | १.२५ | १ |
| १७ | कक्षा ६-८ मा कक्षा छोड्ने दर | ३ | २ | १.७५ | १.५० | १.२५ | १ |

## ३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ९पाँच वर्ष० | | | | | | भौतिक लक्ष्य१० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ | जम्मा | |
| १ | निश्चित विद्यालय अनुगमनको आधारमा कक्षा तथा तह मिलान, कटौती तथा विद्यालय समायोजन प्रक्रिया लाई अघि बढाउने । | पलिका | | १ | १ | | | २ | |
| २ | विद्यालय बाहिर रहेका ५ देखि १३ बर्ष उमेर समुहलाई लक्षित गरि घरदैलो तथा भर्ना अभियान सञ्चालन गर्ने । | ंविद्यालय | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ | |
| ३ | विद्यालयमा अनियमित बालबालिकाहरुलाई लक्षित गरि तिनका अभिभावकलाई अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने । | विद्यालय | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ | |
| ४ | अङग्रेजी विषयका विषयगत शिक्षकको व्यवस्थापन गर्ने । | शिक्षक | | ४ | ४ | ३ | | ११ | |
| ५ | गणित विषयका विषयगत शिक्षकको व्यवस्थापन गर्ने । | शिक्षक | | ५ | ५ | ३ | | १३ | |
| ६ | विज्ञान विषयका विषयगत शिक्षकको व्यवस्थापन गर्ने । | शिक्षक | | ४ | ४ | ४ | | १२ | |
| ७ | बिचैमा विद्यालय छाड्ने बालबालिकाहरु पत्ता लगाई अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने । | समुदाय | १८ | १८ | १८ | १८ | १८ | ९० | |
| ८ | निश्चित मुल्याङकनको आधारमा बालबालिकाहरुको विषयगत शैक्षिक गुणस्तर पत्ता लगाई आवश्यकता अनुसार सुधारका निम्ति ReaL कार्यक्रम सञ्चालन गर्ने । | विद्यालय | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ | |
| ९ | विद्यालयमा छात्र छात्रा मैत्री निर्माण गर्ने | विद्यालय | | ५ | ५ | ५ | ५ | २० | |
| १० | स्यानीटरी प्याडको नियमित तथा भरपर्दो तरिकाले व्यवस्थापन गर्ने । | विद्यालय | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ | |
| ११ | विद्यालय सेवा क्षेत्र भित्र बाल बिवाह न्युनिकरणका निम्ति अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने । | विद्यालय | १ | १ | १ | १ | १ | ५ | |
| १२ | गरिबीको कारणले विद्यालय छाडेका बालबालिकाहरुका निम्ति | विद्यालय | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | निश्चित मापदण्ड कायम गरि थप छात्रवृति कार्यक्रम सञ्चालन गर्ने । | | | | | | | | |
| १२ | कक्षा ६-८ लाई लक्षित गरि जीवन उपयोगी सिप सम्बन्धि कक्षाहरु नियमित रुपमा सञ्चालन गर्ने । | विद्यालय | | | | | | | |
| १४ | विद्यालयमा गुणस्तरीय वाईफाई जडान गर्न सहयोग गरि कम्प्युटर तथा स्मार्ट बोर्ड सहयोग गर्ने । | विद्यालय | | ४ | ५ | ५ | ५ | १९ | |
| १५ | विषयगत शिक्षकहरुलाई शिक्षण सिकाईमा ICT को प्रयोगमा अभयस्त बनाउने कार्यक्रम सञ्चालन गर्ने । | पटक | आवश्यकतानुसार | | | | | | |
| १६ | विद्यालयमा अनियमित हुने विद्यार्थीहरुलाई लक्षित गरि मनोपरामर्श कार्यक्रम सञ्चालन गर्ने । | पटक | आवश्यकतानुसार | | | | | | |
| १७ | विद्यालयमा स्वच्छ वातावरण निर्माणका निम्ति हरियाली प्रवर्द्धन गर्ने उद्धेश्यले नियमित रुपमा वृक्षरोपाण कार्यक्रम सञ्चालन गर्ने तथा बालबालिकाहरुलाई वातावरण प्रदुषण बारे जागरुकता जगाउने । | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १८ | विद्यार्थीहरुको अन्तरनिहित प्रतिभा पहिचानका निम्ति मासिक रुपमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने । | पटक | ६ | ६ | ५ | ५ | ४ | २६ | |
| १९ | पालिका भित्र रहेका आधारभुत तहका शिक्षकहरुको अनुभव आदान प्रदानका निम्ति अतिथी शिक्षक शिक्षण कार्यक्रम सञ्चालन गर्ने । | पटक | ६ | ६ | ५ | ५ | ४ | २६ | |
| २० | स्वास्थ्य सँस्था तथा ग्रैह सरकारी सँस्थाहरुको समन्वयमा विद्यालयमा अर्धवार्षिक रुपमा स्वास्थ्य जाँच गर्ने व्यवस्था मिलाउने । | पटक | २ | २ | २ | २ | २ | १० | |
| २१ | वर्षिक रुपमा उत्कृष्ट विदालय, उत्कृष्ट शिक्षक तथा निवृत शिक्षकलाई सम्मान कार्यक्रम सञ्चालन गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २२ | आधारभुत तहको गुणस्तर अभिवृद्धिका निम्ति शैक्षिक सत्रको अन्तमा कक्षा ८ को mock test सञ्चालन गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | |
| | वार्षिक रुपमा विषयगत शिक्षक | पटक | आवश्यकतानुसार | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २३ | प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने । | | | | | | | | |
| २४ | अपाङगता भएका बालबालिकाहरुको पहिचान गरि विभिन्न ग्रैह सरकारी सँस्थाहरु सँग समन्वय गरि सहायक सामाग्री प्रदान गर्न मध्यस्तता गर्ने । | पटक | आवश्यकतानुसार | | | | | | |
| २५ | शिक्षण मैत्री कक्षा कोठा व्यवस्थापनका निम्ति टिनको छाना भएका भवनहरुमा Gypson छानाको व्यवस्थापन गर्ने । | बिद्यालय | १८ | १८ | १८ | १८ | १८ | ९० | |
| २६ | विद्यालयमा स्वच्छ खानेपानी यकिनका निम्ति पानीको स्वच्छता परिक्षण कार्यक्रम सञ्चालन गर्ने । | पटक | आवश्यकतानुसार | | | | | | |
| २७ | स्वच्छ खानेपानीका निम्ति फिल्टर तथा तातो चिसो पानीको व्यवस्थापन (chilling machine)गर्ने । | बिद्यालय | ० | ४ | ४ | ४ | ४ | १६ | |
| २८ | प्रत्येक विद्यालयमा सन्दर्भ सामाग्री सहितको पुस्तकालय व्यवस्थापन क्रमश गर्दै लैजाने कार्यक्रम अवलम्वन गर्ने । | बिद्यालय | ० | २ | २ | २ | २ | ८ | |
| २९ | अर्धवार्षिक रुपमा विद्यार्थीहरुको कक्षागत रुपमा शैक्षिक गणस्तर परिक्षण गरि र्शक्षिक गुणस्तरको मापदण्डमा उत्कृष्ट विद्यालयलाई पुरस्कृत गर्ने व्यवस्था मिलाउने । | बिद्यालय | १ | २ | २ | २ | २ | ९ | |

## ३.३ माध्यमिक शिक्षा

कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षा भनिन्छ । नेपालको संविधान २०७२ ले माध्यमिक तहको शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । त्यसैगरी संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र राखेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ । संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहँुचको सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको प्रतिस्पर्धी, सिपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ ।

विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका बारेमा अध्ययन—अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशीलता अभिवृद्धि गर्ने रणनीति लिएको छ । माध्यमिक तहमा हाल साधारण, प्राविधिक धारका शिक्षा कार्यक्रम सञ्चालनमा छन् । माध्यमिक तहको शिक्षा भनेको उच्च शिक्षाको तयारी पनि हो ।

### ३.३.१ वर्तमान अवस्था

यस राप्ती सोनारी गाउँपालिकामा कक्षा ९ देखि १० को कूल भर्ना दर १००.४ प्रतिशत रहेको छ । खुद भर्ना दर७९.३ प्रतिशत छ । यस्तै कक्षा १० देखि १२ को कूल भर्ना दर ११२.३ प्रतिशत रहेको छ भने खुद भर्ना दर ३४.४ प्रतिशत छ । कक्षा (९—१२) मा लैङ्गिक समता सूचक १.१ रहेको छ । यस पालिकामा सामुदायिक माध्यमिक विद्यालयको कक्षा ९ र १२ मा स्वीकृत दरबन्दी, राहत तथा अनुदानबाट जम्मा शिक्षकको सङ्ख्या ७९ जना शिक्षकको व्यवस्था रहेको छ । माध्यमिक तह (९—१०) मा कूल ६५ शिक्षक र कक्षा ११ र १२ मा १४ जना शिक्षकहरू कार्यरत रहेका छन् । माध्यमिक तह (९—१०) मा कूल विद्यार्थी सङ्ख्या २०५७ र शिक्षक विद्यार्थी अनुपात १:३१.६५ रहेको पाइन्छ । माध्यमिक तह (११—१२) मा कूल विद्यार्थी सङ्ख्या ५ सय ६५ र शिक्षक विद्यार्थी अनुपात १:४०.३६ रहेको छ ।यस गाउँपालिकामा जम्मा सामुदायिक माध्यमिक विद्यालय सङ्ख्या २१ वटा र संस्थागत तर्फ ४ वटा रहेका छन् ।

### ३.३.२ उद्देश्य

माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्नु यस शिक्षा योजनाको समग्र उद्देश्य रहेको छ । यसका विशिष्ट उद्देश्यहरु निम्न लिखित रहेको छन् ।

१. माध्यमिक शिक्षामा सवैको पहुँच सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गर्नु ।
२. माध्यमिक शिक्षालाई समावेशी, बालमैत्री र निःशुल्क बनाउनु ।
३. आधारभूत सिप प्रदान गरी उच्च शिक्षा हासिल गर्न सहयोग गर्नु ।
४. विद्यालयको भौतिक एवम् शैक्षिक वातावरण सिकाईमैत्री र सुरक्षित तुल्याउनु ।
५. माध्यमिक शिक्षाको कक्षा छोड्ने दर घटाई टिकाउदर बढाउनु ।
६. विद्यार्थीहरुलाई गसुणस्तरीय शिक्षा प्रदान गर्दै प्रतिस्पर्धी तथा उच्च शिक्षा हासिल गर्न योग्य बनाउनु ।

### ३.३.३ रणनीति

१. माध्यमिक शिक्षामा सबै बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्न अभिभावक शिक्षा र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।
२. माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउन अभिभावक शिक्षा र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।
३. संघीय सरकार र प्रदेश सरकारको समन्वयमा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
४. माध्यमिक विद्यालय तहको भौतिक पूवाधार विकास गरी प्राविधिक धारतर्फ थप विषय अध्यापन गर्न प्रोत्साहन गरिनेछ ।
५. क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरी गुणस्तरीय शिक्षा प्रदान गरिनेछ ।

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भएको ।
२. खुद भर्नादर र टिकाउदरमा वृद्धि भएको ।
३. विद्यालयमा न्यूनतम् पूर्वाधारहरुको उपलब्धता भएको ।
४. भर्ना, टिकाउपन र सिकाई उपलब्धिमा समता सूचकमा सुधार हुने ।
५. कार्यरत जनशक्तिको क्षमता विकास अङ्ग्रेजी, गणित र विज्ञान विषयको नतिजामा सुधार भएको।
६. प्राविधिक तथा व्यवसायिक धार अध्ययन हुने ।

| क्र.सं. | सूचक | आधार वर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | कूल भर्ना दर | ७१.८ | ७५ | ७५.५ | ८० | ८२.५ | ८५ |
| २ | खूद भर्ना दर | ५६.७ | ६२ | ६५ | ६७ | ७० | ७२ |
| ३ | विद्यार्थी शिक्षक अनुपात | १:२४ | १:२६ | १:२७ | १:२८ | १:३० | १:३२ |
| ४ | महिला शिक्षक प्रतिशत | १३.०४ | १३.५ | १४.०३ | १४.८० | १५.०४ | १६.४० |
| ५ | कक्षा १२ मा उत्तीर्ण दर | ९६.२ | ९७ | ९७.५ | ९८ | ९८.५ | ९९ |
| ६ | कक्षा १२ मा कक्षा | ० | ३ | २.५ | २ | १.५ | १ |

| क्र.सं. | सूचक | आधार वर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| | दोहोऱ्याउने दर | | | | | | |
| ७ | कक्षा १२ मा कक्षा छोड्ने दर | ० | ० | ० | ० | ० | ० |

**नतिजा**

## ३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ | जम्मा | |
| १ | निश्चित विद्यालय अनुगमनको आधारमा कक्षा तथा तह मिलान, कटौती तथा विद्यालय समायोजन प्रक्रिया लाई अघि बढाउने । | पलिका | १ | | | | १ | २ | |
| २ | कक्षा ८ उत्तीर्ण गरि बिचैमा पढाई छाडेका बालबालिकाहरु लाई लक्षित गरि खुल्ला मा.वि सँग जोड्ने व्यवस्था मिलाउने । | विद्यालय | | १ | १ | १ | १ | ४ | |
| ४ | अङग्रेजी विषयका विषयगत शिक्षकको व्यवस्थापन गर्ने । | शिक्षक | | ४ | ४ | ३ | | ११ | |
| ५ | गणित विषयका विषयगत शिक्षकको व्यवस्थापन गर्ने । | शिक्षक | | ५ | ५ | ३ | | १३ | |
| ६ | विज्ञान विषयका विषयगत शिक्षकको व्यवस्थापन गर्ने । | शिक्षक | | ४ | ४ | ४ | | १२ | |
| ७ | बुहारी शिक्षा कार्यक्रमलाई प्रोत्साहन गर्ने । | समुदाय | १८ | १८ | १८ | १८ | १८ | | |
| ८ | निश्चित मुल्याङकनको आधारमा बालबालिकाहरुको विषयगत शैक्षिक गुणस्तर पत्ता लगाई आवश्यकता अनुसार सुधारका निम्ति अतिरिक्त कक्षाहरु सञ्चालन गर्न व्यवस्था मिलाउने । | विद्यालय | ३४ | नियमित | | | | | |
| ९ | विद्यालयमा छात्र छात्रा मैत्री शौचालय निर्माण गर्ने । | विद्यालय | | ५ | ५ | ५ | ५ | २० | |
| १० | स्यानीटरी प्याडको नियमित तथा भरपर्दो तरिकाले व्यवस्थापन गर्न | विद्यालय | ३४ | नियमित | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | incinator को व्यवस्थापन गर्ने । | | | | | | | | |
| ११ | विद्यालय सेवा क्षेत्र भित्र बाल बिवाह न्युनिकरणका निम्ति अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने । | विद्यालय | १ | १ | १ | १ | १ | ५ | |
| १२ | गरिबीको कारणले विद्यालय छाड्ने बालबालिकाहरुका निम्ति निश्चित मापदण्ड कायम गरि थप छात्रवृति कार्यक्रम सञ्चालन गर्ने । | विद्यार्थी | २५ | २५ | २५ | २५ | २५ | १२५ | |
| १३ | मा. वि तहलाई पुर्ण रुपमा निशुल्क बनाउदै लैजाने कार्यक्रम अवलम्बन गर्ने । | नियमित | नियमित | | | | | | |
| १४ | विषयगत शिक्षण समिति गठन गरि शिक्षण क्रियाकलापलाई चुस्त दुरुस्त बनाउन अनुगमन प्रणालीको बिकास गर्ने । | नियमित | नियमित | | | | | | |
| १२ | कक्षा ९-१२ लाई लक्षित गरि जीवन उपयोगी सिप सम्बन्धि कक्षाहरु नियमित रुपमा सञ्चालन गर्ने । | नियमित | नियमित | | | | | | |
| १४ | विद्यालयमा गुणस्तरीय वाईफाई जडान गर्न सहयोग गरि कम्प्युटर तथा स्मार्ट बोर्ड सहयोग गर्ने । | विद्यालय | | २ | ३ | २ | २ | ९ | |
| १५ | विषयगत शिक्षकहरुलाई शिक्षण सिकाईमा ICT को प्रयोगमा अभयस्त बनाउने कार्यक्रम सञ्चालन गर्ने । | पटक | १ | | १ | | १ | ३ | |
| १६ | विद्यालयमा अनियमित हुने विद्यार्थीहरुलाई लक्षित गरि मनोपरामर्श कार्यक्रम सञ्चालन गर्ने । | नियमित | नियमित | | | | | | |
| १७ | विद्यालयमा स्वच्छ वातावरण निर्माणका निम्ति हरियाली प्रवर्द्धन गर्ने उद्धेश्यले नियमित रुपमा वृक्षरोपाण कार्यक्रम सञ्चालन गर्ने तथा बालबालिकाहरुलाई वातावरण प्रदुषण बारे जागरुकता जगाउने । | नियमित | नियमित | | | | | | |
| १८ | विद्यार्थीहरुको अन्तरनिहित प्रतिभा पहिचानका निम्ति मासिक रुपमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने । | पटक | ७ | ७ | ७ | ७ | ७ | ३५ | |
| | पालिका भित्र रहेका मा.वि तहका | पटक | २ | २ | २ | २ | २ | १० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १९ | शिक्षकहरुको अनुभव आदान प्रदानका निम्ति अतिथी शिक्षक शिक्षण कार्यक्रम सञ्चालन गर्ने । | | | | | | | | |
| २० | स्वास्थ्य सँस्था तथा ग्रैह सरकारी सँस्थाहरुको समन्वयमा विद्यालयमा अर्धवार्षिक रुपमा स्वास्थ्य जाँच गर्ने व्यवस्था मिलाउने । | पटक | २ | २ | २ | २ | २ | १० | |
| २१ | वर्षिक रुपमा उत्कृष्ट विदालय, उत्कृष्ट शिक्षक तथा निवृत शिक्षकलाई सम्मान कार्यक्रम सञ्चालन गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २२ | मा.वि तहको गुणस्तर अभिवृद्धिका निम्ति शैक्षिक सत्रको अन्तमा कक्षा १० को mock test सञ्चालन गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २३ | वार्षिक रुपमा विषयगत शिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने । | आवश्यकतानुसार | आवश्यकतानुसार | | | | | | |
| २४ | अपाङगता भएका बालबालिकाहरुको पहिचान गरि विभिन्न ग्रैह सरकारी सँस्थाहरु सँग समन्वय गरि सहायता सामाग्री प्रदान गर्न मध्यस्तता गर्ने । | आवश्यकतानुसार | आवश्यकतानुसार | | | | | | |
| २५ | निर्माण भईसकेका भौतिक सँरचनाहरु क्रमश अपाङ्ग मैत्री बनाउदै लैजाने तथा नयाँ निर्माण हुने सँरचनाहरुलाई अपाङ्ग मैत्री बनाउने । | आवश्यकतानुसार | आवश्यकतानुसार | | | | | | |
| २६ | शिक्षण मैत्री कक्षा कोठा व्यवस्थापनका निम्ति टिनको छाना भएका भवनहरुमा Gypson छानाको व्यवस्थापन गर्ने । | कक्षाकोठा | १२ | १२ | १२ | १२ | १४ | ६२ | |
| २७ | विद्यालयमा स्वच्छ खानेपानी यकिनका निम्ति पानीको स्वच्छता परिक्षण कार्यक्रम सञ्चालन गर्ने । | पटक | | १ | | १ | | २ | |
| २८ | स्वच्छ खानेपानीका निम्ति फिल्टर तथा तातो चिसो पानीको व्यवस्थापन (chilling machine) गर्ने । | संख्या | | १ | १ | १ | १ | ४ | |
| २९ | प्रत्येक विद्यालयमा सन्दर्भ सामाग्री सहितको पुस्तकालय व्यवस्थापन क्रमश गर्दै लैजाने | विद्यालय | | २ | २ | २ | २ | ८ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम अवलम्वन गर्ने । | | | | | | | | |
| ३० | अर्धवार्षिक रुपमा विद्यार्थीहरुको कक्षागत रुपमा शैक्षिक गुणस्तर परिक्षण गरि शैक्षिक गुणस्तरको मापदण्डमा उत्कृष्ट विद्यालयलाई पुरस्कृत गर्ने व्यवस्था मिलाउने । | विद्यालय | १ | १ | १ | १ | १ | ५ | |

### ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

साधारण शिक्षाले सिप हस्तान्तरण गर्न नसकेको र बेरोजगार मात्र उत्पादन गरेको भन्ने गुनासो आएपछि माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक तथा व्यवसायिक धारका विषयहरु पनि राखिएको छ । प्राविधिक तथा व्यावसायिक शिक्षाले गरिखाने सिप दिन्छ । यसले स्वरोजगार सृजना गर्दछ । त्यसैले अब प्राविधिक तथा व्यवसायिक धार सञ्चालन गरेका विद्यालयको सङ्ख्या बढाउनु राम्रो हुन्छ । प्राविधिक तथा व्यावसायिक शिक्षा आजको अपरिहार्य शिक्षा बनिरहेको छ।

प्राविधिक र व्यावसायिक शिक्षालाई प्राथमिकता दिएर कार्यान्वयन गरेमात्र मुलुकको समुन्नति सम्भव छ । यस कुरालाई मनन् गरी संघ प्रदेश र स्थानीय सरकारले प्राबिधिक शिक्षाको  बिस्तारलाई उच्च प्राथमिकतामा राखेर काम गरिरहेका पनि छन् । यसको बिस्तार प्रत्येक स्थानीय तहसम्म हुन सके सिपयुक्त दक्ष जनशक्ति उत्पादन गरेर स्वदेशमै रोजगार एवम् स्वरोजगारका अवसरहरु सिर्जना गर्दै कामका लागि विदेश जाने युवाहरुलाई स्वदेशमै आत्मनिर्भर बनाउने लक्ष्य पुरा हुने देखिन्छ । औपचारिक रुपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरुवात वि.सं. १९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय (हालको पुल्चोक इन्जिनियरिङ्ग कलेज) बाट भएको हो । नेपालमा विद्यालय शिक्षालाई जीवन उपयोगी बनाउने उद्देश्यले विद्यालय तहमा व्यावसायिक सिप र ज्ञान सिकाउने प्रयास वि.सं.२००४ सालदेखि नै सुरु भएको हो । नयाँ शिक्षा पद्धतिको योजना २०२८ ले शिक्षालाई व्यावसायिक बनाउने सवालमा उल्लेख्य योगदान गरेको देखिन्छ । यद्यपी यो पद्धति र पाठ्यक्रमले निरन्तरता पाउन सकेन । शिक्षालाई सिपसँग, सिपलाई रोजगारी र उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न आवश्यक छ । विद्यालय शिक्षाको अन्तिम तह माध्यमिक तहको शिक्षाले नागरिकलाई जीवन निर्वाह गरेर खान सक्ने आधारभूत व्यावसायिक सिप र दक्षता सहितको श्रम शिक्षा दिन जरुरी छ । यसै कुरालाई मध्यनजरमा राखी माध्यमिक तह कक्षा (९—१२) मा प्राविधिक धारको पठनपाठन सुरु गरिएको छ । तथापी कक्षा ९ मा प्राविधिक धारमा विद्यार्थी भर्ना गर्दा गुणस्तर भन्दा पहुँचलाई प्राथमिकता दिने गरी पाठ्यक्रम डिजाइन गरिएको र कक्षा (११—१२) मा पुगेपछि विज्ञानको पाठ्यक्रम थप गरिएको कारण कठिनाइस्तर बढेकाले प्राविधिक धार पुरा गर्ने विद्यार्थीहरुको दर न्यून रहेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ मा श्रमबजारको आवश्यकताका आधारमा सिप नक्साङ्कन गरी तोकिएको

मापदण्डका आधारमा सबै स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाहरुको स्थापना गरिने छ भन्ने कुरालाई अघि सारेको छ ।

### ३.४.१ वर्तमान अवस्था

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार रासी सोनारी गाउँपालिकामा १० जोड २ वा सो सह वा उच्च तह उत्तीर्ण गरेकाको अध्ययनको क्षेत्रअनुसारको जनसङ्ख्या हेर्दा मानविकी तथा समाजशास्त्र तर्फ १२.६ प्रतिशत, व्यवस्थापन तर्फ ६.४ प्रतिशत, शिक्षा तर्फ ६०.८ प्रतिशत, विज्ञान तथा प्रविधि तर्फ २.६ प्रतिशत, स्वास्थ्य र चिकित्साशास्त्र तर्फ २.६ प्रतिशत, इन्जिनियरिङ तर्फ ०.४ प्रतिशत, कानून तर्फ ०.१ प्रतिशत, कृषि तर्फ ०.८ प्रतिशत, पशु÷विज्ञान र पशुचिकित्सा र मत्स्यपालन तर्फ ०.१ प्रतिशत, कम्प्युटर र सूचना प्रविधि तर्फ ०.५ प्रतिशत र अन्य ३.८ प्रतिशत रहेको छ । यसैगरी सोही तथ्याङ्क अनुसार रासी सोनारीे गाउँपालिकामा ५ वर्ष माथिको जनसङ्ख्यामा पढ्न र लेख्न दुवै जानेका ७०.६ प्रतिशत, पढ्न मात्र जानेका ०.३ प्रतिशत र पढ्न र लेख्न दुवै नजानेका २९.१ प्रतिशत रहेका छन् । ५ देखि २५ वर्षसम्म एस.एल.सी.र एस.ई.ई. तहभन्दा मुनिको शैक्षिक तह उत्तीर्ण गरेको शैक्षिक तह अनुसार जनसङ्ख्या हेर्दा हाल अध्ययनरत ७१.१ प्रतिशत, कम्तीमा एक पटक विद्यालय गएको २४.५ प्रतिशत, कहिल्यै पनि विद्यालय नगएको ४.२ प्रतिशत रहेको छ । यस तथ्याङ्कलाई हेर्दा साक्षर नभएको जनसङ्ख्या यस गाउँपालिकामा ठूलो छ भने साक्षर भएका मध्ये पनि प्राविधिक क्षेत्रको अध्ययन भएको जनसङ्ख्या कम छ । यस गाउँपालिकामा प्राविधिक शिक्षा तर्फ एउटा मात्र विद्यालयमा बाली विज्ञानको पढाइ हुन्छ ।

### ३.४.२ उद्देश्य

१. माग र आवश्यकताको आधारमा प्राविधिक तथा व्यवसायिक धारका विद्यालयहरु स्थापना गर्नु ।
२. प्राविधिक तथा व्यवसायिक धार सञ्चालन गरेका विद्यालयको संस्थागत विकास गर्नु ।
३. माग र आवश्यकताका आधारमा छोटो अवधिका तालिम सञ्चालन गर्नु ।

### ३.४.३ रणनीति

१. प्राविधिक तथा व्यवसायिक धारका विद्यालय स्थापना गरी सीपयुक्त र रोजगार मुलक शिक्षा प्रदान गरिएको हुनेछ ।
२. प्राविधिक तथा व्यवसायिक धारका थप विद्यालय स्थापना गर्दा विषय दोहोराएर स्थापना गरिएको हुनेछैन।
३. स्थानीय पाठ्यक्रम निर्माण गरी स्थानीय सिप र प्रविधिलाई समेत समेटिएको हुनेछ ।

४. प्राविधिक तथा व्यवसायिक शिक्षाको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि संघीय तथा प्रदेश सरकार र गै.स.सं. सँग समन्वय र सहकार्य गरिएको हुनेछ।
५. विद्यालयबाहिर रहेका युवायुवतीका लागि छोटो अवधिका सिपयुक्त शिक्षा दिन तालिम सञ्चालन गरिएको हुनेछ ।
६. प्राविधिक तथा व्यवसायिक शिक्षामा समावेशीकरणलाई सुनिश्चित गरिएको हुनेछ ।

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. प्राविधिक तथा व्यवसायिक शिक्षा प्राप्त जनशक्तिको उत्पादन हुने ।
२. रोजगार तथा स्वरोजगारको अवसर वृद्धि हुने प्राविधिक तथा व्यवसायिक धारको उच्च शिक्षाको लागि आवश्यक सिकाईको विकास हुने ।

**नतिजा**

१) छात्रवृत्ति लगायतका सहायता प्रणालीबाट प्राविधिक तथा व्यावसायिक शिक्षामा लक्षित तथा युवा वर्गको भर्ना तथा चक्र पूरा गर्ने दरमा बृद्धि हुने।

२) सञ्चालनमा रहेका सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रमलाई प्रभावकारी, गुणस्तरीय र साधन स्रोत सम्पन्नरुपमा व्यवस्थापन गर्ने।

३) तालिम प्राप्त प्रशिक्षकहरुलाई आकर्षण गर्नका लागि विभिन्न सेवा सुविधामा बढोत्तरी तथा पेशामा स्थायित्त्वको व्यवस्थापन हुने

४) स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको माग तथा आवश्यकतानुसार विभिन्न सीप विकासका तालिमहरु नियमितरुपमा सञ्चालन हुने

५) स्थानिय क्षेत्रको जनशक्ति आपूर्तिमा सहयोग पुग्ने

**३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र. सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | २ | ३ | ४ | ५ |
| १ | रोजगार परामर्श सेवा | गाउँपालिका | स्थानीय बुद्धिजिबी,उद्योगी व्यवसायी र पेसाकर्मीहरुको सहयोगी र समन्वयमा स्थानीय र बाहिरका स्रोतव्यक्तिहरुबाट गाउँपालिका भित्रका रोजगारी तथा स्वरोजगारीका क्षेत्रहरुको पहिचान गर्ने एवं स्थानीय युवाहरुलाई सो बारे परामर्श दिने | | निरन्तर | १ | | १ | | १ |
| २ | स्वरोजगार प्रवर्द्धन कार्यक्रम | गाउँपालिका | व्यवसायिक रुपमा तालिम प्राप्त र स्वरोजगार हुन चाहने युवाहरुलाई विभिन्न बैंक र वित्तीय संस्थाहरु मार्फत ऋण सहयोग उपलब्ध गराउन र अन्य सहयोगका लागि आवश्यक वातावरण निर्माण र सहजीकरण गर्ने | | आवश्यकतानुसार | आवश्यकतानुसार | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | प्राविधिक तथा व्यावसायिक विद्यालय | गाउँपालिका /विद्यालय | गाउँपालिकाभित्र सञ्चालित माध्यमिक विद्यालयहरुमा फरक फरक प्राविधिक तथा व्यवसायिक धारको शिक्षा सञ्चालन गर्ने गरी विद्यालयहरुलाई पूर्वाधार विकास ब्यवस्था गर्ने | बिद्याल य | १ | | १ | १ | १ |
| ४ | प्रयोगशाला व्यवस्थापन र स्तरोन्नति | गाउँपालिका /विद्यालय | | वटा | | २ | २ | २ | २ |
| ५ | युवाहरुलाई खोज तथा नवप्रवर्तनका लागि प्रोत्साहनमूल क कार्यक्रम | | | पटक | १ | १ | १ | १ | १ |
| ६ | प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरुलाई इन्टर्नसिप तथा उद्यमशिलता विकासका लागि कार्यक्रम | | | संख्या | | ८ | ८ | ८ | ८ |

### ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

सिकाइ निरन्तर प्रकृया हो । मानिसलाई बाँच्दासम्म निरन्तर शिक्षा चाहिन्छ । त्यसैले मानिसलाई अनौपचारिक शिक्षाको आवश्यकता पर्दछ । अनौपचारिक शिक्षा जीवन पर्यन्त चलिरहन्छ । अनौपचारिक शिक्षाको माध्यमबाट निरक्षरता उन्मुलन, साक्षरोत्तर कक्षा, स्थायी ज्ञान, सिप र प्रविधिको हस्तान्तरण, सिप विकास र चेतनामुलक सन्देशको विस्तार गर्न सकिन्छ । समाजमा औपचारिक शिक्षा मात्र प्रयाप्त हुदैन । जीवन पर्यन्त सिकाइका लागि अनौपचारिक शिक्षाको ठूलो महत्व छ । औपचारिक शिक्षाको दायरामा नसमेटिएका नागरिकलाई विविध तरिकाबाट समय सापेक्ष ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन गराउन जीवन पर्यन्त चलिरहने शिक्षा नै अनौपचारिक शिक्षा हो । निरक्षरका लागि साक्षरता, साक्षरताका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ । राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ ।

वर्तमान अवस्था प्रथम पञ्चबर्षिय योजना (२०१३—२०१८) बाट प्रौढ साक्षरताको सुरुवात, २०६५—०६६ मा नेपाल सरकारको राष्ट्रिय साक्षरता अभियान सञ्चालन, २०६९—०७२ को साक्षर नेपाल अभियान आदि कार्यक्रमहरु नेपालमा बैकल्पिक पद्धतिबाट (विद्याय बाहिर रहेका समेत) नागरिकलाई शिक्षित बनाउनका लागि प्रभावकारी भूमिका खेल्ने कार्यक्रमहरु रहेका थिए । शिक्षा नियमावली २०५९ को परिच्छेद ९ र १० मा क्रमशः अनौपचारिक र दूर शिक्षा सम्बन्धी व्यवस्था भएको साथै पन्ध्रौ योजना (२०७६/०७७—२०८०/०८१)ले समेत "अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइ मार्फत सिकेका ज्ञान र सिपलाई आयमूलक कार्यक्रमसँग आबद्ध गरी जीवनपर्यन्त सिकाइलाई सुनिश्चित गर्नू रणनीति तय गरेको छ ।

### ३.५.१ वर्तमान अवस्था

यस राप्ती सोनारी गाउँपालिकामा १४ हजार ९ सय ४६ घरधुरी र जनसङ्ख्या ६६ हजार ४ सय ४५रहेको छ । यस पालिकामा ४ वटा सामुदायिक सिकाई केन्द्रहरू सञ्चालनमा रहेका छन । तर ती केन्द्रहरु प्रभावकारीरुपमा  सञ्चालनमा हुनसकेका छैनन् । केन्द्रीय तथ्यांक विभागको २०७८ सालको जनगणना अनुसार राप्ती सोनारी गाउँपालिकाको साक्षरता दर ७५.५ रहेको छ। जसमा महिला साक्षरता दर ६८.९५र पुरुषको साक्षरता दर ८२.५ रहेको छ ।अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइका चुनौतीहरूमा सामुदायिक सिकाइ केन्द्रहरूलाई क्रियाशील रूपमा परिचालन गर्ने, औपचारिक शिक्षाबाट बाहिररहेका सबै व्यक्तिलाई अनौपचारिक शिक्षामा पहुँच पुरयाउने,सबैलाई कार्यमूलक साक्षर बनाउने छन् ।यसैगरी अनौपचारिक शिक्षालाई औपचारिक शिक्षासँग आबद्ध गर्ने, सिकाइ केन्द्रमा पर्याप्त पठन सामाग्रीहरूको उपलब्धता गराउने, सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैरसरकारी सङ्घ संथाहरू, नागरिक समाज, सञ्चारमाध्यम, अभिभावक परिचालन गरिसाक्षरता स्थिति बढाउने जस्ता चुनौतीहरू छन् । यसैगरी यसका अवसरमा शिक्षालाई मौलिक हकको रूपमा राखिनु, शिक्षा नियमावलीमा अनौपचारिक शिक्षा सम्बन्धी व्यवस्था हुनु, सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी नीतिगत व्यवस्था, विभिन्न सङ्घसंस्था तथा सरोकारवालाहरूले सबैका लागि शिक्षामा प्रतिबद्धता जनाउन जस्ता कुराहरू अबसरका रुपमा रहेका छन् ।

### ३.५.२ उद्देश्य

१. शिक्षामा समावेशीता र जीवन पर्यन्त सिकाईको अवसर प्रदान गर्नु ।
२. स्थानीय ज्ञान, सिप र प्रविधिको संरक्षणमा सहयोग गर्नु ।
३. समुदायमा स्वास्थ्य, वातावरण, लैङ्गिकता आदि सम्बन्धी जनचेतना विस्तारमा सहयोग पुरयाउनु।

### ३.५.३ रणनीति

१. विद्यालय शिक्षा पुरा गर्न नसकेका नागरिकलाई खुल्ला सिकाईका माध्यमबाट सिकाइ अनुभवको अवसर प्रदान गरिनेछ ।
२. संघीय सरकार, प्रदेश सरकार, गैरसरकारी र समुदायमा आधारित संस्थाहरुसँग समन्वय र सहकार्य गरी परम्परागत ज्ञान, सिप र प्रविधिको संरक्षण, आधुनिकिकरण र हस्तान्त्रण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
३. गैरसरकारी संस्था, समुदायमा आधारित संस्था र सञ्चार माध्यमसँग समन्वय र सहकार्य गरी स्वास्थ्य, वातावरण, लैङ्गिकता, आदि सम्बन्धमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
४. साक्षरता कार्यक्रम र परम्परागत ज्ञान, सिप र प्रविधिको संरक्षण र हस्तान्तरण गर्न सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन गरिनेछ ।
५. बैकल्पिक सिकाइका लागि आवश्यक पूर्वाधार तयार गरिनेछ ।

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. राप्तीसोनारी गाउँपालिकाभित्र नागरिकले जीवन पर्यन्त सिकाइको अवसर प्राप्त गरेको हुने ।
२. परम्परागत ज्ञान, सिप र प्रविधिको संरक्षण र प्रवद्र्धन भएको हुने ।
३. विद्यालयबाहिर रहेका नागरिकहरुले खुल्ला सिकाइका अवसर प्राप्त गरेका हुने ।

**नतिजा**

१) आजीवन सिकाइका लागि परिभाषित ढाँचा र स्तरीकरणका आधारमा सिकाइका थप अवसरहरुको सिर्जना हुने।

२) गाउँपालिकामा सञ्चालित सामुदायिक सिकाइ केन्द्रहरुको संस्थागत संयन्त्र एवम् सञ्चालन मापदण्ड तयार भई एकीकृत सेवा प्रवाह गर्ने आजीवन सिकाइ केन्द्र (Lifelong Learning Hub) का रुपमा विकास हुने।

३) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सीपको पहिचान एवम् प्रमाणीकरण गर्न नीति/नियमावली/कार्यविधि तयार गरी राष्ट्रिय योग्यता प्रारुपअनुरुप समकक्षता प्रदानका लागि समन्वय र सहजीकरण हुने।

| क्र.सं. | सूचक | आधार वर्ष ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत सुविधासम्पन्न सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | ४ | १ | १ | १ | १ |
| २ | सामुदायिक पुस्तकालयको सङ्ख्या | | | १ | | १ |

### ३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | इकाइ | भौतिक लक्ष्य ५ वर्षमा |
|---|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| १ | स्थानीय मागमा आधारमा सामुदायिक सिकाइ केन्द्र स्थापना , समायोजन तथा पुनर्वितरण | गाउँपालिका | सञ्चालनमा रहेका CLC लाई अपेक्षित कार्यका लागि सक्रिय बनाउने र थप सिकाइ केन्द्रहरुको आवश्यकता अध्ययन गरी थप गर्ने वा समायोजन गर्ने | पटक | ४ | १ | १ | १ | २ |
| २ | सार्वजनिक पुस्तकालय तथा वाचनालयको स्थापना | गाउँपालिका | प्रत्येक वडामा कम्तिमा १ वटा सार्वजनिक पुस्तकालय तथा वाचनालयको स्थापना गरी सामुदायिक अध्ययन केन्द्रसँग आवद्ध गर्ने | पटक | | १ | १ | १ | २ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | जेष्ठ नागरिक , श्रमिक ,अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यकतामा आधारित निरन्तर सिकाइको अवसरको प्रबन्ध गर्ने | गाउँपालिका | | आवश्यकतानुसार | आवश्यकतानुसार | | | | |
| ४ | नवसाक्षर र विपन्न महिलाहरुलाई समावेश गरी समूह निर्माण गर्ने र आयआर्जनका कार्यक्रमहरु सञ्चालन गर्दै बचत गर्ने बानीको विकास गर्ने संयन्त्र निर्माण र परिचालन गर्ने | गाउँपालिका | | निरन्तर | १ | १ | १ | १ | १ |
| ५ | स्थानीय भाषा , कला ,र संस्कृति संरक्षण ,प्रबद्धन र विकास गर्ने कार्यक्रमहरु | गाउँपालिका | | पटक | १ | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सञ्चालन गर्ने | | | | | | | | |
| ६ | सिकाइ प्रक्रियाका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग) रेडियो , टिभी ,अनलाइन तथा अफलाइन डिजिटल सामाग्रीको ब्यवस्था गर्ने | | | आवश्यकतानुसार | आवश्यकतानुसार | | | | |

## परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

पाठ्यक्रम गतिशील र लचिलो हुनुपर्दछ । विद्यालय शिक्षाको पाठ्यक्रम संघीय सरकारले निर्माण गर्दछ । राष्ट्रिय पाठ्यक्रम कार्यान्वयन गर्ने दायित्व स्थानीय सरकारको रहेका छ । स्थानीय सरकाले कक्षा (१–८) सम्म स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण गरी लागु गर्न सक्छ ।

### ४.१.१ वर्तमान अवस्था

नेपालको शिक्षामा बालिका तथा महिलाहरू र अपाङ्गता भएकाहरूका लागि केही विशेष प्रबन्ध स्वरूप वि.स. २००४ सालमा छात्राहरूका लागि छुट्टै विद्यालय पद्मकन्या विद्याश्रमको स्थापना र वि.स. २०२१ मा लेबोरेटरी स्कुलमा दृष्टिविहीन बालबालिकाका लागि एकीकृत विद्यालय शिक्षा प्रारम्भ भइ हालसम्म सञ्चालित छ । शिक्षा नियमावली २०२८ अनुरूप २०३० सालमा विशेष शिक्षा परिषद् गठन भइ अपाङ्गता भएकाहरूको शिक्षाका लागि सरकारबाट औपचारिक संस्थागत थालनी भएको पाइन्छ ।

समतामूलक एवंसमावेशी शिक्षाका लागि नेपालले अपाङ्गता भएका व्यक्तिका लागि समतामूलक अवसर सुनिश्चित गर्ने सम्बन्धी संयुक्त राष्ट्र संङ्घीय प्रामाणिक नियमहरू सन् १९९३, एसिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूको दशक सन् १९९३—२००२, सालामान्का घोषणा सन १९९४, तथा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९ तथा संयुक्त राष्ट्र सङ्घीय अपाङ्गता भएका व्यक्तिहरूको अधिकार ;म्बन्धी महासन्धि सन् २००६ आदिमा प्रतिबद्धता जनाएको छ । यी सम्पूर्ण महासन्धि एवं घोषणाहरूले अपाङ्गता भएका व्यक्ति लगायत विशेष शिक्षाको आवश्यकता भएका सबैलाई शिक्षाको मूलधारमा समावेश गर्नुपर्ने कुरामा जोड दिएका छन् ।

नेपालको संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको रूपमा लिदै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुने र अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकले कानुन ऐनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली सम÷दायलाई कानुन ऐनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ । विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचक सहितको एकीकृत समता रणनीति २०७१ कार्यान्वयनबाट वञ्चितिकरणमा परेका बालबालिकाहरूलाई थप सहयोग सहितको शैक्षिक अवसरको व्यवस्था गरिएको छ । राप्ती सोनारी गाउँपालिकाले अपाङ्गता भएका बालबालिका, छात्रा, दलित, जनजाति समुदायका बालबालिकाहरूलाई छात्रवृत्ति र प्राविधिक तथा व्यावसायिक शिक्षामा प्राथमिकता एवम् आरक्षणको व्यवस्थाले यससमूहका बालबालिकाको शिक्षामा पहुँच रसहभागिता

बढाउन मद्दत पुगेको देखिन्छ । स्रोत कक्षा, विशेष विद्यालय तथा समावेशी विद्यालयबाट समेत अपाङ्गता भएका बालबालिकाहरूले शिक्षामा अवसर पाइरहेका छन् । २०७८ सालको जनसङ्ख्या अनुसार रासी सोनारी गाउँपालिकामा २.९ प्रतिशत अपाङ्गता भएकाको जनसङ्ख्या छ । जसमध्ये महिला २.५ र पुरुष ३.३ प्रतिशत छन् ।

दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक, छात्रा तथा सीमान्तकृत बालबालिकाहरूलाई लक्षित गरी आवासीय छात्रवृत्ति, विद्यालय तहमा लैङ्गिक समताका लागि महिला शिक्षकको व्यवस्था, विद्यालय नर्स आदि कार्यक्रमहरू कार्यान्वयन गरिए तापनि अझै विद्यालय शिक्षामा समता र समावेशिता कायम गर्न सकिएको छैन ।

रासी सोनारी गाउँपालिकामा अनाथ घरेलु हिंसा पीडित, द्वन्द्वपीडित, सहिद परिवार, बेपत्ता घाइते , अपाङ्गता सबै किसिमका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउनका लागि गाउँपालिकाले विभिन्न कामहरू गरिरहेको छ । छात्रवृत्ति, अपाङ्गमैत्री विद्यालय, बालमैत्री विद्यालय, दिवा खाजालगायतका कामहरू गाउँपालिकाले गरिरहेको छ । तर पनि समावेशी शिक्षाको हकमा धेरै काम गर्न बाँकी छ । यस पालिकामा अपाङ्गता भएका बालबालिकाहरूका लागि श्रोत विद्यालयको व्यवस्थापन हुन नसक्दा अहिले पनि शिक्षाको मूलधारमा पुग्न सकेको देखिदैन ।

**प्रमुख समस्या र चुनौती**

- विद्यालय बाहिर रहेका, बिचैमा विद्यालय छाडि तह पुरा नगर्ने, अपेक्षित शैक्षिक उपलब्धि प्राप्त गर्न नसकेकाहरूलाई सम्बोधन गरी समता तथा समावेशिता अभिवृद्धि गर्नु आवश्यक देखिएको छ । विद्यालयमा शिक्षामा कमजोर वर्गको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्न, विशेष सुविधाको आवश्यकता पर्ने बालबालिकाहरूलाई सिकाइका लागि आवश्यक पर्ने सहयोग गर्ने प्रणाली प्रभावकारी व्यवस्थापन गर्नु, सबै प्रकारका अपाङ्गता भएका बालबालिकाहरूका लागि विशेष शिक्षाको सुनिश्चितता गर्नु, विद्यालयका पूर्वाधारहरूलाई छात्रामैत्री र अपाङ्गमैत्री बनाउनु र स्रोत कक्षाको सञ्चालन तथा व्यवस्थापनमा प्रभावकारीता अभिवृद्धि गर्नु यस क्षेत्रमा देखिएका मुख्य चुनौतीका विषयहरू हुन् ।
- नेपालको संविधानमा कमजोर वर्गका बालबालिकाहरूलाई आधारभूत र माध्यमिक शिक्षामा निःशुल्क तथा अपाङ्गता बालबालिकाहरूलाई निःशुल्क उच्च शिक्षा प्रदान गर्ने व्यवःथा छ । छात्रा र दलित एवम् सीमान्तकृत बालबालिकाहरूका लागि छात्रवृत्ति प्रदान गर्नु, विद्यालय एवम् कक्षाकोठामा विविधता व्यवस्थापनको पाटो सशक्त बन्दै जानु, गाउँपालिकाले कमजोर वर्गको शिक्षामा पहुँच पु¥याउनका लागि खेल्दै गरेको भूमिका, शिक्षक लगायत हरेक पेसामा आरक्षणको व्यवस्था लागु गरिनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

## ४.१.२ उद्देश्य

पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी राष्ट्रिय नीतिको कार्यान्वयन गर्नु यस शिक्षा योजनाको समग्र उद्देश्य रहेको छ ।

यसका विशिष्ट उद्देश्यहरु निम्न लिखित छन् ।

१. नेपाल सरकारद्धारा जारी विद्यालयको तहगत र कक्षागत पाठ्यक्रम कार्यान्वयनको सुनिश्चितता गर्नु ।

२. स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण गरी कार्यान्वयनमा ल्याउनु ।

३. सिकारुहरुमा अपेक्षित ज्ञान, सिप, अभिवृद्धि र व्यवहार विकासमा सहयोग पुरयाउनु ।

### ४.१.३ रणनीति

१.विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप,२०७६ र त्यसअनुरुप निर्मित पाठ्यक्रमहरुको कार्यान्वयन गरिने छ ।

२.स्थानीय परिवेश सुहाउँदो, स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्यवन गरिनेछ ।

३.नेपाल सरकारद्धारा विकसित पाठ्यक्रम कार्यान्वयन लागि प्रबोधिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

४.शिक्षण विधि, शिक्षण सामाग्री र मूल्याङ्कन पद्धतिमा सुधार ल्याई सिकाई उपलब्धीमा सुधार गरिनेछ ।

५.विद्यार्थी मूल्याङ्कनलाई सिकाईको अभिन्न अङ्गको रुपमा स्थापित गरिनेछ ।

६.आवधिक परीक्षाको नतिजा विश्लेषण, प्रकाशन र प्रबोधीकरण कार्यलाई व्यवस्थित गरिनेछ ।

७.विद्यार्थी मूल्याङ्कनका लागि सञ्चालित परीक्षालाई मर्यादित बनाई सुधार गरिनेछ ।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१.विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ र त्यस अनुरुप निर्मित पाठ्यक्रमको प्रभावकारी कार्यान्वय भएको हुने ।

२.स्थानीय पाठ्यक्रम र पाठ्यसामाग्री निर्माण भई कार्यान्वयन भएको हुने ।

३.बहुपाठ्यपुस्तक, विद्यार्थी केन्द्रित शिक्षण विधि, शिक्षक डायरी, निर्माणात्मक मूल्याङ्कन र प्रारम्भिक कक्षाहरुमा बहुभाषाको प्रयोग सिकाई उपलब्धीमा सुधार ल्याउने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | ७० | ७० | ७० | ७० | ७० |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | ४० | ४६ | ४८ | ४८ | ४८ |
| ३ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | ५४ | ७० | ७० | ७० | ७० |

**४.१.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र.स. | क्रियाकलापहरु | जिम्मेवार निकाय | कार्यविधि | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| १ | राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को कार्यान्वयन अनुगमन | गाउँपालिका | | पटक | १ | १ | १ | १ | १ |
| २ | स्थानीय पाठ्यक्रम अद्यावधिक तथा पाठ्यपुस्तक विकास | गाउँपालिका | | पटक | | | | | १ |
| ३ | अपाङ्गता भएका बालबालिकाहरुजका लागि उपयुक्त पाठ्यसामग्रीको | गाउँपालिका | | आवश्यकतानुसार | आवश्यकतानुसार | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विकास र वितरण | | | | | | | | |
| ४ | अभिभावक शिक्षाको पाठ्यक्रम विकास | गाउँपालिका | | पटक | | | १ | | |
| ५ | स्तरमापन परीक्षा सञ्चालन | गाउँपालिका र विद्यालय | | पटक | १ | २ | २ | २ | २ |
| ६ | CB-EGRA सञ्चालन | गाउँपालिका र विद्यालय | | पटक | १ | १ | १ | १ | १ |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### पृष्ठभुमि

सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित  शिक्षकहरुको व्यवस्थापनबाट मात्र गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र पेशागत विकासलाई प्रभाबकारी बनाउन आवश्यक छ । वर्तमान अवस्थामा शिक्षक तयारी गर्ने काम विश्वविद्यालय र कक्षा ११ र १२ सञ्चालन गरेका विद्यालयले गर्दछ । शिक्षक अध्ययन अनुमतिपत्रका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त शिक्षक दरबन्दीमा स्थायी शिक्षक पदपूर्ति गर्न परीक्षा सञ्चालन गर्ने, स्थायी नियुक्तिका लागि सिफारिस  गर्ने र शिक्षक बढुवा सम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ । शिक्षकको क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने काम शिक्षा तालिम केन्द्रले गर्दै आएका छन् । यसैगरी अस्थायी शिक्षक नियुक्ति तथा कार्यसम्पादन मूल्याङ्कनको काम स्थानीय तहले गर्दै आएका छन् ।

विद्यालयमा विभिन्न तरिकाले नियुक्ति पाएका शिक्षकहरु छन् । त्यसकारण शिक्षकहरुको सेवा सर्त र सुविधा समेत फरक—फरक छन् । अस्थायी, राहत र निजी स्रोतका शिक्षक नियुक्ति गर्दा उपयुक्त मापदण्ड र निर्देशिका तयार गरी प्रयोगमा ल्याउन जरुरी छ । शिक्षकको कार्यसम्पादन मूल्याङ्कनलाई बढुवा प्रयोजनमा मात्र सिमित नराखी विद्यार्थीको सिकाई उपलब्धीसँग आवद्ध गरी शिक्षकलाई जिम्मेवार बनाउने आवश्यक छ । राप्तीसोनारी गाउँपालिकामा पनि शिक्षकको अभाव र नवनियुक्त शिक्षकलाई तालिमको अभाव जस्ता समस्या देखिन्छ ।

शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक एक जीवन्त स्रोत हो । यही जीवन्त स्रोतको क्रियाशिलतामा शिक्षण सिकाइमा अरु स्रोतहरुले गति लिने गर्दछन् । शिक्षकमा भएको पेसाप्रतिको समर्पण र उत्साह, विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरुको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरुको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रुपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ । शिक्षाको गुणस्तर अभिवृद्धिका लागि समग्र मुलुकमा जस्तै

यस गाउँपालिकामा पनि शिक्षण पेसालाई रोजाइको पेसाका रुपमा विकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने आदि सवालमा क्रमशः केही सकारात्मक कामहरु भएको पाइयो । तर पनि चुनौतिहरु पनि थपिदो अबस्थामा छन् ।

पन्ध्रौ योजनामा विद्यालय शिक्षाको गुणस्तरमा सुधार ल्याउन शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षक पेसागत विकास कार्यक्रम सञ्चालन गरिने र सार्वजनिक माध्यमिक विद्यालयमा क्रमशः अलग्गै प्रधानाध्यापकको व्यवस्था गरी सबै प्रधानाध्यापकहरुको व्प्यवस्थापकीय एवम् नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन गरिने उल्लेख छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले स्थानीय तहले विद्यालयलाई केन्द्रविन्दु बनाएर शिक्षकको निरन्तर पेसागत विकास कार्यक्रमहरु, जस्तैः कष्टमाइज्ड तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण, प्रतिबिम्बन, शिक्षक नेटवर्क, सहकार्यात्मक रुपमा गरिने अनुसन्धान मेन्टरिंग, कोचिङ्ग आदि सञ्चालन गरिने व्यवस्था गरेको छ । साथै सो नीतिमा सूचना तथा सञ्चार प्रविधिको विकासमा भएको तीव्र विकाससँगै तालिम दिने पद्धतिमा समेत परिमार्जन गरी आमने सामने, विद्यालयमा आधारित, मिश्रित, अनलाइन तथा भर्चुअल पद्धतिबाट तालिम सञ्चालन गरिने उल्लेख छ ।राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार विद्यार्थीहरुले परीक्षामा हासिल गरेको परिणाम समेतको आधारमा शिक्षकको कार्यसम्पादन मूल्यांकन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि शिक्षकहरुलाई जिम्मेवार र जवाफदेही बनाइने छ र शिक्षकको सक्षमता, विद्यार्थीको सिकाई उपलब्धि, सिकाई क्रियाकलाप सम्बन्धमा गरिएका अनुसन्धान, शैक्षिक सामग्री निर्माण, नवप्रवर्तनात्मक कार्य, अतिरिक्त र सहक्रियाकलाप सञ्चालन, पेसागत जिम्मेवारी तथा जबाफदेहिता बहस जस्ता स्पष्ट र पारदर्शी सूचकका आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने व्यवस्था गरिने उल्लेख छ । यसैगरी राष्ट्रिय शिक्षा नीतिले शिक्षकलाई प्रशासनिक रुपमा प्रधानाध्यापकप्रति र सिकाई उपलब्धिका लागि विद्यार्थी तथा अभिभावकप्रति जवाफदेही बनाउने र, प्रधानाध्यापकलाई सिकाई र विद्यालय व्यवस्थापनका लागि विद्यार्थी, अभिभावक र स्थानीय तहप्रति जबाफदेही बनाइने उल्लेख गरेको छ ।

### ४.२.१ वर्तमान अवस्था

शिक्षक व्यवस्थापन र विकासका क्षेत्रमा राप्ती सोनारी गाउँपालिकाको वर्तमान अवस्था र समसामयिक सवालहरुलाई निम्नानुसार प्रस्तुत गरिन्छ ।

**(क) शिक्षण पेसाप्रति आकर्षण र नियुक्ति**

शिक्षण पेसालाई रोजाइको पेसाका रुपमा विकास गर्नका लागि शिक्षाको राष्ट्रिय नीति २०७६ ले सबै विद्यालयमा योग्य तथा सक्षम विषयगत शिक्षकको व्यवस्थापन गर्दै उनीहरुको उत्प्रेरणा, पेसागत नैतिकता र सक्षमता अभिवृद्धि गर्नुका साथै शिक्षकको कार्य सम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने नीति अघि सारेको छ । पन्ध्रौं योजनाले यस पेसामा अब्बल प्रतिभाहरुलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अंक हासिल गरेको व्यक्तिलाई सोझै शिक्षण पेसामा प्रवेश गर्न पाउने कानूनी व्यवस्था गर्ने उल्लेख गरेको छ । शिक्षक सेवा आयोग नियमावली २०५७ अनुसार शिक्षक हुनका लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनु पर्ने,स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्ण हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पूरा गर्नु पर्ने र पेसाको सुरक्षा लगायतका कारणले शिक्षण पेसालाई समाजमा प्रतिष्ठित पेसाका रुपमा लिइने अवस्थामा सुधार हुँदै गएको छ ।

शिक्षक सेवा आयोगबाट आधारभूत तह (कक्षा १—५), आधारभूत तह (कक्षा ६—८) र माध्यमिक तहमा रिक्त शिक्षक दरबन्दीमा पदपूर्तिका लागि परीक्षा सञ्चालन गर्ने कार्य भइरहेको छ । शिक्षक सेवा आयोगबाट नियुक्तिका लागि सिफारिस भएका शिक्षकहरुलाई स्थानीय तहले विद्यालयमा नियुक्ति तथा पदस्थापन गर्ने कार्यको थालनी भएको छ । विद्यालय र कक्षाकोठालाई नैतिक आचरण, कम्प्युटरसम्बन्धि दक्षता, बालबालिका प्रति सकारात्मक प्रवृत्ति र आर्थिक प्रलोभन भन्दा पनि सामाजिक प्रतिष्ठा रसम्मानलाई महत्व दिने स्वभावको शिक्षकको आवश्यकता रहेको छ ।

**(ख) शिक्षक तयारी**

नेपालमा विद्यालयको शिक्षा शास्त्रको उच्च माध्यमिक तह र विश्वविद्यालयहरुले सञ्चालन गर्दै आएका बि.एड., एम.एड.लाई नै शिक्षक तयारी कोर्स वा प्राज्ञिक योग्यता दुबै मानिएको छ । यस्ता कार्यक्रमहरुमा विद्यार्थी भर्नाका आधारहरु न्यूनतम ग्रेड तोकिएको हुँदा यसकै परिणामस्वरुप विश्वविद्यालयका यी कार्यक्रमहरुमा उत्तीर्ण दर पनि न्यून रहेको देखिन्छ । शिक्षा ऐन २०२८ (संशोधनसहित) र शिक्षक सेवा आयोग नियमावली २०५७ मा भएको व्यवस्थानुसार नेपालको प्राथमिक र निम्नमाध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा कक्षा १२ वा अन्य संकायबाट सो सरह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम लिई अध्यापन अन÷मति पत्र प्राप्त गरेको र माध्यमिक तहका लागि शिक्षाशास्त्रबाट स्नातक तह उत्तीर्ण वा अन्यबाट स्नातक तह उत्तीर्ण गरी एक वर्षे बी.एड. गरी अध्यापन अनुमति पत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ । माध्यमिक तह कक्षा ११—१२ मा अध्यापन गर्नका लागि स्नातकोत्तर तह उत्तीर्ण गरी

अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनु पर्ने प्रावधान छ । अध्यापन अनुमति पत्रको लागि परीक्षा शिक्षक सेवा आयोगले सञ्चालन गर्दै आएको छ ।

### ग) शिक्षण सिकाइ क्रियाकलाप

पन्ध्रौं योजनाले शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी संख्या कम भएकका विद्यालयमा बहुकक्षा शिक्षण व्यवस्था, कक्षा शिक्षण पद्धतिमार्फत पढाइ सीप प्रवर्द्धन गर्न उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोत सामग्री, प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन लगायतका व्यवस्थामा जोड दिएको छ । विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थीकेन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरुसञ्चालन भएका छन् । यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित कस्टमाइज्ड तालिमहरु सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरियो । यति हुँदा पनि हाम्रा शिक्षकहरुलाई एकातिर कक्षाकोठाका शिक्षण सिकाइ क्रियाकलापमा रमाउनका लागि उपयुक्त वातावरणको सिर्जना गर्न नसकेको अवस्था छ भने अर्कोतिर शिक्षण सिकाइ क्रियाकलापमा रमाउने स्वभावका शिक्षकहस् छनोट गरेर कक्षामा लिन नसकेको अवस्था पनि छ । कतिपय विद्यालयको कमजोर भौतिक पूर्वाधार, उच्च गतिको इण्टरनेट सुविधाको कमी, स्रोतको कमी, विषयगत दक्ष, योग्य र उत्प्रेरित शिक्षकको कमी, शैक्षणिक सामग्रीको कमी, उपयुक्त कार्य वातावरणको कमी आदि कारणले कक्षाकोठाको शिक्षणसिकाइमा अपेक्षित सुधार हुन नसकेको अवस्था छ ।

### घ) शिक्षकको पेसागत सहयोग पद्धति

नेपालमा शिक्षक पेसागत सहयोगका लागि बि.स.२०२८ मा लागू भएको राष्ट्रिय शिक्षा पद्धतिले लिडर र फिडर विद्यालयको अवधारणा अघि सारेको थियो । यसै गरी विद्यालय सुपरीवेक्षणबाट शिक्षक सहायता उपलब्ध गराउन प्राथमिक शिक्षक निरीक्षक र माध्यमिक शिक्षक निरीक्षकहरुको व्यवस्था गरेको थियो । ग्रामीण विकासका लागि सेती परियोजना —१—८१—१——१) हुँदै नेपालको शिक्षा सुधारका लागि निरन्तररुपमा धेरै परियोजना र कार्यक्रमहरु कार्यान्वयनमा आए.ती सबैले शिक्षक पेसागत सहयोगलाई महत्व दिई विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएका देखिन्छन् ।

ग्रामीण विकासका लागि सेती परियोजना तथा आधारभूत तथा प्राथमिक शिक्षा परियोजनादेखि नै नेपालमा शिक्षक पेसागत सहयोगका लागि स्रोत केन्द्रहरु स्थापना भएर क्रमशः तिनको संख्या विस्तार गरी १०५१ स्रोत केन्द्रहरुमार्फत शिक्षक पेसागत सहयोग प्रदान हुँदै आइरहेका थियो । संघीय संरचनाको कार्यान्वयनसँगै हाल आएरस्रोत केन्द्र पद्धति विघटन भएको हुँदा स्रोत केन्द्रबाट सम्पादन हुने कार्यहरुमा गतिरोध भएको अवस्था छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयमा

विषयगत शिक्षकको सुनिश्चितता गर्नुका साथै शिक्षकको तयारी, प्राप्ति, विकासर उपयोग प्रणालीमा सुधार गरी विद्यालय शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्ने एवम् स्थानीय तहमा सेवा निवृत्त शिक्षकहरुलाई अध्ययन अनुसन्धान, शिक्षक सहायता, अनुगमन आदिमा प्रयोग गर्ने उल्लेख गरेपनि यसका लागि आवश्यक कानून र कार्यक्रमको व्यवस्था मिलाउन सकिएको छैन । दिगो विकास लक्ष्य (२०१६—२०३०) अनुसार सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालीकरणका लागि शिक्षक पेसागत सहयोगका लागि गठन भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुबीच सञ्जाल विकास गर्न अति कम विकसित मुलुकका लागि दिइएको सुविधाको उपभोग हुन सकेको छैन ।

शिक्षाका पुराना संरचनाहरु विघटन भएको र नयाँ संरचनाको विकास पनि नभइरहेको अवस्थामा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा झै यस गाउँपालिकामा पनि शिक्षक पेसागत सहयोगका विभिन्न उपागमहरु जस्तैः अवलोकन र छलफल, मेन्टरिङ्ग, नियमित अन÷गमन तथा पृष्ठपोषण आदानप्रदान, शिक्षकहरुको सिकाइ सञ्जाल, कन्फेरेन्स, सहपाठीसँगको अन्तरक्रिया, प्रतिविम्वित अभ्यास आदि दिशाविहीन भएको छ ।

### ङ) शिक्षकको आपूर्ति र वितरण

शिक्षा नियमावली २०५७ को नियम —२ अनुसारसामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूची १२ मा व्यवस्था गरिएको छ । पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तिमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तिमा ३ जना, कक्षा (६—८) का लागि कम्तीमा ४ जना र माध्यमिक तह (९—१२) का लागि ८ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ । नियमावली अनुसार नेपालमा शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:३०, पहाडी भेगमा १:४० र तराई तथा उपत्यकामा १:५० रहेको छ । यही अनुपातलाई आधार मानेर शिक्षक संख्या कम भएका विद्यालयमा स्थानीय तहबाट नियुक्त भएका शिक्षकहरुको लागि नेपाल सरकारले शिक्षक सहायता अनुदान रकम प्रदान गर्दै आएको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अभिलेखअनुसार प्रदेश, जिल्ला र विद्यालयपिच्छे शिक्षक विद्यार्थी अनुपात फरक फरक छ । तराईमा शिक्षक विद्यार्थी अनुपात उच्च रहेको पाइन्छ भने हिमाली भेगमा यो अनुपात न्यून रहेको छ ।

### ४.२.२ उद्देश्य

राप्तीसोनारी गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरुमा शिक्षक व्यवस्थापन र पेशागत विकासलाई प्रभावकारी बनाउनु यस शिक्षा योजनाको समग्र उद्देश्य रहेको छ । यसका विशिष्ट उद्देश्यहरु निम्न लिखित छन् ।

१. शिक्षक अभावलाई कम गर्नु ।

२. नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

३. शिक्षकको क्षमता विकास गर्नु ।

४. शिक्षकलाई आफ्नो पेशाप्रति समर्पित तथा अभिप्रेरित गर्नु ।

### ४.२.३ रणनीति

१. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अभिमुखिकरण प्रबोधीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२. बिषयगत रुपमा समेत हुने गरि दरबन्दी मिलान, पुनर्वितरण, कक्षा घटुवा, विद्यालय समायोजन, शिक्षक, परिचालन आदि प्रकृयाबाट शिक्षक परिपूर्ति गरिनेछ ।

३. गाउँपालिका क्षेत्रभित्रका विद्यालयमा अस्थायी, राहत र निजी स्रोतका शिक्षक नियुक्ति प्रकृयामा एकरुपता र निष्पक्षता कायम गरिने ।

४. शिक्षक नियुक्ति, सरुवा र पदस्थापनलाई आवश्यकतामा आधारित बनाइने छ ।

५. शिक्षकहरुलाई अभिप्रेरित गर्न प्रोतसाहनका कार्यक्रम सञ्चालन गरिनेछ ।

६. शिक्षको निरन्तर पेशागत विकासका लागि संघिय र प्रदेश सरकार तथा शिक्षा तालिम केन्द्रसँग समन्वय गरिनेछ ।

७. शिक्षकको कार्यसम्पादनमा सुधार गरी शिक्षण सिकाईमा सुधार गरिनेछ ।

८. विषयगत शिक्षक समूह निर्माण गरी अनुभवी शिक्षकबाट सहयोग र मोनिटरिङ पद्धतिको विकास गरिनेछ ।

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. बिषयगत रुपमा शिक्षक आपूर्ति सहज हुने ।

२. शिक्षक छनोटमा एकरुपता र निष्पक्षता हुने ।

३. शिक्षकको पेशागत विकास हुने ।

४. शिक्षकको कार्यसम्पादनमा सुधार आउने ।

५. विद्यार्थीको सिकाई उपलब्धीमा सुधार आउने ।

६. शिक्षक पेशाप्रति अभिप्रेरित हुने ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (८१/८२) | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | ५० | १० | १० | ५ | |

| क्रसं | सूचक | आधार वर्ष (८१/८२) | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
|---|---|---|---|---|---|---|
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | ६६ | ८६ | ९६ | १०० | |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | ८० | ९५ | १०० | | |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | १० | २० | ३० | ४० | ५० |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | ० | १० | २० | ३० | ५० |

### ४.२.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | क्रियाकलापहरु | जिम्मेवार निकाय | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| १ | शिक्षकहरुका निम्ति कार्यसम्पादनमा आधारित प्रोत्साहन, पुरस्कार, दण्ड तथा सुविधाका निम्ति वस्तुनिष्ठ मापदण्ड बनाइ कार्यान्वयन गर्ने | गाउँपालिका | पटक | | १ | | | |
| २ | अस्थायी तथा प्रदेश र स्थानीय तहबाट दरबन्दी सिर्जना गरी नियुक्त शिक्षकहरुको व्यवस्थापनका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका निर्माण गरी कार्यान्वयन गर्ने। | गाउँपालिका | पटक | १ | | | | |
| ३ | स्थानीय तहबाट थप प्रोत्साहन भत्तासमेतको व्यवस्था गरी शिक्षकहरुले वहन गर्ने थप जिम्मेवारी र परिश्रमको सम्मान गरी पेसालाई आकर्षक र सम्मानित बनाउने | गाउँपालिका | नियमित | नियमित | | | | |
| ४ | शिक्षण पेसालाई रोजाइको पेसा बनाउन चाहनेहरुका लागि आयोग तयारी, सेवा प्रवेशका लागि पूर्व सेवकालीन तालिम र मनोसामाजिक | गाउँपालिका | नियमित | नियमित | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | परामर्शको व्यवस्था गर्ने | | | | | | | |
| ५ | योग्य, सक्षम तथा कुशल नेतृत्त्व सीप भएका व्यक्तिलाई प्रधानाध्यापकका रुपमा नियुक्ति गर्न कार्यविधिको विकास | गाउँपालिका र विद्यालय | पटक | | १ | | | |
| ६ | बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीलाई न्यूनतम पारिश्रमिकको सुनिश्चितता | गाउँपालिका | निरन्तर | निरन्तर | | | | |
| ८ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरुलाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने | गाउँपालिका | निरन्तर | निरन्तर | | | | |
| ९ | नव प्रवेशी शिक्षकहरुलाई सेवा प्रवेश तालिम सञ्चालन गर्ने | गाउँपालिका | आवश्यकतानुसार | आवश्यकतानुसार | | | | |
| १० | कमजोर तथा सिकाइमा पछि परेका विद्यार्थीहरुका लागि विशेष सहयोगी कक्षा सञ्चालन तथा उपचारात्मक शिक्षण पद्धति लागू गर्ने | गाउँपालिका | निरन्तर | आवश्यकतानुसार | | | | |
| ११ | सुपरीवेक्षणलाई विद्यालयमा आधारित बनाउन विद्यालयका प्रधानाध्यापक, अनुभवी शिक्षक र समकक्षी शिक्षकहरुको विज्ञ समूहमार्फत अनुगमन, कक्षा अवलोकन तथा | गाउँपालिका | निरन्तर | निरन्तर | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सुपरीवेक्षण गरी पृष्ठपोषण प्रदान गर्ने | | | | | | | |
| १२ | शिक्षकले प्रत्येक शैक्षिक सत्रमा कार्यमूलक अनुसन्धान गर्ने र उत्कृष्ट अनुसन्धानलाई पुरस्कृत र सम्मानित गर्ने | गाउँपालिका | पटक | १ | १ | १ | १ | १ |
| १३ | शिक्षक मेन्टरिङ्ग कार्यक्रम सञ्चालनका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने | गाउँपालिका | निरन्तर | १ | १ | १ | १ | १ |
| १४ | प्रधानाध्यापकबाट नियमित रुपमा शिक्षकको कार्यसम्पादन अनुगमन तथा मूल्याङ्कन गर्ने | गाउँपालिका | निरन्तर | निरन्तर | | | | |
| १५ | सहपाठी कक्षा अवलोकन गर्ने | गाउँपालिका र विद्यालय | निरन्तर | निरन्तर | | | | |
| १६ | गाउँपालिकामा विषयगत शिक्षक समूह निर्माण गरी उक्त समूहलाई सम्बन्धित विषयमा पेसागत दक्षता अभिवृद्धिका लागि उपयोग गर्ने | गाउँपालिका | निरन्तर | निरन्तर | | | | |
| १७ | प्रधानाध्यापक बैठकलाई नियमित र व्यवस्थित गराउनुका साथै हरेक बैठकमा हरेक प्रधानाध्यापकले विद्यालयको असल तथा अनुकरणीय अभ्यास प्रस्तुत गर्ने | गाउँपालिका | मासिक | ७ | ७ | ७ | ७ | ७ |
| १८ | सूचना तथा प्रविधिमा आधारित | गाउँपालिका | पटक | १ | १ | १ | १ | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सिकाइका लागि छोटो अवधिको अनलाइन/अफलाइन शिक्षक तालिम सञ्चालन गर्ने | | | | | | | |
| १९ | प्रत्येक विद्यालयको कम्तिमा एकजना शिक्षकलाई ICT को आधारभूत सीपहरुमा दक्ष बनाउने | गाउँपालिका | पटक | १ | १ | १ | १ | १ |
| २० | शैक्षिक अवलोकन भ्रमण | गाउँपालिका | पटक | | १ | | १ | १ |

## ४.३ शैक्षिक समता र समावेशीकरण

नेपालको संविधान २०७२ का प्रस्तावनामा नेपाललाई समावेशी बनाउने अठोट गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि शिक्षामा समता र समावेशीता अभिवृद्धिका लागि विभिन्न नीतिहरु तय गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७ ले अपाङ्गता भएका व्यक्ति र आर्थिक—सामाजिक रुपले पछाडि परेका समुदायलाई छात्रवृत्ति र प्राविधिक तथा व्यवसायिक शिक्षामा आरक्षण कोटाको व्यवस्था गरेको छ । नेपालको संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको भौतिक हकको रुपमा स्वीकार गरेको छ ।

नेपाल सामाजिक—सांस्कृतिक रुपमा विविधता भएको देश हो । यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरुको बसोवास छ । यही भिन्नताका आधारमा समाजिक विभेद र बञ्चितीकरण परेका समुदायहरु पनि छन् । उदाहरणका लागि दलित तथा सीमान्तकृत समुदाय, नेपालीबाहेक अन्य मातृभाषी समुदाय, अल्पसङ्ख्यक सांस्कृतिक समुदाय ऐतिहासिक रुपमा सामाजिक, आर्थिक तथा शैक्षिक बञ्चितीकरणको असर कुनै न कुनै रुपमा देखिने गरेको छ । भौगोलिक क्षेत्रगत, आर्थिक स्तरगत तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच सहभागिता र नतिजामा परिरहेको देखिन्छ । त्यसैले यी बर्गका साथै विभिन्न किसिमका अपाङ्गता भएका तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरुमा शिक्षाको पहुँच पु¥याई सहभागिता बढाउन थप प्रयास आवश्यक छ । बालबालिकामा भएका उल्लिखित लगायतका भिन्नताले पहुँच, सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समता कायम गर्नु आवश्यक छ । यस प्रकार शिक्षामा विविधता, समता, र

समावेशिताको प्रवर्धन गर्नु आवश्यक छ । शिक्षामा सबैको पहुँच, सामजिक न्याय तथा सहभागिताको अधिकार सुनिश्चित गर्नु अत्यावश्यक छ ।

वर्तमान अवस्था नेपालको शिक्षामा बालिका तथा महिलाहरु र अपाङ्गता भएकाहरुका लागि केही विशेष प्रबन्ध स्वरुप वि.सं. २०२१ मा ल्याबोरेटरी स्कुलमा दृष्टिविहिन बालबालिकाका लागि एकीकृत विद्यालय शिक्षा प्रारम्भ भई हालसम्म सञ्चालित छ । त्यसैगरी वि.सं. २०२५ देखि खगेन्द्रबहदुर बस्नेतको अगुवाईमा सुरु भएको नेपाल अपाङ्ग अन्ध सङ्घ नवजीवन गृहले २०२६ सालदेखि अपाङ्ग पुरुषहरुको लागि आवासीय व्यवस्था सुरु गरेकोमा २०३१ सालदेखि महिलाहरुका लागि पनि आवसीय प्रवन्धको सुरुआत भएको थियो । अपाङ्ता भएका व्यक्तिको स्याहार तथा संरक्षण हाल काठमाडौंको जोरपाटीमा सञ्चालन भइरहेको छ । शिक्षा नियमावली २०२८ अनुरुप २०३० सालमा विशेष शिक्षा परिषद् गठन भई अपङ्गता भएकाहरुको शिक्षाका लागि सरकारबाट औपचारिक संस्थागत थालनी भएको पाइन्छ । बालिका तथा महिला शिक्षामा वि.सं. २०५० को दशकदेखि केही प्रोत्साहनमूलक कार्य प्रारम्भ भए पनि अपाङ्तालगायत आर्थिक, सामाजिक, भाषिक, लैङ्गिक तथा भौगोलिक कारणले बञ्चितीकरणमा परेका बालबालिकाको शिक्षामा पहुँच तथा सहभागिताका केही योजनावद्ध प्रयास सुरु भएको थियो ।

नेपाल सरकारले विद्यालय शिक्षामा छात्रा र दलित समुहको सहभागिता अभिवृद्धिका लागि छात्रवृत्तिको व्यवस्था गरियो । यो छात्रवृत्ति कार्यक्रमले विद्यालय तहमा छात्रा र दलित लगायत अन्य समूहको भर्ना दर उल्लेख्य रुपमा बढेको अवस्था छ । यसका अतिरिक्त छात्रवृति हाल अपाङ्गता भएका विद्यार्थी, लोपोन्मुख र सीमान्तकृत समुदायका विद्यार्थी, मुक्त कम्लहरी विद्यार्थी, गरिब तथा विपन्न विद्यार्थी, द्वन्द्वपीडित विद्यार्थी, र सहिद परिवारका विद्यार्थीका निम्ति समेत बिस्तार गरिएको छ । छात्रवृत्तिलाई आवासीय प्रयोजनका निम्ति पनि व्यवस्था गरिएको छ । यस्तो छात्रवृत्ति छात्राहरुको लागि फिडर छात्रावास, अपाङ्गता भएका विद्यार्थीहरुका निम्ति छात्रावास, मुक्त कम्लहरीका निम्ति छात्रावास, मोडल स्कुल छात्रावास, हिमाली छात्रावास, लोपोन्मुख तथा सीमान्तकृत समुदायका विद्यार्थीहरुका निम्ति छात्रावास, सडक बालबालिका तथा श्रमिक बालबालिकाहरुका निम्ति छात्रावास आदि कार्यक्रमको निम्ति सङ्घीय सरकारले प्रदान गर्ने गरेको छ । यस्तो छात्रवृत्ति

कार्यक्रममा प्रति विद्यार्थी मासिक चार हजार रुपैयाँको दरले दश महिनाको निम्ति उपलब्ध गराउने गरिएको छ ।

राप्तीसोनारी गाउँपालिकामा अपाङ्गता भएका बालबालिका र आर्थिक—सामाजिक रुपले बाञ्चितिकरणमा परेका समुदायका बालबालिकाहरु प्रशस्त मात्रामा छन् । आपाङ्गता भएका बालबालिका र दलित तथा आर्थिक रुपले विपन्न समुदायका बालबालिकाहरुको विद्यालय शिक्षामा अझै समान पहुँच छैन् । त्यसैगरी उनिहरुको सिकाई उपलब्धी पनि कमजोरी देखिन्छ । माध्यमिक तहको शिक्षामा छात्राको विद्यालय छोड्ने दर उच्च छ । अतः कठिन परिस्थितिमा रहेका बालबालिकाहरुको विद्यालय शिक्षामा पहुँच र अर्थपूर्ण सहभागिता सुनिश्चित गरी शिक्षामा समता र समावेशीकरणलाई प्रवद्धन गर्न आवश्यक छ ।

### ४.३.१ वर्तमान अवस्था

नेपालको शिक्षामा बालिका तथा महिलाहरू र अपाङ्गता भएकाहरूका लागि केही विशेष प्रबन्ध स्वरूप वि.स. २००४ सालमा छात्राहरूका लागि छुट्टै विद्यालय पद्मकन्या विद्याश्रमको स्थापना र वि.स. २०२१ मा लेबोरेटरी स्कुलमा दृष्टिविहीन बालबालिकाका लागि एकीकृत विद्यालय शिक्षा प्रारम्भ भइ हाल सम्म सञ्चालित छ । शिक्षा नियमावली २०२८ अनुरूप २०३०सालमा विशेष शिक्षा परिषद् गठन भइ अपाङ्गता भएकाहरूको शिक्षाका लागि सरकारबाट औपचारिक संस्थागत थालनी भएको पाइन्छ .

समतामुलक एवंसमावेशी शिक्षाका लागि नेपालले अपाङ्गता भएका व्यक्तिका लागि समतामूलक अवसरस÷निश्चित गर्ने सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय प्रामाणिक नियमहरू सन् १९९३, एसिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूको दशक सन् १९९३—२००२, सालामान्का घोषणा सन १९९४, तथा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७७ तथा संयुक्त राष्ट्र सङ्घीय अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि सन् २००६ आदिमा प्रतिबद्धता जनाएको छ । यी सम्पूर्ण महासन्धि एवं घोषणाहरूले अपाङ्गता भएका व्यक्ति लगायत विशेष शिक्षाको आवश्यकता भएका सबैलाई शिक्षाको मूलधारमा समावेश गर्नुपर्ने कुरामा जोड दिएका छन् ।

नेपालको संविधानले आधारभुत तहको शिक्षा लाई नागरिकको मौलिक हकको रूपमा लिदै आधारभुत तहको शिक्षा अनिवार्य र निःशुल्क हुने र अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकले कानुन ऐनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन ऐनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ । विद्यालय शिक्षामा समता रसमावेशीकरणका लागि सूचकसहितको एकीकृत समता रणनीति २०७१

कार्यान्वयनबाट वञ्चितिकरणमा परेका बालबालिकाहरूलाई थप सहयोग सहितको शैक्षिक अवसरको व्यवस्था गरिएको छ । राप्तीसोनारी गाउँपालिकाले अपाङ्गता भएका बालबालिका, छात्रा, दलित, जनजाति समुदायका बालबालिकाहरूलाई छात्रवृत्ति र प्राविधिक तथा व्यावसायिक शिक्षामा प्राथमिकता एवम् आरक्षणको व्यवस्थाले यस समुहका बालबालिकाको शिक्षामा पहुच र सहभागिता बढाउन मद्दत पुगेको देखिन्छ । श्रोत कक्षा, विशेष विद्यालय तथा समावेशी विद्यालयबाट समेत अपाङ्गता भएका बालबालिकाहरूले शिक्षामा अवसर पाइरहेका छन् । २०७८ सालको जनसङ्ख्या अनुसार राप्तीसोनारी गाउँपालिकामा २.९ प्रतिशत अपाङ्गता भएकाको जनसङ्ख्या छ । जसमध्ये महिला २.५ र पुरुष ३.३ प्रतिशत छन् ।

दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक, छात्रा तथा सीमान्तकृत बालबालिकाहरू लाई लक्षित गरी आवासीय छात्रवृत्ति, विद्यालय तहमा लैङ्गिक समताका लागि महिला शिक्षकको व्यवस्था, विद्यालय नर्स आदि कार्यक्रमहरू कार्यान्वयन गरिए तापनि अझै विद्यालय शिक्षामा समता रसमावेशिता कायम गर्न सकिएको छैन ।

राप्तीसोनारी गाउँपालिकामा अनाथ घरेलु हिंसा पीडित, द्वन्द्वपीडित, सहिद परिवार, बेपत्ता घाइते , अपाङ्गता सबै किसिमका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउनका लागि गाउँपालिकाले विभिन्न कामहरू गरिरहेको छ । छात्रवृत्ति, अपाङ्गमैत्री विद्यालय, बालमैत्री विद्यालय, दिवा खाजालगायतका कामहरू गाउँपालिकाले गरिरहेको छ । तर पनि समावेशी शिक्षाको हकमा धेरै काम गर्न बाँकी छ । यस पालिकामा अपाङ्गता भएका बालबालिकाहरूका लागि श्रोत विद्यालयको व्यवस्थापन हुन नसक्दा अहिले पनि शिक्षाको मूलधारमा पुग्न सकेको देखिदैन ।

**प्रमुख समस्या र चुनौती**

- विद्यालय बाहिर रहेका, बिचैमा विद्यालय छाडि तह पुरा नगर्ने, अपेक्षित शैक्षिक उपलब्धि प्राप्त गर्न नसकेकाहरूलाई सम्बोधन गरी समता तथा समावेशिता अभिवृद्धि गर्नु आवश्यक देखिएको छ । विद्यालयमा शिक्षामा कमजोर वर्गको समतामूलक पहुँच र गुणस्तरसुनिश्चित गर्न, विशेष सुविधाको आवश्यकता पर्ने बालबालिकाहरूलाई सिकाइका लागि आवश्यक पर्ने सहयोग गर्ने प्रणाली प्रभावकारी व्यवस्थापन गर्नु, सबै प्रकारका अपाङ्गता भएका बालबालिकाहरूका लागि विशेष शिक्षाको सुनिश्चितता गर्नु, विद्यालयका पूर्वाधारहरूलाई छात्रामैत्री र अपाङ्गमैत्री बनाउनु र श्रोत कक्षाको सञ्चालन तथा व्यवस्थापनमा प्रभावकारीता अभिवृद्धि गर्नु यस क्षेत्रमा देखिएका मुख्य चुनौतीका विषयहरू हुन् ।
- नेपालको संविधानमा कमजोर वर्गका बालबालिकाहरूलाई आधारभूत र माध्यमिक शिक्षामा निःशुल्क तथा अपाङ्गता बालबालिकाहरूलाई निःशुल्क उच्च शिक्षा प्रदान गर्ने व्यवःथा छ । छात्रा र दलित एवम् सीमान्तकृत बालबालिकाहरूका लागि छात्रवृत्ति प्रदान गर्नु, विद्यालय एवम् कक्षाकोठामा विविधता व्यवस्थापनको पाटो सशक्त बन्दै राप्तीसोनारी, गाउँपालिकाले कमजोर वर्गको शिक्षामा पहुँच पुरयाउनका लागि खेल्दै गरेको

भूमिका, शिक्षक लगायत हरेक पेसामा आरक्षणको व्यवस्था लागु गरिनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ४.३.२ उद्देश्य

१.विद्यालय शिक्षामा सबैको पहुँच र समावेशीकरण सुनिश्चित गर्नु ।

२.विद्यालयमा कुनै प्रकारको हिंसा, विभेद र दुव्र्यवहार विनाको वातावरण सिर्जना गर्नु ।

३.अपाङ्गता भएका बालबालिका र आर्थिक—सामाजिक रुपले सिमान्तकृत बालबालिकाहरु सिकाइमा सहभागिता वृद्धि गरी शिक्षाको गुणस्तर सुधार गर्नु ।

### ४.३.३ रणनीति

१.विद्यालय शिक्षामा समतामुलक पहुँच र समावेशी सहभागिता सहित सवै बालबालिकालाई गुणस्तरीय शिक्षा सुनिश्चित गरिनेछ ।

२.अनुसन्धान सहयोगबाट बालबालिकाको अवस्था र समस्या पहिचान गरी शिक्षामा पहुँच र समावेशीकरणका लागि प्रबन्ध मिलाइनेछ ।

३.दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक, सिकाई सामाग्री, विद्यालय पोशाक, आदि उपलब्ध गराई विद्यालयमा सबैको पहुँच सुनिश्चित गरिनेछ ।

४.विद्यालयको भौतिक तथा शैक्षिक वातावरण लैङ्गिक तथा आपाङ्गमैत्री बनाइनेछ ।

५.विद्यालयका हरेक गतिविधीमा समावेशी सहभागिताको प्रबन्ध मिलाइनेछ ।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१.विद्यालयशिक्षामा सवै बालबालिको पहुँच र समावेशीकरणमा सुधार भएको हुने ।

२.लक्षित समूहका बालबालिकाहरुको सिकाई उपलब्धीमा सुधार भएको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| | **शिक्षामा समता र समावेशीकरण** | **आधार वर्ष (८१/८२)** | **८२/८३** | **८३/८४** | **८४/८५** | **८५/८६** |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ३.७ | ३ | २ | ० | |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | ०.९३ | १ | १ | १ | १ |
| ३ | माध्यमिक तहमा | | १ | १ | १ | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | लैङ्गिक समता सूचक | | | | | |
| ४ | अपाङ्गता भएका बालबालिकाको वर्गीकरणका आधारमा अभिलेखीकरण | १ | १ | १ | १ | १ |

## ४.३.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | बालबालिकाहरू शिक्षाको अवसरबाट बञ्चित हुनाका कारण र सोअनुसारको बैकल्पिक शैक्षिक कार्यक्रम मार्फत सहयोग | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | अपाङ्गता भएका बालबालिकाको वर्गीकरणका आधारमा अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | बालबालिकाहरूको सिकाइ आवश्यकता अनुरूपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासका कार्यक्रममा | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | समता तथा समावेशीकरणका विषयवस्तुहरूलाई समावेश | | | | | | | | | |
| ४ | सबै आधारभूत विद्यालयहरूमा भवन कक्षाकोठा फर्निचर प्रयोगशाला शौचालय पानी पुस्तकालय बुक कर्नर जस्ता भौतिक तथा शैक्षिक पूर्वाधार अपाङ्गता एवं लैङ्गिक मैत्री बनाउने | निरन्तर | निरन्तर | | | | | | | |
| ५ | सिकाइ सहजीकरणमा संचार तथा सूचना प्रविधिको उपयोगका लागि आवश्यक पूर्वाधार तथा क्षमता विकास गर्ने विद्यालयको सँख्या | विद्यालय सङ्ख्या | | ४ | ४ | ३ | २ | १३ | १३ | |
| ६ | विपन्न, असहाय एवम् अनाथ बालबालिकाको तथ्याक अध्यावधिक गरि त्यस्ता बालवालिकाहरुलाइ विशेष सहयोगको व्यवस्था मिलाउने % | विद्यार्थी सङ्ख्या | | ४० | ६० | ८० | ९० | १०० | १०० | |
| ७ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यरत सरकारी तथा गैरसरकारी संघ संस्थाहरूबीच जवाफदेहिता सहितको कार्यगत समन्वय गरिने | | | | | | | | | |
| ८ | लैङ्गिक सञ्जाललाई वडा र विद्यालयसम्म विस्तार गरी बालविवाह लैङ्गिक हिंसा जातीय विभेद कुप्रथा आदि विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालनमा परिचालन गर्ने र विद्यालय तहमा लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता अभिवृद्धि गरिने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

### ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

विद्यालयमा पहुँच बढाउन होस अथवा विद्यालयको शैक्षिक गुणस्तर माथि उठाउन विद्यालय स्वस्ःथ्य र पोषणको एकदमै महत्वपूर्ण भूमिका हुन्छ र यो बालबालिकाको विकासर सिकाइसँग प्रत्यक्ष जोडिएको हुन्छ । विद्यालयमा स्वास्थ्य र पोषणको अवस्था राम्रो भएमा बालबालिकालाई सिकाइ सहभागिता बढाउन र उपलब्धि सुधार गर्न सहयोग गर्दछ । विद्यालयमा आधारित स्वास्थ्य र पोषण सम्बन्धी कार्यक्रमहरूले विद्यार्थी भर्ना तथा टिकाउदर बढाउन र अनुपस्थित हुने तथा बिचैमा विद्यालय छोड्ने दर घटाउन योगदान गरी सकाइ उपलब्धि सुधार गर्न सहयोग गर्दछ ।

नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा, स्वास्थ्य र खाद्य सम्बन्धी अधिकारहरू खाद्य सम्प्रभुता सम्बन्धी कानुन,राष्ट्रिय स्वास्थ्य नीति २०७६, राष्ट्रिय शिक्षा नीति २०७६, बालबालिका सम्बन्धी कानुन इत्यादिले बालबालिकाको स्वास्थ्य, पोषण तथा खाद्य सम्प्रभुता सम्बन्धी अधिकारस्थापित गरेको छ ।

### ४.४.१ वर्तमान अवस्था

नेपालमा सन १९७४ देखि छानिएका जिल्लाका प्राथमिक विद्यालयमा विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा विभिन्न चरण र मात्रामा हालसम्म सञ्चालन हुदै आएको छ । हाल सामुदायिक विद्यालयमा पूर्व प्राथमिक देखि ५ कक्षा सम्मका सबै विद्यार्थीहरूलाई दिवाखाजाको व्यवस्था गरिएको छ । दिवा खाजाले शिक्षा, स्वास्थ्य पोषण रसामाजिक सुरक्षाको दृष्टिकोणले केही महत्वपूर्ण उपलब्धिहरू हासिल गरेको अध्ययन तथा विश्लेषणहरूले देखाएका छन् । यद्यपि नीति तथा नियामक ढाँचा, सङ्गठनात्मक संरचना तथा समन्वय र कार्यक्रम डिजाइन तथा कार्यान्वयनको अवस्था भने सन्तोषजनक देखिदैन । अपर्याप्त बजेटका बाबजुद दिवा खाजालाई स्थानीय उत्पादनसँग जोड्न सकेमा आवश्यक बृहत् तथा सूक्ष्म पौष्टिक तत्व समावेश भएका बहु मेनुहरू स्थानीय स्तरमै तयार गर्न सकिन्छ ।

### ४.४.२ उद्देश्य

- बालबालिकालाई स्थानिय उत्पादनमा आधारित स्वस्थ एवं पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु।
- स्वास्थ्य, पोषण रसरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाहरूको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।
- विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण रसरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु ।
- विद्यालयमा प्राथमिक उपचार, न्यूनतम स्वास्थ्य तथा सरसफाइका सामग्रीहरुको उपलब्धता र प्रयोग सुनिश्चित गर्नु ।
- विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरुका स्वास्थ्य, पोषण रसरसफाइ तथा स्वच्छतासम्बन्धी व्यवहारलाई प्रोत्साहन गर्नु ।
- बालबालिकाको स्वास्थ्य रसरसफाइसम्बन्धमा अभिभावकको चेतना रसहभागिता बढाई सिकाइ उपलब्धी सुधार गर्नु ।
- किशोरीहरुको स्वास्थ्य संवेदनशिलताअनुरुपका संरचनाहरुमा वृद्धि गर्नु ।

### ४.४.३ रणनीति

- दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने ।
- दिवा खाजाको लागि विद्यालयमा आवश्यक पर्ने करेशाबारी लगायत विभिन्न सुविधाहरू विस्तार गर्ने ।

- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सफाइको प्रबन्ध र घेरबारको व्यवस्था गर्ने ।
- विद्यालयहरूमा प्राथमिक उपचार किट, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्म पोषकतत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि इन्सिनेटर सहितको स्यानिटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने ।
- दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित वस्तुहरूलाई प्राथमिकता दिने ।
- दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकाससाझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने ।
- दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने ।विद्यालयमा करेसाबारी निर्माण गर्ने ।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधार सहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता भएको हुने ।
- प्रारम्भिक बालविकासदेखि आधारभूत तह कक्षा ५ सम्मका सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा सानीय तह मार्फत विद्यालयबाट प्राप्त हुनेछ ।
- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षा कोठा तथा विद्यालय परिसरसरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था हुनेछ ।
- विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, भिटामिन ए र आइरन फोलिक, जुकाको औषधि तथा सूक्ष्म पोषक तत्व वितरण र किशोरीहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको नियमित वितरण हुनेछ ।
- विद्यालयमा दिवा खाजा व्यवस्थापकको व्यवस्था हुने ।
- बालबालिकाको न्यूनतम सरसफाइ रस्वास्थ्य प्रति सचेत अभिभावाक हुने ।
- विद्यालयहरले दिवा खाजा मेनु वा खाजा टोकरी अनुसार दिवा खाजा सञ्चाललन गरेको हुने ।
- विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्री सहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरुका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवसथापन, हात धुने ठाउँ, स्वच्छ खानपानी, कक्षा कोठा तथा विद्यालय परिसरसरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था भएको हुने ।
- विद्यालयहरुको विपत् प्रतिकार्य योजना तयार भएको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (८०/८१) | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र | ९५ | १०० | १०० | १०० | १०० | १०० |

| क्रसं | सूचक | आधार वर्ष (८०/८१) | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
|---|---|---|---|---|---|---|---|
| | शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | | | | | | |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | ९५ | १०० | १०० | १०० | १०० | १०० |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको प्रतिशत | १० | २५ | ५० | ७५ | १०० | १०० |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय प्रतिशत | ९० | ९२ | ९५ | ९८ | १०० | १०० |
| ६ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | ५ | १० | १२ | १५ | २१ | २१ |

### ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१ | ८२ | ८३ | ८४ | ८५ | जम्मा | | |
| १ | दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | बिद्यालय | | ३ | ४ | ४ | ५ | १६ | | |
| २ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | बिद्यालय | | १० | १० | १० | १० | ४० | | |
| ३ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको व्यवस्था | बिद्यालय | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ | | |
| ४ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान)प्रतिशत | प्रतिशत | ९० | ९५ | १०० | १०० | १०० | १०० | | |
| ५ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | बिद्यालय | ६ | ६ | ६ | ६ | ७ | ३१ | | |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

सुरक्षित रुपमा बाँच्न पाउने, सिक्न पाउने विकास गर्न पाउने, संरक्षित हुन पाउने र सहभागि हुन पाउने हरेक बालबालिकाहरुको नैर्सगिक अधिकार हो । विद्यालयमा बालबालिकाहरुका लागि सुरक्षित र भयरहित वातावरणमा सिकाइ क्रियाकलाप हुन जरुरी हुन्छ । वर्तमान अवस्था जस्तो सुकै विपतको अवस्थामा पनि शिक्षालाई निरन्तरता दिने कुरा नेपालको संविधान, शिक्षाको राष्ट्रिय उद्देश्य, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, स्थानीय सरकार सञ्चालन ऐन, शिक्षाको राष्ट्रिय नीति, दिगो विकास लक्ष्य, विद्यालय क्षेत्र विकास योजना, शिक्षा क्षेत्र विकास योजना, बृहत विद्यालय सुरक्षा गुरु योजना, बृहत विद्यालय सुरक्षा न्यूनतम प्याकेज जस्ता थुप्रै नीतिगत तथा कानुनी व्यवस्थामा उल्लेख गरिएको छ । यद्यपि अझै पनि विद्यालयहरुलाई विपत प्रतिरोधी, हिंसामुक्त र शान्ति क्षेत्रको रुपमा स्थापित गरी समग्र विद्यालयलाई सुरक्षित विद्यालयको रुपमा स्थापित गर्न धेरै नै कामहरु गर्नुपर्ने देखिन्छ । कतिपय अवस्थामा सङ्कटले नागरिकको अधिकार कुण्ठित हुन पुग्छ । नागरिक तथा बालबालिकाको बाँच्न पाउने, विकास गर्न पाउने, सहभागी हुन पाउने र हिंसा, शोषण तथा दुराचार आदिबाट सुरक्षित रहने जस्ता आधारभूत अधिकारलाई विपद्को समयमा पनि कायम रहने सुनिश्चितता हुनु पर्दछ । जोखिम वा सङ्कटले समाजमा पछाडि परेका वर्ग, अपाङ्गता भएकाबालबालिका, महिला तथा वृद्ध वृद्धालाई बढी प्रभावित गरेको हुन्छ । यस्तो अवस्थामा टाठाबाठाले बढी सुविधा लिएका हुन्छन् । तसर्थ विपद्को समयमा कम्जोर वर्गलाई विभेदरहित रुपमा सुविधा वा सहयोग पाउने सुनिश्चितता हुनु पर्दछ ।

त्यसैगरी बालबालिकासम्बन्धी ऐन २०७५ ले घर, विद्यालय वा जुनसुकै स्थानमा शारीरिक वा मानसकि दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने कार्यलाई बालबालिका विरुद्धको हिंसा भनी उल्लेख गरेको छ । यस्तो कसुर गर्नेलाई ५० हजार जरिवाना र एक वर्षसम्म कैद हुन सक्ने व्यवस्था गरेको छ । शिक्षा नियमावलीले पनि विद्यार्थीलाई शारीरिक वा मानसिक यातना दिन नपाइने भनेको छ । त्यसैगरी बालबालिकालाई शारीरिक सजाय मानसिक, तथा शारीरिक उत्पीडन तथा हेपाई र यौन दुराचारबाट मुक्त राखी सिकाईलाई निरन्तरता दिने गरी भयरहित शिक्षण सिकाइ निर्देशिका (२०६७) जारी भएको छ भने विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका (२०७८) ले विद्यालयलाई सशस्त्र गतिविधि र अन्य हिंसाबाट मुक्त राख्ने, विद्यालयलाई दलगत राजनीति तथा अन्य हस्तक्षेपबाट मुक्त राख्ने र विद्यालयलाई भेदभाव, दुर्व्यवहार, बेवास्ता र शोषणबाट मुक्त राखी सिकाइको निरन्तरताको प्रवद्र्धन गर्ने विधि प्रक्रिया समावेश गरेको छ ।

### ४.५.१ वर्तमान अवस्था

नेपालमा विभिन्न मियमा देखिएका ठुला तथा साना विपद्हरूले शिक्षालाई प्रभावित पारिरहेको देखिन्छ । भूकम्प, बाढी पहिरो जस्ता प्राकृतिक विपद्को सामाना गरिरहेको अवस्थामा कोभिड १९ को विश्वव्यापी महामारीले ठुलो शैक्षिक क्षति गरेको देखिन्छ । यस्ता विपद्को समयमा शिक्षाका वैकल्पिक उपाय सहित शिक्षा लाई निरन्तरता दिनु जरुरी छ । शिक्षालाई विपद्को समयमा

निरन्तरता दिनका लागि सिकाइ सहजिकरण निर्देशिका २०७७ , विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना २०७७ , विद्यालय सञ्चालन कार्यढाँचा, पाठ्यवस्तु समायोजन ढाँचा २०७७, एस.इ.इ नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि २०७७ अनुसार शिक्षाका क्रियाकलापहरूलाई निरन्तरता दिएको देखिन्छ । राप्तीसोनारी गाउँपालिकाले कोभिड—१९ तथा अन्य महामारीको अवस्थामा शिक्षण सिकाईलाई निरन्तरता दिन विभिन्न माध्यमको प्रयोग गरेको थियो । विभिन्न माध्यमको प्रयोग गरेर शिक्षालाई निरन्तरता दिएको भएतापनि यसले विभिन्न चुनौतीहरू झेल्नुपरेको देखिन्छ ।

**चुनौती र अवसर**

आपत्कालीन अवस्थामा लागु गरीने पाठ्यवस्तु, छुट्टै योजना बनाउने की योजनाको हरेक अङ्गमा यस लाई समावेश गर्नै, योजना तत्कालीन बनाउने कि दीर्घकालीन, योजनामा सङ्कटका कुनकुन पक्षलाई समावेश गर्ने, अनुमान गर्न नसकिने, घटनालाई योजनामा कसरी समेट्ने आदि यसका थप चुनौतीहरू रहेका छन ।

यसैगरी नेपालको संविधानले सबैलाई अनिवार्य, तथा निःशुल्क आधारभूत शिक्षा र माध्यमिक तह सम्म निःशुल्क शिक्षाको व्यवस्था र बालबालिकामाथि हुने सबै किसिमका विभेद सजाय र दुराचारलाई निषेध, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ तथा नियमावली २०७७ ले छात्रवृत्ति, दिवा खाजा, सुविधा विहीनका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा पाउने अधिकार उल्लेख गरेको छ । विद्यालय शान्ति क्षेत्र ,राष्ट्रिय कार्य ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि र हिंसाबाट मुक्त गर्ने, दलगत राजनीतिक हस्तक्षेपबाट मुक्त राख्ने , भेदभाव दुर्व्यवहारर शोषणबाट मुक्त राख्ने नीतिगत व्यवस्था आदि अवसरहरू रहेका छन।

**४.५.२ उद्देश्य**

१.सङ्कटको सम्भावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट संघ र प्रदेश सरकारसँग समन्वय गरी पूर्व सावधानी र तयारीको वातावरण निर्माण गर्नु ।

२.सम्भावित सङ्कटको सामना गर्ने अर्थात् उत्थानशील प्रणलीका लागि भौतिक, मानवीय र आर्थिक स्रोतको तयारी गर्नु ।

३.जस्तोसुकै विपद् र सङ्कटको अवस्थामा पनि सिकाइलाई निरन्तरता दिने गरी क्षमता र संरचनाको विकास गर्नु ।

४.सङ्कटको प्रतिकार्यको निम्ति पालिकास्तरीय संयन्त्रको तयारी गर्नु ।

५.पालिकास्तरीय अल्पकालीन र दीर्घकालीन पुनस्र्थापन केन्द्रको विकास गर्नु ।

६.विद्यालयलाई शान्ति क्षेत्र र हिंसामुक्तको रुपमा स्थापित गरी, बालबालिकाहरुले सुरक्षित र भय रहित वातावरणमा सिक्ने अवसरको वातावरण सृजना गर्नु ।

### ४.५.३ रणनीति

१. शिक्षा क्षेत्रमा प्रत्यक्ष वा परोक्ष रुपमा प्रभाव पार्ने विपत वा सङ्कटहरुको पूर्वानुमान तथा त्यसको मात्रा वा सङ्कटासन्नताको मूल्याङ्कन तथा विश्लेषण गरिने छ ।

२.पालिका र विद्यालय तहमा विपतको अवस्थामा शिक्षालाई निरन्तरता दिनका लागि आवश्यक हुने यन्त्र उपकरण, औषधि, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गरिने छ ।

३.आपतकालिन तथा सङ्कटपूर्ण अवस्थामा बालबालिकालाई शिक्षाबाट बञ्चित हुन नदिनका लागि वैकल्पिक माध्यमबाट शिक्षा प्रदान गर्नका लागि आवश्यक तयारी गरिनेछ ।

४.आपतकालिन तथा सङ्कटपूर्ण अवस्थामा बालबालिकालाई हिंसा तथा शोषणबाट सुरक्षित गर्ने उपायहरु तर्जुमा गरिनेछ ।

५.विपद् तथा सङ्कटको व्यवस्थापासँग सम्बन्धित गाउँपालिका स्तरीय संयन्त्र र मापदण्ड तयार गरी कार्यान्वयन गरिने छ ।

६.विद्यालयको पूर्वाधार तयार गर्दा हरेक प्रकारका जोखिम, दुर्घटना, प्रकोप र महामारीबाट सुरक्षित रहने गरी निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्ने गरी कानुन बनाई कार्यान्यन गरिने छ ।

७.विद्यालयमा सुरक्षित विद्यालय र विपत व्यवस्थापन सम्बन्धी सैद्धान्तिक एवं व्यावहारिक ज्ञान दिई विपद्को पूर्वतयारी, प्रतिकार्य, जोखिम न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई विद्यालयको वार्षिक कार्यतालिकामा राखीने छ ।

८.सरकारी तथा गैरसरकारी संघसंस्थाको समन्वयमा शिक्षक तथा विद्यार्थीका लागि विपद् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरण संरक्षण, बन्यजन्तु आक्रमण, स्वास्थय, पोषण तथा सरसफाइसम्बन्धी आधारभूत ज्ञान, पूर्वतयारी र प्रतिकार्य सम्बन्धी व्यावहारिक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न समन्वय तथा सहजीकरण प्रवन्ध गरिने छ ।

९.सामुदायिक सिकाई केन्द्रलाई आवश्यक स्रोत र साधनको व्यवस्था गरी विपद् व्यवस्थापन सिकाई केन्द्रका रुपमा समेत विकास गरिने छ ।

१०.बाढी, भूकम्प र महामारीको समयमा विद्यालयको सट्टा उपयोग गर्ने गरी पालिकाकै सक्रियतामा टोलहरुमा बहुउद्देश्यीय साझा घर निर्माण गर्ने कामलाई प्राथमिकता दिएर कार्यान्वयमा गरिने छ ।

११.पालिका, वडा र विद्यालयस्तरमा विपत्को समयमा शैक्षिक क्षेत्रमा सहयोग पुग्ने गरी स्थायी किसिमको विपद् व्यवस्थापन कोषको व्यवस्था गरिने छ ।

१२.विद्यालय शान्ति क्षेत्र सम्बन्धी अवधारणालाई सार्थकता दिन राजनीतिक दल, पेसागत संघ संगठन तथा विद्यार्थी संगठनहरु र अन्य सामुदायिक क्षेत्र बिच समन्वय गर्दै यसप्रति सबैलाई जिम्मेबार बनाईनेछ ।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१.विद्यालय तथा समग्र शिक्षा प्रणलीमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य तथा पूर्नउत्थानको योजना तथा क्षमता विकास भएको हुने ।

२.सामान्य अवस्था र आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुने । युद्ध, सामाजिक द्वन्द्व, हिंसा, बसाईसराईको अवस्थामा पनि आधारभूत आवश्यकताको पूर्ति सहति सिकाइको निरनतरता भएको हुने ।

३.बाढी, भूकम्प र महामारीको समयमा विद्यालयलाई आश्रय बनाउने कार्यलाई निरुत्साहित गर्नकालागि सङ्कटको समयमा उपयोग गर्ने गरी पालिकाकै सक्रियतामा टोलहरुमा साझा घर निर्माण गरिएको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (८०/८१) | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सिपसहित कोभिड जस्ता महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | | ५ | ५ | ५ | ६ | २१ |
| २ | हरित विद्यालय सङ्ख्या | ५ | १० | १० | १० | १० | ९ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | १२ | १० | १० | १० | १२ | ५४ |

### ४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | क्रियाकलापहरु | जिम्मेवार निकाय | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | |
| १ | शिक्षक तथा वि.व्य.स.को लागि विपद व्यवस्थापनसम्बन्धी क्षमता विकास तालिम | गाउँपालिका | पटक | १ | १ | १ | १ | १ |
| २ | गाउँपालिका आपतकालीन शिक्षण योजना निर्माण र कार्यान्वयन | गाउँपालिका | पटक | १ | | | | |
| ३ | निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह निर्माण र परिचालन | गाउँपालिका | पटक | १ | १ | १ | १ | १ |
| ४ | स्वास्थ्य सुविधासहितको स्वास्थ्य शिक्षिका/कार्यकर्ताको व्यवस्था | गाउँपालिका | जना | ५ | ४ | ४ | ४ | ४ |
| ५ | हरित, सफा, शान्त र सुरक्षित विद्यालय | विद्यालय | निरन्तर | निरन्तर | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रवर्द्धन | | | | | | | |
| ६ | विपत् प्रतिकार्य योजना निर्माण | विद्यालय | वर्ष | प्रत्येक | प्रत्येक | प्रत्येक | प्रत्येक | प्रत्येक |

### ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

सुरक्षित भवन, कक्षा कोठा, शौचालय, खेलमैदान, खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन । राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार विद्यालयमा भवन कक्षा कोठा, फर्निचर, प्रयोगशाला, खानेपानी, शौचालय, पुस्तकालय, बुक कर्नर, शिक्षक कक्ष, प्राध्यानाध्यापक कक्षा, सभाहल, कम्प्युटर कक्ष, मञ्च, बगैचा जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री विद्यालयको रुपमा विकास गर्नु पर्ने छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्वयन गर्दा विद्यालयमा तहगत विद्यार्थी सङ्ख्याका आधारमा बन्नु पर्ने भौतिक पूर्वाधार (शिक्षण सिकाइ कक्ष, कार्यशाला र प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप एवं खेलकक्ष, विद्यालय सभाहल, बगैचा, कम्प्युटर कक्ष, शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष) के र कति आवश्यक हो पर्ने हो र पूर्वाधार निर्माणको दायित्व संघ, प्रदेश र स्थानीय तह कसले कसरी लिने हो भन्ने विषय स्पष्ट गर्नु आवश्यक देखिएको छ ।

विद्यालय शिक्षामा प्रयोग भएको पूर्वाधाका सन्दर्भमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा आवद्ध भए तापनि पूर्वाधारको प्राविधिक एवम् वस्तुनिष्ठ आँकलन गर्न सकिएको छैन । हालै मात्र बृहत रुपमा पुननिर्माणका क्रममा केन्द्रीय आयोजना कार्यान्वयन एकाइबाट विद्यालय निर्माणमा ४ ओटा मोडालिटी (विद्यालय व्यवथापन समितिबाट निर्माण हुने, ठेक्काबाट निर्माण हुने, दातृ निकायबाट निर्माण हुने गैर सरकारी संघसंस्थाबाट निर्माण हुने) अवलम्बन गरिएका छन् । विद्यालय निर्माणका लागि हालसम्म अवलम्बन गरिएका पद्धतिमा लागत अनुमानमा एकरुपता कायम हुन सकेको छैन । भवन बन्ने र बनाउने विधि र प्रक्रियामा कहीं विवाद र कानुनी प्रश्न उठिरहेका छन् । शिक्षा मन्त्रालय अन्तर्गतको सबै भन्दा ठुलो बेरुजुको शिर्षक भवन निर्माणको रहेको छ । नेता, विद्यालय व्यवस्थापन समिति लगायत जनप्रतिनिधिहरुले समेत विद्यालयको अरुपक्षलाई भन्दा पनि पूर्वाधार

निर्माणको पक्षलाई देखिने गरी महत्व दिएको पाइन्छ । तथापि पूर्वाधारहरु भने अपेक्षा गरे अनुसारका बन्न सकिरहेका छैनन् । रकम नपुगेर कतिपय पूर्वाधारहरु अधकल्चो अवस्थामा छन् । कतिपय पूर्वाधार निर्माणको क्रममा मुद्धा र उजुरीका कारण काम हुन नसकेका अवस्थाहरु पनि छन् । भवन निर्माण गर्ने सिलसिलामा भवन आचारसंहिताको पालना नभएका कारण धेरै जसो विद्यालयहरु सुरक्षित, लैङगिक र अपाङ्गमैत्री बन्न सकेका छैनन् । पूर्वाधारका कार्यक्रम वितरणमा पनि न्याय नभएका आवाजहरु उठिरहेका छन् । कसैले कहिल्यै नपाउने र कसैले सधैं पाइरहने अवस्था भइरहेको गुनासो मर्कामा परेकाहरुले गरिरहेका छन् ।

राप्तीसोनारी गाउँपालिका केही विद्यालयमा अझै पनि पुस्तकालय, प्रयोगशाला, घेराबार, शौचालय, खेलमैदान, सभाहल जस्ता भौतिक सुविधा अपुग देखिन्छ । विद्यालय भवनहरु अपाङ्गता मैत्री छैनन् । यस पालिकामा सुरक्षित विद्यालयको लागि उपयुक्त मापदण्ड र मोडालिटी विकास, पूर्वाधार विकासका लागि गुरुयोजना निर्माण, आवश्यक स्रोतको प्रबन्ध, भौतिक पूर्वाधारहरु अपाङ्गता मैत्री, बालमैत्री तथा लैङ्गिकमैत्री बनाउने चुनौतिहरु विद्यमान छन् ।

### ४.६.१ वर्तमान अवस्था

यस राप्तीसोनारी गाउँपालिकामा ५४ वटा सामुदायिक विद्यालयहरू रहेका छन् ।यस गाउँपालिकामा ९२ वटा पक्की भवन छन् । ती भवनहरूमा जम्मा २०५ वटा पक्की कक्षाकोठा रहेका छन् भने ५० वटा कक्षाकोठा अपुग छन् ।त्यसै गरि जम्मा टिनका छानो भएका बिद्यालयका भवनको कक्षाकोठा संख्या ९० रहेको छ जसमा जिप्सन सहितको ब्यबस्था गर्नुपर्ने देखिन्छ ।केही विद्यालयहरूमा प्रधानाध्यापकको लागि बेग्लै कोठा, अलग्गै कम्प्युटर कोठा, चर्पी र खानेपानीको उचित व्यवस्था, स्टाफ कोठा, पुस्तकालय कोठा, खेलकुद तथा अतिरिक्त क्रियाकलाप कोठा तथा ल्याब कक्षाको व्यवस्था भएपनि सबै विद्यालयमा त्यसो हुन नसक्दा त्यसको उचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ । संङ्घीयता कार्यान्वयन भन्दा अघि तत्कालीन जिल्ला शिक्षा कार्यालयहरूमा प्राविधिक सहितको व्यवस्थापन तथा शिक्षा विभागबाटै विद्यालयमा भौतिकको काम हुने गरेको मा हाल कार्यान्वयनको जिम्मेवारी स्थानीय तहमा रहेको छ भने निर्माणको मापदण्ड सङ्घीय तह बाट हुदै आएको छ । जसबाट योजना र कार्यान्वयनमा तालमेल मिल्न सकेको छैन । विद्यालय भौतिक पूर्वाधार विकासका सन्दर्भमा एकरूपता नभएको अवस्थामा के कस्ता संरचनाहरू आवश्यक हुन् र ति आवश्यक पूर्वाधार निर्माणको दायित्व संघ, प्रदेश रस्थानीय तह कसले लिने हो भन्ने विषय स्पष्ट गर्नु आवश्यक देखिएको छ ।

### ४.६.२ उद्देश्य

भौतिक पूर्वाधार विकासमार्फत गुणस्तरीय विद्यालय शिक्षामा सहयोग पुऱ्याउनु यस शिक्षा योजनाको समग्र उद्देश्य रहेको छ । यसका विशिष्ट उद्देश्यहरु निम्न लिखित छन् ।

१.विद्यालयको पूर्वाधार विकास कार्यमा संघीय सरकार,प्रदेश सरकार र स्थानी य गै.स.सं.सँग समन्वय र सहकार्य गर्नु ।

२.सबै विद्यालयमा न्यूनतम पूर्वाधार विकास र विस्तार गर्नु ।

३.भौतिक पूर्वाधार विकासका लागि तोकिएको मापदण्ड कार्यान्वयन गर्नु, गराउनु ।

### ४.६.३ रणनीति

१.विद्यालयको भौतिक विकास पूर्वाधारका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय गै.स.सं.सँग लागत साझेदारीको आधारमा स्रोत व्यवस्थापन गरिनेछ ।

२.भूगोल, हावापानी, विद्यार्थी सङ्ख्या र लागतका आधारमा पूर्वाधार विकास सम्बन्धी मापदण्ड विकास गरिनेछ ।

३.विद्यालयको तह र विद्यार्थी सङ्ख्याका आधारमा आवश्यक पर्ने भौतिक पूर्वाधारको आंकलन गरिनेछ ।

४.विद्यालय भवन, कक्षा कोठा, शौचालय, पुस्तकालय जस्ता भौतिक पूर्वाधारलाई अपाङ्गतामैत्री, बालमैत्री र लैङ्गिकमैत्री बनाइनेछ ।

५.मागको आधारमा भन्दा वास्तविक आवश्यकताको पहिचान गरी पूर्वाधार निर्माण कार्य गर्ने र निर्माणको काम विवादरहित किसिमले सम्पादन गर्ने सवालमा आवश्यक संयन्त्र, आचारसंहिता, सहमति, विश्वास र प्रतिबद्धताको वातावरण विकास गरिने छ ।

६.विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार रविभिन्न संघसंस्थासँग एकिकृत लागत साझेदारी गरिने छ ।

७.विद्यालयमा बालउद्यान तथा इको गार्डेनको निर्माण गरी वातावरणमैत्री विद्यालय विकास गरिनेछ ।

८.विद्यालयका भौतिक पूर्वाधारलाई विपत जोखिममुक्त बनाइनेछ ।

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१.विद्यालयको भौतिक वातावरण सुरक्षित र बालमैत्री हुने ।

२.विद्यालयको भौतिक वातावरण अपाङ्गतामैत्री र लैङ्गिकमैत्री हुने ।

३.सबै विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास हुने ।

## नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रसं | सूचक | आधार वर्ष (८०/८१) | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | | २ | २ | २ | २ | २ |
| २ | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | | ४ | ४ | ८ | ८ | ८ |
| ३ | सबलीकरण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | | ३ | ३ | ३ | ३ | ३ |
| ४ | नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या | | १ | १ | १ | १ | १ |
| ५ | बाढी लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या | | | ४ | | ४ | |

## ४.६.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | क्रियाकलापहरु | जिम्मेवार निकाय | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ |
| १ | मर्मत तथा रंगरोगन | विद्यालय र गाउँपालिका | पटक | आवश्यकतानुसार | | | | |
| २ | पूर्वाधार विकास मास्टर प्लान | गाउँपालिका | पटक | १ | | | | |
| ३ | भौतिक संरचना निर्माण अभिमुखीकरण | गाउँपालिका | निरन्तर | | | | | |
| ४ | जिप्सन फिट गर्ने | गाउँपालिका | संख्या | | १५ | १५ | १५ | १० |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

गुणस्तरीय शिक्षाका लागि सूचना प्रविधिको अति आवश्यक छ । सूचना तथा सञ्चार प्रविधिले शिक्षण सिकाइमा सुधार ल्याउन, शिक्षामा सवैको पहुँच पु¥याउन र शिक्षाको व्यवस्थापकिय एवम् शासकीय पद्धतिमा सुधार ल्याउन सहयोग गर्दछ ।

राष्ट्रिय शिक्षा नीति २०७६ मा सबै विद्यालय तथा शिक्षण संस्थाहरुमा सूचना तथा सञ्चार प्रविधिको संरचना तयार गर्ने, कनेक्टिभिटी पुरयाउने, तालिम, शिक्षण सिकाई तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु, आवश्यक सामाग्रीको व्यवस्थापन र जनशक्ति तयार गर्ने विषय उल्लेख गरिएको छ । त्यसैगरी विद्यालय क्षेत्रविकास कार्यक्रममा शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगको लागि आवश्यक सामाग्री विद्यालयलाई उपलब्ध गराउने, नमूना विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने, एकिकृत लेखा सफ्टवेयर कार्यान्वयन गर्ने र एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) विकास गर्ने क्रियाकलापहरु रहेका थिए ।

कोभिड १९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार र प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ । सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइलाई सुधार गर्न, सिकाइलाई सान्दर्भिक गराउन, सिकाईप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापनमा सुधार गरी सुशासन कायम गर्न सहयोग गर्दछ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पु¥याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रुपमा प्रयोग गरी सिकाई सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुरयाउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्विधिको सहयोग पुरयाउनु पर्दछ ।

विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरु योजना २०१३—२०१७ निर्माण भई कार्यन्वयनसमेत भइरहेको अबस्था छ । त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति २०७२ ले शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरु योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरु उल्लेख गरेको छ । डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरुमा सञ्चार प्रविधि शिक्षा, जियोप्यासियल र जिआइएस शिक्षा प्रदान गर्ने र बिद्यालय क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ । नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बनधी नीतिहरु उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षणसंस्थाहरुमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना गर्ने, कनेक्टिभिटी सम्बन्धी तालिम, शिक्षणसिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना

तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना, २०१३—२०१७ ले दश हजार विद्यालयमा शिक्षण सिकाइका लागि इन्टरनेट कनेक्टिभिटी सहित सूचना प्रविधिका संरचनाले विकास तथा प्रयोग गर्ने शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोत केन्द्रहरुमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रवन्ध गर्ने, सूचना प्रविधि विषयलाई पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने, सबै स्रोत केन्द्रहरुमा डिजिटल सामग्री आदानप्रदान गर्ने प्लेटफर्म बनाउने, निरन्तर सिकाईको प्रवन्ध गर्ने सूचना प्रविधि विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणलीलाई डिजिटलाइज गर्ने शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रुपमा विकास गर्ने लगायतका कार्यक्रमहरु निर्धारण गरिएका थिए ।

राप्तीसोनारी गाउँपालिकाका विद्यालयहरुमा कम्प्युटर लगायतका सामाग्रीहरु उपलब्ध गराउने र इन्टेरटको कनेक्टिभिटीका केही कामहरु भएका छन् । तर विद्यालयमा प्रयाप्त सुविधा पुरयाउन सकिएको छैन् । सूचना र सञ्चार प्रविधिलाई शिक्षण सिकाइमा प्रयोग गर्ने विद्यालयहरु अत्यन्त कम छन् । प्रविधिको प्रभावकारी प्रयोगका लागि उपलब्ध जनशक्ति क्षमता अभिवृद्धि गर्न सकिएको छैन् । यस परिच्छेदमा शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी चुनौतिहरु सामना गर्नका लागि योजनाका उद्देश्य, रणनीति तथा प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु निर्धारण गरिएको छ ।

### ४.७.१ वर्तमान अवस्था

सरकारले आधारभुत शिक्षा (कक्षा ४—८) को पाठ्यक्रम २०७७ मा विज्ञान तथा प्रविधि विषयमा सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सुचना प्रविधिको समुचित प्रयोग गर्न सक्ने सक्षमता निर्धारण गरी सूचना तथा सञ्चार प्रविधि ३० कार्य घण्टाको समय निर्धारण गरेको छ । माध्यमिक तहमा ऐच्छिक विषयका रुपमा कम्प्युटर अध्ययन गर्न सकिन्छ ।

### ४.७.२ उद्देश्य

विद्यालय सूचना र सञ्चार प्रविधि ९-१० को विस्तार गरी गुणस्तरीय शिक्षामा सुधार गर्न यस शिक्षा योजनाको समग्र उद्देश्य रहेको छ । यसका विशिष्ट उद्देश्यहरु निम्न लिखित छन् ।

१.सूचना र सञ्चार प्रविधिको विस्तार गरी गुणस्तरीय शिक्षालाई प्रवर्धन गर्नु ।

२.सूचना र सञ्चार प्रविधि मार्फत विद्यालयको भौतिक, आर्थिक र शैक्षिक गतिविधि पारदर्शी बनाउनु ।

३.सूचना र सञ्चार प्रविधिको विस्तार गरी समग्र विद्यालय तथा शैक्षिक व्यवस्थापनमा सुधार ल्याउनु ।

### ४.७.३ रणनीति

१.सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत सुविधा तथा उपकरणको व्यवस्था गरिनेछ ।

२.स्थानीय तहमा एकीकृति शैक्षिक सूचना तथा सञ्चार प्रणालीको विकास गरिनेछ ।

३.सबै शिक्षक र कर्मचारीलाई सूचना तथा प्रविधि सम्बन्धी आधारभूत तालिम प्रदान गरिनेछ ।

४.पालिका भित्रका विभिन्न विद्यालयहरुमा विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्री उपलब्ध गराई उचित प्रयोग गर्न व्यवस्था मिलाइनेछ ।

५.सबै पाठ्यक्रम तथा पाठ्यसामाग्रीहरुको डिजिटल प्रति सहजै उपलब्ध हुने व्वस्था गरिनेछ ।

६. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिनेछ ।

७.विद्यालयका प्रशासनिक, आर्थिक र शैक्षिक अभिलेख सूचना तथा सञ्चार प्रविधिमा आधारित बनाइनेछ ।

८.सबै विद्यालयमा क्रमशः शैक्षिक व्यवस्थापन प्रणाली र लेखासम्बन्धी एकीकृत सफ्टवेयरको व्यवस्था गरिनेछ ।

**४.७.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

१.सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास हुने ।

२.सबै विद्यालयको शिक्षण सिकाइ र व्यवस्थापकीय कार्यमा सूचना तथा प्रविधिको प्रयोग गरेको हुने।

३.वैकल्पिक शिक्षण सिकाइको अवसर उपलब्ध हुने ।

४.विद्यार्थीको सिकाइ उपलब्धीमा सुधार हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (८०/८१) | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | ५० | ० | ४ | ० | ० | ० |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | १५ | ५ | ५ | ५ | ५ | ५ |
| ३ | मुख्य विषयमा डिजिटल | १० | १० | ५ | ५ | ५ | ५ |

| क्रसं | सूचक | आधार वर्ष (८०/८१) | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
|---|---|---|---|---|---|---|---|
| | पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | | | | | | |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | ३५ | ५ | ५ | ५ | ४ | ० |
| ५ | विद्युत्को पहुँच पुगेका विद्यालय सङ्ख्या | ५३ | ० | ० | ० | ० | १ |

### ४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क.स. | क्रियाकलापहरु | जिम्मेवार निकाय | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा ICT मैत्री संरचना विस्तार गर्ने | गाउँपालिका र विद्यालय | आवश्यकतानुसार | १५ | ५ | ५ | ५ | ५ |
| २ | सबै शिक्षण संस्थाहरुमा विद्युतका साथै इन्टरनेट सेवा विस्तार | विद्यालय र गाउँपालिका | पटक | ५३ | ० | ० | ० | १ |
| ३ | शिक्षक तथा कर्मचारूहरुको सञ्चार तथा प्रविधिसम्बन्धि क्षमता विकास | गाउँपालिका | पटक | १ | १ | १ | १ | १ |
| ४ | परिवार र समुदायलाई प्रविधिमैत्री बनाउनका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन | विद्यालय | पटक | १ | १ | १ | १ | १ |
| ५ | साइबर कानूनको प्रभावकारी कार्यान्वयन र जनचेतना स्तर अभिवृद्धि गरी सूचना र सञ्चारको दुरुपयोग र साइबर अपराधका घटनाहरुमा न्यूनीकरण | गाउँपालिका | पटक | १ | १ | १ | १ | १ |
| ६ | भर्चुअल कक्षा सञ्चालन | विद्यालय | आवश्यकतानुसार | | | | | |
| ७ | सबै माध्यमिक विद्यालयहरुको वेभसाइट, इ-हाजिरी र सिसी टिभी क्यामेरा जडान | गाउँपालिका र विद्यालय | बिद्यालय | ५ | ५ | ५ | ५ | ६ |

## परिच्छेद ५ : अन्य उपक्षेत्र
## तीनै तहका सरकारहरुको संस्थागत संरचना, क्षमता विकास र अन्तरसम्बन्ध

### ५.१ परिचय

नेपालको संविधान २०७२ ले नेपाललाई संघीय राज्यको रुपमा व्यवस्था गरी मुलुकमा तीन तहको सरकारको कार्यान्वयन भइरहेको छ, जसअन्तर्गत मुलुकमा अहिले एउटा सङ्घीय, सातवटा प्रदेश सरकार र ७५३ वटा स्थानीय सरकारहरु रहेका अवस्था छ। सङ्घीय संरचनाअनुसार सबैले शिक्षा प्राप्तिको अधिकार सुनिश्चितताका लागि अनुसूचि ५,६,८ र ९ को व्यवस्था गरेको छ। जसअन्तर्गत अनुसूचि ५ को बुदाँ १५ ले संघको एकल शैक्षिक दायित्त्व तोकेको छ।अनुसुचि ६ को बुदाँ ८ ले प्रदेशको एकल शैक्षिक दायित्त्व उल्लेख गरेको छ।त्यस्तै अनुसूचि ६ को बुदाँ १८ ले भाषा, लिपी आदिलाई संघीय सरकार तथा प्रदेश सरकारको साझा जिम्मेवारीमा राखेको छ। अनुसूचि ८ को बुदाँ ८ ले स्थानीय सरकारको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक तहको शैक्षिक दायित्त्वको व्यवस्था गरेको छ।अनुसूचि ९ को बुदाँ २ ले स्थानीय सरकार, प्रदेश सरकार तथा संघीय सरकारको साझा शैक्षिक दायित्त्व उल्लेख गरेको छ। संघिय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र स्थानीय तहमा पालिकाले शिक्षाको नेतृत्त्व गरेको छ।

मुलुकमा मूल कानूनको रुपमा संविधान जारी भए पनि सम्पूर्णरुपमा अरु कानूनहरु बनिसकेको अवस्था छैन। संविधानले कुन सरकारको शिक्षा सम्बन्धी कुन र कति हो भनी निर्धारण गरेर स्पष्ट र केही विषयमा कानून बनाई व्याख्या गर्नु आवश्यक छ।यस्तो अवस्थामा शिक्षा ऐन पुरानै छ र संघीयताको मर्मअनुरुप संशोधन हुन सकिरहेको छैन। कतिपय स्थानीय तहबाट संविधानले आफूलाई प्रदान गरिएको अधिकार भनेर शिक्षक नियुक्ति र सरुवा, एस.ई.ई. परीक्षा सञ्चालन, विद्यालयहरुको भौतिक पूर्वाधार विकासलगायतका सवालहरुमा काम गर्न रुचि देखाएको अवस्था छ।विद्यालय शिक्षासम्बन्धी धेरै अधिकार स्थानीय तहलाई भएको र हालको अवस्थामा स्थानीय तहमा शिक्षासम्बन्धी काम गर्ने संरचना र जनशक्ति नभएको कारण शिक्षामा केही द्विविधा र केही अलमलको स्थिति देखिएको छ।पुरानो संरचनाअन्तर्गतका स्रोत केन्द्रहरु खारेज गरिएका कारण विद्यालयहरुमा हुने विद्यालयहरुमा अनुगमन र सुपरीवेक्षण प्रायः शून्य भएको अवस्था छ।

## ५.२ चुनौती र अवसर

संविधानमा संघ, प्रदेश र स्थानीय तहको शिक्षाका अधिकारका सम्बन्धमा गरेको व्यवस्थाका बारेमा सबैको बुझाइमा एकरुपता कायम नहुनु, शिक्षाको बजेट बाँडफाँडको सम्बन्धमा मतैक्यता नहुनु, एकअर्का बिचको समन्वयका लागि सुदृढ कानूनी एवम् संस्थागत र संरचनागत व्यवस्था नहुनु, संघीय संरचनाअनुसारको शिक्षाको ऐन कानून निर्माण नहुनु, स्थानीय तहसम्बन्धी पर्याप्त जनशक्ति र संरचनाको व्यवस्था नहुनु जस्ता चुनौतीहरु प्रमुख रुपमा रहेका छन्।संविधानले तोकेका शिक्षाका साझा अधिकारको सूचिमा थप स्पष्टता ल्याउनु, शिक्षाका तहगत संरचनाहरुको आवश्यकताको आधारमा व्यवस्थापन गर्नु, अभिभावक र शिक्षाका सरोकारवालाहरुको शिक्षा र बालबालिकाप्रति समुचित किसिमले ध्यानाकर्षण गराउनु, सामुदायिक विद्यालयहरुको क्षमता विकास गर्नु, स्थानीय तहमा सुपरीवेक्षण र अनुगमन गर्नका लागि उपयुक्त संरचना र क्षमताको विकास गर्नु, स्थानीय तहमा भएको शिक्षासम्बन्धी अधिकार र जिम्मेवारीअनुसार आवश्यक पर्ने संरचना र जनशक्तिको विकास गर्नु आदि पनि उल्लेख्य चुनौतीका रुपमा रहेका छन्।

मुलुकले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीसहित संघीय राज्य प्रणाली कार्यान्वयनमा आएपछि तीनवटै तहका सरकारहरुबाट शिक्षाको संरचनामा चासो  राखेर काम गर्ने जमर्को भइरहेको छ।तीनवटै सरकारहरुले आ-आफ्नो किसिमले क्षमता विकासका कार्यक्रम सञ्चालन गरिरहेका छन्। विद्यालयहरुको भौतिक संरचनाको विकास र विस्तारले तुलनात्मक किसिमले प्राथमिकता पाएको छ।जानकी गाउँपालिकाले दरबन्दी अपर्याप्त रहेको अवस्थामा पालिकाबाट आफ्नै स्रोतबाट शिक्षक व्यवस्थापन, क्षमता अभिवृद्धि, भौतिक संरचनाको स्तरोन्नती र नव संरचना निर्माण जस्ता कार्यहरुमा चासो र बजेट खर्च गरिरहेको अवस्था छ।बालविकासदेखि कक्षा १२ सम्मको कक्षा सञ्चालनको अनुमित स्थानीय तहले नै दिने भएको हुँदा विद्यालयहरुमा तह वा कक्षा थप गर्ने काम सहज भएको छ।

## ५.३ लक्ष्य तथा उद्देश्यहरु

**लक्ष्य**

गुणस्तरीय शिक्षाका लागि सुदृढ तहगत संरचना, प्रभावकारी अन्तरसरकार सम्बन्ध र उपलब्धिमूलक क्षमता विकास गर्ने ।

**उद्देश्यहरु**

१) संविधानको मर्मअनुसार आवश्यक पर्ने कानून निर्माण गरी तीनै तहको सरकारबिचमा अधिकार र जिम्मेवारीका सम्बन्धमा देखिएका अन्यौलहरुको निराकरण गर्न योगदान गर्नु

२) संविधानबाट प्रदत्त अधिकार र जिम्मेवारीहरुको प्रभावकारी रुपमा सदुपयोग र सम्पादन गर्नका लागि आवश्यक पर्ने संरचनाको निर्माण गरी कार्यान्वयन गर्नु

३) शिक्षाको संरचनामा प्रभावकारी रुपमा कार्यसम्पादन गर्नका लागि ठीक पदमा ठीक व्यक्ति रहने गरी तदनुसारको क्षमता र छनौट पद्धतिको विकास गर्नु

४) अभिभावक, शिक्षक लगायत शिक्षाको जनशक्ति र संरचनाको उचित किसिमले क्षमता विकास र सोको अद्यावधिक गर्नका लागि आवश्यक संयन्त्रको विकास गर्नु

## ५.४ रणनीतिहरु

उल्लेखित उद्देश्यहरु हासिल गर्न देहायका रणनीतिहरु अवलम्बन गरिनेछः

१) संघीय सरकारबाट शिक्षासम्बन्धी नीति र मापदण्ड बनाउने, प्रदेश र स्थानीय सरकारलाई बजेट र मार्गदर्शन प्रदान गर्ने, पाठ्यक्रमको प्रारुप तयार गर्ने, शिक्षक र प्रधानाध्यापक छनौटसम्बन्धी काम गर्ने, माध्यमिक तहको अन्तमा हुने परीक्षासम्बन्धी काम गर्ने, शैक्षिक अनुसन्धानसम्बन्धी काम गर।ने, शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय निकाय र नियोगहरुसँग समन्वय र सहकार्य गर्ने, संस्थाहरुको सक्षमता मापनसम्बन्धी मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने।

२) स्थानीय तहमा शिक्षकहरुको दरबन्दी मिलान, स्थानीय तहभित्र शिक्षकहरुको सरुवा, कार्यसम्पादन मूल्याङ्कन, विद्यालयहरुको नक्साङ्कन, विद्यालयहरुको सञ्चालन अनुमति, टोल र वडावडामा पुस्तकालय एवम् वाचनालयको व्यवस्था, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र साक्षरतासम्बन्धी कार्यक्रमको सञ्चालन, शैक्षिक संस्थाहरुको अनुगमन जस्ता काम गर्नका लागि स्थानीय तहअन्तर्गत रहेको शिक्षा, युवा तथा खेलकुद शाखामा एक संरचनाको विकास गर्ने।

३) शिक्षक दरबन्दी पुनर्वितरण गर्दा पनि शिक्षक दरबन्दी नपुग हुने अवस्थामा प्रदेश सरकार र स्थानीय तहबाट सिर्जना हुने शिक्षक दरबन्दीमा शिक्षक पदपूर्ति एवम् विद्यालय कर्मचारीको पदपूर्तिका लागि प्रदेश सरकारसँग समन्वय गर्ने।

४) विद्यालयहरुलाई प्रभावकारी रुपमा सञ्चालनका लागि विद्यालयमा सक्षम र अधिकार प्राप्त प्रधानाध्यापकको व्यवस्था गर्ने। यसरी व्यवस्था गरिएका प्रधानाध्यापकहरुले स्थानीय तहसँग करार सम्झौता गरी काम गर्नु पर्नेछ। पाँच वर्षपछि पुनः प्रधानाध्यापक हुन उपयुक्त देखिएमा अर्को विद्यालयमा खटाउने।

५) बालबालिकाको शिक्षाप्रति अभिभावकलाई जिम्मेवार बनाउने। बालाबालिकालाई विद्यालयमा नपठाउने र घरमा समेत सिकाइमैत्री वातावरण उपलब्ध गराउन आवश्यक कानूनी व्यवस्था गरी कार्यान्वयनमा ल्याउने।

६) शिक्षण पेसाप्रति समर्पित र सक्षम जनशक्तिलाई शिक्षण पेसामा प्रवेश गर्ने गराउने वातावरण सिर्जना गर्नका लागि व्यक्तिको मनोवैज्ञानिक र मनोसामाजिक पक्ष एवम् प्रविधिसम्बन्धी सीप र दक्षता मापन गर्ने किसिमले शिक्षक छनौटको व्यवस्था मिलाउने।

७) तीनवटै सरकार र तिनका संरचनाहरुको बिचमा प्रभावकारी सहकार्यका लागि आवश्यक समन्वयात्मक वातावरण सिर्जना गर्ने।

**५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**क) उपलब्धी**

१) गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि सुदृढ तहगत संरचना, प्रभावाकारी अन्तर सरकार सम्बन्ध र उपलब्धीमूलक क्षमता विकास भएको हुने

**ख) नतिजा**

- कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहको संरचना, कार्यक्षेत्र र अधिकार बाँडफाँटमा स्पष्टता आएको हुने

- संविधानको मर्मअनुसार नै तीनै तहको बिचमा समन्वय, सहकार्य र सहअस्तित्त्वका आधारमा कार्यक्षेत्र र जिम्मेवारीहरु गुणस्तरीय किसिमबाट सम्पादन भएको हुने
- साझा चासो र हितका सम्बन्धमा सरकारहरुको तहहरुबिच सूचना आदानप्रदान र असल अभ्यासको अनुसरण गर्ने संस्कारको विकास भएको हुने
- शैक्षिक निकाय र विद्यालयहरु गूणस्तर, सुशासन र क्षमता विकासका हिसाबले नागरिक समाजले अनुभूत गर्ने गरी विकास भएको हुने
- पेसाप्रति समर्पित र सक्षम शिक्षकहरुको शिक्षण पेसामा बाहुल्यता भएको हुने
- बालाबालिकालाई विद्यालय नपठाउने र घरमा सिकाइमैत्री वातावरण उपलब्ध नगराउने अभिभावकलाई कानूनी कारवाही गर्ने कानून निर्माण भई लागू भएको हुने

**ग) प्रमुख क्रियाकलाप र लक्ष्य**

| क.स. | क्रियाकलापहरु | जिम्मेवार निकाय | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| १ | साझा चासो र हितका सम्बन्धमा स्थानियतहहरु बिच सूचना आदानप्रदान तथा असल अभ्यासको अनुसरण गर्ने संस्कारको विकास गरिने | विद्यालय | निरन्तर | निरन्तर | | | | |
| २ | शिक्षण पेसामा मनोवैज्ञानिक परीक्षण र विश्लेषण गरी ठीक ठाउँमा ठीक व्यक्तिको चयन गर्ने कार्यलाई ऐन कानूनमा | गाउँपालिका | निरन्तर | निरन्तर | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्था गर्न सरकारहरु बिच समन्वय र सहकार्य गरिने | | | | | | | |
| ३ | शिक्षासम्बन्धि छोटो अवधिका प्रशिक्षण कार्यक्रमहरु सञ्चालनका लागि स्थानीय तहमा सामुदायिक सिकाइ केन्द्रको क्षमता विकास गरिने | गाउँपालिका | पटक | १ | १ | १ | १ | १ |
| ४ | शिक्षक दरबन्दी सिर्जना, मिलान र पुनर्वितरण गरी आवश्यकताअनुसार शिक्षक पदपूर्ति गरिने | गाउँपालिका | आवश्यकतानुसार | आवश्यकतानुसार | | | | |
| ५ | विद्यालयहरुलाई प्रभावकारी रुपमा सञ्चालनका लागि सक्षम र अधिकार प्राप्त प्रधानाध्यापकको व्यवस्था गरिने | विद्यालय र गाउँपालिका | नियमित | नियमित | | | | |
| ६ | कानूनद्वारा अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइका लागि स्रोत सम्पन्न सामुदायिक सिकाइ | गाउँपालिका | आवश्यकतानुसार | आवश्यकतानुसार | | | | |

| | | | | |
|---|---|---|---|---|
| | केन्द्रको स्थापना र सञ्चालन | | | |

# परिच्छेद ६. सुशासन तथा व्यवस्थापन

**परिचय:**

वर्तमान अवस्थामा संघमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ ।राष्ट्रको शिक्षासम्बन्धी समष्टिगत नीति निर्धारण शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण सङ्घीय योजनाको विकास अनुगमन तथा मूल्याङ्कन गर्नु मन्त्रालयको प्रमुख दायित्व रहेको छ । मन्त्रालयअन्तर्गत केन्द्रीय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील छन् । विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि संघीय र प्रादेशिक तहमा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्वयनमा जटिलता सिर्जना भएको छ । विशेषगरी संघीय शिक्षा ऐन जारी हुन नसकेको कारणले प्रदेश र स्थानीय कानुनहरू विकास हुन बाधा भई शैक्षिक गतिविधि व्यवस्थित रूपमा सञ्चालन हुन नसकेका गुनासाहरू मात्र होइन यथार्थ पनि हाम्रो सामु छ ।

शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गत रहेका २९ शैक्षिक तालिम केन्द्रहरू मध्ये सातवटा प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन् । अन्यतालिम केन्द्रहरू खारेज भएका छन् । त्यसैगरी साविकका क्षेत्रीय शिक्षा निर्देशनालयहरू प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तर्गतका शिक्षा विकास निर्देशनालयमा परिवर्तन भएका छन् । साबिकका जिल्ला शिक्षा कार्यालयहरू शिक्षा विकास तथा समन्वय एकाइमा रुपान्तरण भएका छन् । लोक लोकसेवा आयोगले स्थानीय तहका लागि कम्तीमा एउटा स्थानीय तहमा एक जना शिक्षा सेवा कर्मचारी पुऱ्याउने लक्ष्यका आधारमा करिब ७००जना शिक्षा सेवाका कर्मचारीहरूको सिफारिस गरेको छ । तत्कालीन निजामती सेवा ऐनमा भएको व्यवस्था अनुसार २४(घ) १को बढुवाले सिर्जना गरेको अव्यवहारिक पदस्थापन अझै व्यवस्थित हुन सकेको छैन । संघीय स्वरूप अनुसार सेवा प्रवाहका लागि आवश्यक संरचना तथा क्षमतालाई पनि सुधार गर्नुपर्ने छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका तेइसवटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाई राखियो तर इकाइको कामलाई प्रभावकारी बनाउन सकिएको छैन । एकातिर समन्वयका लागि कायम भएका जिल्लाको समन्वय इकाइ क्रियाशील र प्रभावकारी नभएको अवस्था छ त्यसैगरी प्रदेश शिक्षा निर्देशनालयको भूमिका पनि पुनः परिभाषित गर्नुपर्ने देखियो । जिल्ला समन्वय इकाइ र प्रदेश निर्देशनालयमा ठूला संरचना र पूर्वाधार छन् तर उपयोग नहुँदा खेर जाने अवस्था छ । साविकको परीक्षा नियन्त्रण कार्यालयले उच्च माध्यमिक शिक्षा परिषद् गाभिएर संघमा राष्ट्रिय परीक्षा बोर्ड गठन भएको छ । तापनि स्थानीय तहबाट सञ्चालन हुने आधारभूत तहको अन्तिम परीक्षामा सहजीकरण

कसले र कसरी गर्ने भन्ने विषय मौन रहेको छ । कक्षा १०को परीक्षा सञ्चालन र व्यवस्थापनका लागि प्रदेश तहमा कस्तो संरचना रहने र कक्षा १२को परीक्षा राष्ट्रिय तहमा सञ्चालनका लागि कस्तो संस्थागत प्रबन्ध हुनुपर्ने भन्ने विषय पनि स्पष्ट हुन सकेको छैन । विद्यालयमा सञ्चालन भइरहेको प्राविधिक धार लगायत हाल प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्द्वारा सञ्चालन भएका विद्यालय लगायत निजी प्रदायक संस्थाबाट सञ्चालन भइरहेका कार्यक्रमहरूलाई व्यवस्थित बनाउन संघ, प्रदेश र स्थानीय तहमा कस्तो संरचना उपयुक्त हुन्छ भन्ने विषय पनि टुंगो लागेको अवस्था छैन । शिक्षकहरूलाई स्थायी पदमा सिफारिस गर्न र शिक्षकका लागि अध्यापन अनुमतिपत्र प्रदान गर्ने कार्यमा संलग्न शिक्षक सेवा आयोगका काम कारवाहीहरू सञ्चालन र व्यवस्थापनका लागि प्रदेश स्तरमा कस्तो संरचना हुने भन्ने विषय पनि टुंगो लाग्न बाँकी नै रहेको अवस्था छ । विद्यालय निरीक्षक र स्रोत व्यक्तिले प्रदान गर्दै आएका सेवा समाप्त भई विद्यालयहरूमा शिक्षक सहयोग पद्धति नै टुटेको अवस्था छ । सरकारका विभिन्न तहबीच सहजीकरण र समन्वयका पक्षमा सुधार गर्नुपर्ने आवश्यकता महसुस भएको छ । नतिजा प्रतिको जवाफदेहितामा सुधार गर्नुपर्ने छ । समग्रमा राज्यका तीनै तहका सरकारले एउटै लक्ष्य र गतिमा तर आफ्नो भिन्न भिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत क्षमता विकास र सो अनुसार कार्यान्वयन गर्ने सफलताका लागि थप कार्य गर्नुपर्ने देखिन्छ ।

संघीय शिक्षा ऐन नबन्दा स्थानीय तहले गर्ने शिक्षाका २३ वटा कार्य के कसरी गर्ने विद्यालय स्थापना र अनुमति, शिक्षक पदस्थापन, सरुवा बढुवा, कार्यसम्पादन मूल्याकन, शिक्षक तालिम, दरबन्दी सिर्जना, सरुवा आदि जस्ता कुराहरू अन्यौल नै छ । यसै परिवेशमा स्थानीय तहबाट शैक्षिक सेवा प्रवाह गर्न र शैक्षिक सुशासन कायम राख्न संस्थागत संरचना र क्षमता विकासका कार्य प्रस्ताव गरिएको छ ।

### ६.१.३ उद्देश्यहरू

यस योजनामा सुशासनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी समग्र उद्देश्य संघीय संरचना बमोजिम सरकारको सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउँदै नतिजामुखी व्यवस्थापन प्रवर्द्धन गर्नु रहेको छ । यस योजनामा सुशासन र प्रवर्द्धनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी उद्देश्यहरू निम्न अनुसार रहेका छन्ः-

१. नेपालको विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधि समन्वय सहअस्तित्व र सहकार्य सहकारिताको संवैधानिक प्रत्याभूतिका आधारमा सञ्चालन गर्नका लागि संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध सुदृढ बनाउने संयन्त्र र संस्थागत व्यवस्था गर्नु ।

२. विभिन्न अनुसन्धानका नतिजा र विद्यार्थी उपलब्धिका नतिजाबाट प्राप्त गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्ने स्थानीय, प्रदेश र संघीयमा गुणस्तर सम्बोधन गर्ने संरचना र जनशक्तिको व्यवस्था गर्नु ।
३. कार्य सम्पादनप्रति उत्तरदायी तथा नतिजा प्रतिको जवाफदेहिता र समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन अभिवृद्धि गर्नु ।
४. विद्यालयका शिक्षक तथा प्रधानाध्यापक प्रस्तावित अन्य संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्नु ।

## ६.१.४ रणनीतिहरू

१. स्थानीय तह, प्रदेश र संघीय सरकारबीच समन्वय र सहकार्य गरिने छ ।
२. संघीय सरकारलाई संघीय शिक्षा ऐन निर्माण गर्न दबाब सिर्जना गरिने छ ।
३. स्थानीय तहको शिक्षा ऐन नियम, नियमावली निर्देशिका तथा कार्यविधिहरू तयार गरी कार्यक्रमहरू कार्यान्वयन गरिने छ ।
४. प्रदेश र स्थानीय सरकार तथा उत्तरदायित्व लगायतका पक्षहरूमा स्पष्टतः काम गर्न आवश्यक कानुनी प्रबन्ध गरिने छ ।
५. संघ,प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध प्रगाढ बनाउन राष्ट्रिय शिक्षा परिषद्को संरचनामा परिवर्तन गरी प्रदेश तथा स्थानीय तहको प्रतिनिधित्व हुने व्यवस्था गर्न अनुरोध गरिने छ ।
६. हालको शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहवीचका कार्य विवरण स्पष्ट गरिने छ ।
७. स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना गरिने छ ।
८. औपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइको व्यवस्थापनका लागि स्थानीय तथा समुदायमा आवश्यक संयन्त्र तयार गरिने छ ।
९. प्रधानाध्यापकलाई थप जिम्मेवार बनाइने छ साथै क्षमता विकास गरी स्थापित संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गरिने छ ।

## ६.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### क) उपलब्धि

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुने छ ।
२. संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुने छ।
३. आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रूपमा कार्यसम्पादन भएको हुने छ ।

### ख) नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रसं | सूचक | एकाइ | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | संख्या | २ | ३ | ४ | ५ | ७ | प्रथम चरणको |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | संख्या | ० | २ | ३ | ४ | ५ | |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | संख्या | ५४ | निरन्तर | | | | |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | संख्या | ५४ | निरन्तर | | | | |
| ५ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | संख्या | | | | | | |

## ६.१.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | भौतिक |
|---|---|---|---|---|

| . | | | ८१ | ८२ | ८३ | ८४ | ८५ | जम्मा | लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | विद्यालय | ५४ | नियमित | | | | ५४ | |
| ३ | कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | प्र.अ | नियमित | | | | | | |
| ४ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्यांकन गर्ने, गराउने | विद्यालय | नियमित | | | | | | |
| ५ | अर्धबार्षिक विद्यार्थी सिकाइ उपलब्धि परीक्षण गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | |
| ७ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ परिचय र वर्तमान अवस्था

यस पालिकाले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ । स्थानिय तह र  बिद्यालयको आधारभूत तहमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ। प्रत्येक बिद्यालयले र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन  ।कार्यक्रम संचालनको लागि बजेट र आबश्यक प्रबन्ध पालिकाको शिक्षा शाखाले गर्नेछ ।

जब कार्यक्रमहरुको कार्यन्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ । विद्यालय अनगुमनका क्रममा

पालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुररिक्षण, निरीक्षण गर्नेछन् । अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र बिद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई सक्रिय हुनेछ ।

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्यांकन गर्ने कार्य गरिरहेको छ । खासगरी गाँउ पालिकाको शिक्षा शाखावाट समय समयमा अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको तथा कहिलेकाहि जनप्रतिनीधिहरुलाई सामिल गराई संयुक्त अनुगमनमा पनि गरिएके छ । बिद्यालयमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ । अनुगमन मूल्यांकनका संरचना वा निकायहरु खडा भएतापनि सक्रिय बनाउन बाँकि नै छ । कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन । समग्र कार्यक्रम कार्यान्वयन, प्रगति समिक्षा पनि हुन बाँकी नै छ । प्रभावकारी अनुगमन र मूल्यांकनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ । सफलता, सिकाई र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ ।

**(क) चुनौतीहरू**

१. पर्याप्त बजेट नहुँदा योजनाको प्रभावकारी कार्यान्वयन गर्न कठिन रहनु ।
२. जनशक्ति तथा दक्षताको अभावले योजना कार्यान्वयनमा ढिलाइ वा असफलता निम्त्याउनु ।
३. कार्यान्वयनका लागि आवश्यक संरचना, उपकरण, तथा पूर्वाधारको अभाव चुनौतीपूर्ण रहनु ।
४. सरकारी निकाय, विद्यालय, तथा समुदायबीच समन्वय नहुँदा योजना प्रभावकारी रुपमा अघि बढ्न नसक्नु ।
५. स्थानीय शिक्षा योजनामा राजनीतिक प्रभाव र हस्तक्षेपले कार्यान्वयनमा अनियमितता निम्त्याउनु ।
६. प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको अभावमा योजना सही ढंगले कार्यान्वयन भएको सुनिश्चित गर्न कठिनाइ हुनु ।

**ख) अवसरहरू**

१. स्थानिय स्तरमा विद्यालय, अभिभावक, शिक्षक र सामुदायिक संस्थाको सहभागिता शिक्षाको गुणस्तर सुधारमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छ।
२. डिजिटल प्रविधि, अनलाइन शिक्षा, र शिक्षा व्यवस्थापन प्रणालीहरूको प्रयोगले शिक्षामा पहुँच वृद्धि र प्रभावकारी व्यवस्थापनको अवसर दिन्छ

३. स्थानीय स्तरमा उपलब्ध स्रोत र सीपहरूको उपयोगले योजना कार्यान्वयनलाई सशक्त बनाउन मद्दत गर्छ ।

४. दातृ निकाय, गैरसरकारी संस्था, र निजी क्षेत्रसँगको सहकार्यले अतिरिक्त स्रोत र प्राविधिक सहयोग जुटाउने अवसर प्रदान गर्छ।

५. संघीय प्रणालीले स्थानीय आवश्यकताहरूअनुसार योजना बनाउन र कार्यान्वयन गर्न थप स्वायत्तता र लचकता प्रदान गर्दछ।

६. स्थानीय निकायहरूको नेतृत्व र उत्तरदायित्व बढाउँदा शिक्षाको सुधारको लागि ठोस कदम चाल्न सकिन्छ।

### ६.२.२ उद्देश्यहरू

१. बार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्ने,

२. आवश्यकता अनुसार कानून, मापदण्ड र निर्देशिका विकास गर्ने,

३. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन का नतिजाहरू को विवरण तयार गर्ने, समीक्षा गर्ने, र सुधार गर्ने,

४. शिक्षण सिकाइमा आवश्यक सहयोग तथा अनुभव आदानप्रदान का लागि स्थानीय स्तर मा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने,

५. विद्यालय तथा सामूदायिक अध्ययन केन्द्रहरूले योजना बनाई शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने,

६. प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्ने,

७. नतिजा मा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली बनाउने,

८. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथाचुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्ने,

९. योजनाको लगानी देखि प्रभाव तह सम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्ने,

### ६.२ .३ रणनीतिहरू

१. सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने

२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकताअनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने

३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने

४. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने
५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने
६. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्न लगाउने
७. विद्यालय व्यवस्थापनलाई सशक्तीकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने
८. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने
९. अभिभावक तथा सरोकारवालासँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठक आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने
१०. सामुदायिक सिकाइ केन्द्रमार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रम सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने

### ६.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुने छ ।
२. प्रभावकारी अनुगमन को माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समय मै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कन मा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने छ ।
३. कार्यक्रमको आवधिक समिक्षा भई सफलतालाई निरन्तरता, असफलतालाई सुधार, कमिकमजोरीमा सुधार र पुनर्योजना गर्न मद्दत हुने छ

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | एकाइ | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | १० बर्ष |
|---|---|---|---|---|---|---|---|---|
| १ | नतिजा मा आधारित अनुगमन प्रणाली स्थापित हुने बिद्यालय संख्या | विद्यालय | ५४ | | | | | |
| २ | अनुगमन का आधारमा नतिजा सुधार हुने बिद्यालय संख्या | विद्यालय | १० | ११ | ११ | ११ | ११ | ५४ |

| क्रसं | सूचक | एकाइ | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | १० बर्ष |
|---|---|---|---|---|---|---|---|---|
| ३ | विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने बिद्यालय संख्या | विद्यालय | ५४ | ५४ | ५४ | ५४ | ५४ | |
| ४ | सिकाईहरुको दस्तावेज तयार हुने बिद्यालय संख्या | विद्यालय | १० | २० | १० | १० | ४ | |

### ६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | १० बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१ | ८२ | ८३ | ८४ | ८५ | जम्मा | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | २ | २ | २ | २ | २ | १० | |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | विद्यालय | आवश्यकता अनुसार | | | | | | |
| ४ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | | निरन्तर | | | | | | |
| ५ | अनुगमन प्रणाली का लागि सूचक तयारी र अध्यावधिक | पटक | आवश्यकता अनुसार | | | | | | |
| ६ | विद्यालय अनुगमन | | निरन्तर | | | | | | |
| ७ | चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ४ | ४ | ४ | ४ | ४ | | |
| ८ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | | |
| ९ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | | |

# परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन

## ७.१ वर्तमान अवस्था

शिक्षा देश विकासको आधारशीला हो । जबसम्म देशमा शिक्षाको आधुनिक र वैज्ञानिक रुपमा विकास हुन सक्दैन तबसम्म देश विकासले सही बाटो समात्न सक्दैन । त्यसैले राज्यले सर्वप्रथम शिक्षाको विकासका लागि लगानी गर्न आवश्यक हुन्छ । शिक्षाको विकासका लागि शिक्षा क्षेत्रमा कार्यरत जनशक्तिको विकास सँगै भविष्यका देशका खम्बा मानिने बालबालिकाहरुमा लगानी गर्नुपर्ने हुन्छ । तसर्थ शिक्षामा राज्यको लगानीले प्रमुख चार पक्षलाई ध्यान दिनु पर्दछ । पहिला, सबै बालबालिका र सबै नागरिकलाई समतामुलक शैक्षिक अवसर र सहभागिता, दोस्रो शिक्षामा गुणस्तरको सुनिश्चितता, तेस्रो विद्यालय उमेर समुहका सबै बालबालिकाको विद्यालय सम्मको सहज पहुँच र टिकाउने र चौथो शिक्षणमा सक्षम र कुशल जनशक्तिको सुनिश्चितता । समृद्द नेपाल सुखी नेपालीको राष्ट्रिय सोचलाई सार्थकता दिन शिक्षामा राज्यले प्रथमिकताका साथ लगानी गर्नु आवश्यक छ ।

शिक्षामा राज्यको पर्याप्त लगानी समतामूलक र न्यायपूर्ण समाज व्यवस्था विकासका लागि महत्त्वपूर्ण पक्ष हो । एकातिर संवैधानिक प्रावधानमा मुलुकले समता र न्यायमा आधारित समाजबाद उन्मुख राज्य परिकल्पना गर्नु, अर्कोतिर शिक्षा क्षेत्रको लगानीमा निजीको क्षेत्रको संलग्नता क्रमशः बढ्दै जानुको शिक्षामा लगानीका सम्बन्धमा चुनौती थपिएको छ । राज्य सङ्घीय स्वरूपमा व्यवस्थापन हुँदै गर्दा सङ्घ, प्रदेश र स्थानीय तहको लगानीलाई कसरी समन्वयात्मक तरिकाले उद्देश्यमूलक बनाउने भन्ने विषय पनि शिक्षामा लगानीका सम्बन्धमा अहम् महत्त्वको विषय बनेको छ ।

शिक्षा क्षेत्रको लगानी र स्रोत व्यवस्थापनमा धेरै समस्या र चुनौतिहरु रहेका छन् । त्यसमध्ये महत्वपूर्ण चुनौतिहरु आर्थिक अभाव हुनु, न्यूनतम बजेट तथा स्रोतवाट स्वास्थ्य, सुरक्षा, भौतिक पूर्वाधार विकासलाई प्राथमिकता दिनुपर्ने वाध्यता रहनु, शिक्षण संस्थाका नाममा आय आर्जन हुने सम्पती नहुनु, वाह्य अनुदान सहयोग अतिकृम प्राप्त नहुनु, सहयोगी निकायले हाम्रो योजनामा सहयोग गर्नु भन्दा आफ्नै योजना र कार्यक्रम ल्याएर लागू हुनु विपन्न समूदाय हुनु उद्योग कलकारखाना र रोजगारीको प्रयाप्त अवसर नहुनु, शिक्षक कर्मचारी सरुवा तथा व्यवस्थापनमा राजनितिक प्रभाव हुनु आदी समस्या तथा चुनौति हुन भने, संविधान तथा राज्यका ऐन कानुनले माध्यमिक तह सम्मको शिक्षा लाई अनिवार्य र निशुल्क भने अनुसार कार्यक्रम र बजेट बन्ने अभ्यास हुनु, छात्रबृत्ति , निशुल्क पाठ्यपुस्तक, दिवा खाजा, विद्यालय निर्माण मर्मत, शिक्षक कर्मचारी तलब मा अनुदान प्राप्त हुनु, संघसस्था, समूदाय, सहकारीको सहयोग रहनु, गा.पा. ले शिक्षा विकासलाई प्राथमिकता दिनु, गुरुयोजनाले दिगो हुने शिक्षा कार्यक्रम निर्धारण गर्नु, प्रयाप्त शिक्षालय रहनु यसका सवल पक्ष तथा

अवसरहरु हुनु । शिक्षा क्षेत्रको लगानीमा मुलुक नै उदासिन देखिएको अवस्थामा पनि दंगिशरण गाउँपालिकाले शिक्षा क्षेत्रमा गरेको लगानी भने मुलुकभर नै चर्चाको विषय बनेको अवस्था छ ।

नेपालमा वि.सं. २०४९— ०५० मा शिक्षामा राज्यको लगानी कुल राष्ट्रिय बजेटको करिब ८.५ मात्र रहेकोमा सबैको लागि शिक्षा अभियान (सन् १९९० को दशक) सँगै आ.व. २०६७ —६८ मा आइपुग्दा यो १७.१ पुगेको थियो । कुन गार्हस्थ उत्पादनसँग शिक्षा क्षेत्रको बजेट तुलना गर्दा वि.सं. २०५२ देखि २०७५ सम्मको अवधिमा नेपाल सरकारको शिक्षामा लगानी कुल गार्हस्थ उत्पादनको औसत ३.७ रहेको थियो । विगत एक दशक अवधिमा सरकारबाट कुन राष्ट्रिय बजेटको औसत १३.२ बजेट शिक्षा क्षेत्रमा लगानी भएको पाइन्छ । नेपालमा शिक्षाको लगानीमा वैदेशिक सहायताको पनि महत्त्ववूर्ण अंश रहेको छ । विगत ५ वर्षमा शिक्षा क्षेत्रको बजेट तथा उक्त बजेटमा वैदेशिक सहायताको अवस्था हेर्दा कुल शिक्षा बजेटको औसत १०.६८ वैदेशिक सहायता रहेको छ । यसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## ७.२ उद्देश्य

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु

२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु

३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु

## ७.३ रणनीति

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट शिक्षामा लगानीमा वृद्धि गर्ने

२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने

३. वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने

४. शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई उचित नियमनका साथ प्रोत्साहन तथा प्रवर्द्धन गर्ने

५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने

६. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याइ वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने

७. लागत साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गर्ने

## ७.४ प्रमुख उपलब्धि

### उपलब्धि

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने

२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुने छ ।

## ७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

### क) सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र.स | अनुदान प्राप्त हुने उपक्षेत्र/विषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा | १० बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | 18784 | 20662.4 | 23761.76 | 28038.87 | 33646.65 | 124893.69 | |
| २ | आधारभूत शिक्षा | 156236 | 171859.6 | 197638.54 | 233213.48 | 279856.17 | 1038803.8 | |
| ३ | माध्यमिक शिक्षा | 58079 | 63886.9 | 73469.93 | 86694.523 | 104033.43 | 386163.79 | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| ५ | अनौपचारिक र आजीवन शिक्षा | 4100 | 4510 | 5186.5 | 6120.07 | 7344.08 | 27260.65 | |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | 15316 | 16847.6 | 19374.74 | 22862.19 | 27434.63 | 101835.17 | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| ९ | शिक्षामा समता र समावेशीक | 3737 | 4110.7 | 4727.30 | 5578.21 | 6693.86 | 24847.08 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | रण | | | | | | | |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | 23130 | 25443 | 29259.45 | 34526.15 | 41431.381 | 153789.98 | |
| ११ | विद्यालय सुरक्षा विपद न्युनिकरण तथा उत्थानशीलता | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | 16500 | 18150 | 20872.5 | 24629.55 | 29555.46 | 109707.51 | |
| १३ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| १४ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | 8049 | 8853.9 | 10181.98 | 12014.74 | 14417.69 | 53517.31 | |
| १५ | स्थानीय तहको शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| १६ | अनुगमन | 0 | 0 | 0 | 0 | 0 | 0 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | तथा मूल्याङ्कन | | | | | | | |
| **जम्मा** | | **303931** | **334324.1** | **384472.72** | **453677.8** | **544413.36** | **2020819** | |

### ख) प्रदेश सरकारबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| **क्र.स** | **अनुदान प्राप्त हुने उपक्षेत्र/ विषय** | **आर्थिक बर्ष** | | | | | **५ बर्षको जम्मा** | **१० बर्षको जम्मा** |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| २ | आधारभूत शिक्षा | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| ३ | माध्यमिक शिक्षा | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| ५ | अनौपचारिक र आजीवन शिक्षा | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| ९ | शिक्षामा समता र समावेशीकरण | 0 | 0 | 0 | 0 | 0 | 0 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| ११ | विद्यालय सुरक्षा विपद न्युनिकरण तथा उत्थानशीलता | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| १३ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| १४ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| १५ | स्थानीय तहको शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| १६ | अनुगमन तथा मूल्याङ्कन | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| | **जम्मा** | **0** | **0** | **0** | **0** | **0** | **0** | |

ग) स्थानीय तहबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट

| क्र.स | अनुदान प्राप्त हुने उपक्षेत्र/ विषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा | १० बर्ष को जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | 9093 | 10002.3 | 11502.65 | 13573.12 | 16559.21 | 60730.27 | |
| २ | आधारभूत शिक्षा | 35397 | 38936.7 | 44777.21 | 52837.1 | 64461.26 | 236409.3 | |
| ३ | माध्यमिक शिक्षा | 10004 | 11004.4 | 12655.06 | 14932.97 | 18218.22 | 66814.66 | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | 0 | 50 | 57.5 | 67.85 | 82.77 | 258.12 | |
| ५ | अनौपचारिक र आजीवन शिक्षा | 100 | 110 | 126.5 | 149.27 | 182.10 | 667.87 | |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | 2300 | 2530 | 2909.5 | 3433.21 | 4188.51 | 15361.23 | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | 1750 | 1925 | 2213.75 | 2612.22 | 3186.91 | 11687.89 | |
| ९ | शिक्षामा समता र समावेशीकरण | 1000 | 1100 | 1265 | 1492.7 | 1821.09 | 6678.79 | |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य | 0 | 150 | 172.5 | 203.55 | 248.33 | 774.38 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम | | | | | | | |
| ११ | विद्यालय सुरक्षा विपद न्युनिकरण तथा उत्थानशीलता | 0 | 300 | 345 | 407.1 | 496.662 | 1548.762 | |
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | 5100 | 5610 | 6451.5 | 7612.77 | 9287.579 | 34061.85 | |
| १३ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | 600 | 660 | 759 | 895.62 | 1092.656 | 4007.276 | |
| १४ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | 5474 | 6021.4 | 6924.61 | 8171.04 | 9968.66 | 36559.72 | |
| १५ | स्थानीय तहको शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | 150 | 165 | 189.75 | 223.90 | 273.16 | 1001.81 | |
| १६ | अनुगमन तथा मूल्याङ्कन | 0 | 150 | 172.5 | 203.55 | 248.33 | 774.38 | |
| **जम्मा** | | **70968** | **78714.8** | **90522** | **106816** | **130315** | **477336** | |

घ) अन्य सङ्घसंस्थाबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र.स | अनुदान प्राप्त हुने उपक्षेत्र/ विषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा | १० बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| २ | आधारभूत शिक्षा | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| ३ | माध्यमिक शिक्षा | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| ५ | अनौपचारिक र आजीवन शिक्षा | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| ९ | शिक्षामा समता र समावेशीकरण | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | 0 | 0 | 0 | 0 | 0 | 0 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११ | विद्यालय सुरक्षा विपद न्युनिकरण तथा उत्थानशीलता | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| १३ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| १४ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| १५ | स्थानीय तहको शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| १६ | अनुगमन तथा मूल्याङ्कन | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| | **जम्मा** | **0** | **0** | **0** | **0** | **0** | **0** | |

### ७.६ योजनाको वर्षिक बजेट तर्जुमा प्रक्रिया

सामन्यतया स्रोतको अनुमान र विश्लेषण गर्दा अपेक्षा, राष्ट्रिय एवम् गाउँपालिकाको प्रतिबद्धता, संवैधानिक प्रत्याभूति, शिक्षाका गाउँस्तरीय नीति तथा कार्यक्रमलाई उचितरुपमा सम्बोधन हुने गरी स्रोतको आँकलन गर्नु पर्ने हुन्छ। त्यसरी आँकलन गरिएको स्रोत कति हुन्छ र हामीसँग सामथ्र्य के कति छ सो को पनि सँगसँगै विश्लेषण गरिन्छ । यसरी विश्लेषण हालको बजेटको प्रवाह र प्राथमिकताका क्षेत्रहरुलाई समेत मध्यनजर राखिएको छ । यसरी विश्लेषण गर्दा गाउँपालिकाले अहिले पनि समानीकरण र आफ्नो आय स्रोतको कुल बजेटको करिब २०% बजेट शिक्षामा

विनियोजन गरेको अवस्था छ । त्यसरी नै सङ्घीय सरकारले करिब सत्तरी प्रतिशतको हाराहारीमा खर्च गरेको अवस्था छ भने प्रदेश सरकारले बजेट विनियोजन गर्दा सिधैं शैक्षिक संस्थासँग समन्वय गरी बजेट विनियोजन गर्ने भएका कारण यसको वस्तुपरक हिसाव निकाल्न कठिन भएपनि सामान्यतयाः प्रदेशले विद्यालय र क्याम्पसको भौतिक पूर्वाधार, पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याव, उच्च शिक्षाको छात्रवृत्ति आदिमा बजेट विनियोजन गरी खर्च गरेको देखिन्छ ।
यसका साथै कानूनले उच्च शिक्षाको लागि प्रदेशलाई जिम्मेवार बनाइएको छ । प्राविधिक शिक्षा, समावेशी शिक्षा, साक्षरता शिक्षा र नपुग शिक्षकको व्यवस्थापनमा समेत प्रदेश कानूनतःजवाफदेही हुनुपर्ने देखिन्छ । यसले गर्दा पनि गाउँपालिकाको शिक्षाको योजनामा प्रदेश सरकारको पनि वित्तीय सहयोग, योगदान र भूमिका अपरिहार्य ठानी स्रोत व्यवस्थापनमा प्रदेश सरकारलाई जिम्मेवार बनाइएको छ । यसरी हाल प्राप्त भइरहेको अनुदान र पालिकाको बजेट र स्रोतको उपलब्धताको प्रवृत्ति हेर्दा लगभग .....% बजेट अपुग हुने देखिन्छ । शिक्षा क्षेत्रमा कार्यरत विभिन्न संघसंस्था तथा दातृ निकायहरुलाई यस पालिकामा लगानी गर्न प्रस्तावना पठाउने, प्रोत्साहनका कार्यक्रम आयोजना गर्ने तथा कार्यशाला लगायतका कार्य गर्ने अभ्यास गर्नुपर्ने देखिन्छ । साथै स्थानीय तथा बाह्य चन्दादाताहरुलाई समेत शिक्षा क्षेत्रमा लगानीका लागि विविध उपायहरु अपनाउन जरुरी छ । विद्यालयसँग भएका स्रोतहरु प्रयोग गरी त्यसबाट थप स्रोत निर्माण गर्न क्षमता विकासका लागि कार्यशालाहरु गरिनेछ ।

## ५ बर्षे योजनाको वर्षिक बजेट तर्जुमा प्रक्रिया

| **उपक्षेत्र / विषय** | **आर्थिक वर्षगत रूपमा बजेट अनुमान** | | | | | **पाँच वर्षको जम्मा** | **१० वर्षको जम्मा** |
|---|---|---|---|---|---|---|---|
| | आ.व २०८१/०८२ | आ.व २०८२/०८३ | आ.व २०८३/०८४ | आ.व २०८४/०८५ | आ.व २०८५/०८६ | | |
| प्रारम्भिक बालविकास र शिक्षा | 27877 | 30664.7 | 35264.40 | 41611.99 | 50205.85 | 185623.96 | |
| आधारभूत शिक्षा | 191633 | 210796.3 | 242415.74 | 286050.57 | 344317.43 | 1275213.0 | |
| माध्यमिक शिक्षा | 68083 | 74891.3 | 86124.99 | 101627.49 | 122251.65 | 452978.44 | |
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | 0 | 50 | 57.5 | 67.85 | 82.777 | 258.127 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अनौपचारिक शिक्षा र आजीवन सिकाइ | 4200 | 4620 | 5313 | 6269.34 | 7526.19 | 27928.53 | |
| पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | 17616 | 19377.6 | 22284.24 | 26295.40 | 31623.14 | 117196.39 | |
| शिक्षक व्यवस्थापन र विकास | 1750 | 1925 | 2213.75 | 2612.22 | 3186.91 | 11687.88 | |
| शिक्षामा समता र समावेशीकरण | 4737 | 5210.7 | 5992.30 | 7070.91 | 8514.95 | 31525.88 | |
| विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | 23130 | 25593 | 29431.95 | 34729.70 | 41679.71 | 154564.363 | |
| विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता | 0 | 300 | 345 | 407.1 | 496.662 | 1548.762 | |
| विद्यालय भौतिक पूर्वाधार विकास | 21600 | 23760 | 27324 | 32242.32 | 38843.03 | 143769.35 | |
| विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | 600 | 660 | 759 | 895.62 | 1092.65 | 4007.27 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | 13523 | 14875.3 | 17106.59 | 20185.78 | 24386.35 | 90077.03 | |
| स्थानीय शिक्षा योजना कार्यान्वयन को प्रबन्ध | 150 | 165 | 189.75 | 223.90 | 273.16 | 1001.81 | |
| अनुगमन तथा मूल्याङ्कन | 0 | 150 | 172.5 | 203.55 | 248.33 | 774.38 | |
| **जम्मा** | **374899** | **413038.9** | **474994.74** | **560493.79** | **674728.86** | **2498155.3** | |

### ७.७ योजना कार्यान्वयनका लागि वर्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन

योजना कार्यान्वयन गर्दा वार्षिक रूपमा तय भएका योजना तथा कार्यक्रमलाइ वार्षिक रूपमा रूपमा सङ्घ प्रदेश तथा स्थानीय तहको नीति तथा कार्यक्रमका आधारमा वार्षिकरूपमा स्रोत सुनिश्तिततताका आधारमा वार्षिक रणनीति तथा कार्यान्वयन योजना निर्माण गर्नुपर्छ । यसमा योजनाका रणनीति तथा कार्यक्रमलाई अद्यावधिक गरी कार्यान्वयन हुने र स्रोत सुनिश्चित भएका सो आर्थिक वर्षमा कार्यान्वयन हुने कार्यक्रमलाइ समावेश गर्नुपर्छ । योजना निर्माण गर्दा स्थानीय तहको पाँच वर्षे बजेटसहितको वार्षिक योजनामा उल्लिखित क्रियाकलापलाई केन्द्रीत भइ वार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन रणनीति तयार गर्नुपर्छ । वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण गर्दा योजनाको ढाँचालाई आधार मानी तयार गर्नुपर्ने छ ।

# परिच्छेद ८: अनुगमन र मूल्याङ्कन

## ८.१ परिचयः

शैक्षिक कार्यक्रमहरुमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटिहरु छन् वा छैनन, शैक्षिक क्रियाकलापहरु निर्धारित कार्यतालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्ति तर्फ उन्मुख भएका छन् वा छैनन्  भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रुपमा निगरानी, निरीक्षण पुन निरिक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ ।

शैक्षिक कार्यक्रमहरुको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुत्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोख गर्ने कार्य मुल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभाव सँग वढि केन्द्रित हुन्छ । अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भएपश्चात पनि गरिन्छ । योजना कार्यान्वयनका क्रममा देखिने समस्याहरु तत्काल पहिचान गरी समाधान गर्न योजना कार्यान्वयन प्रक्रियालाई नतिजामुखी बनाउन अनुगमन तथा मूल्याङ्कन अपरिहार्य हुन्छ ।शिक्षाको हरेक कार्यका चरणहरु उदेश्य निर्धारण स्रोत सामाग्रीको पहिचान र प्रयोग क्रियाकलाप तय र मूल्याङ्कन गरेर ४ वटा पक्षलाई मुख्य रुपमा निर्धारण गरेको पाइन्छ ।ती चार पक्ष मध्ये अन्तिममा रहेको अनुगमन मूल्याङ्कनको  पाटो सबै भन्दा महत्व पूर्ण पाटो मानिन्छ ।संवैधानिक अधिकार तथा संघ तथा प्रदेश सरकारबाट प्राप्त मार्ग निर्देशन समेतका आधारमा योजना कार्यान्वयनको निरन्तर अनुगमन र मूल्याङ्कन गर्नु जरुरी हुन्छ ।

## ८.२ वर्तमान अवस्था

### योजनको अनुगमन र मूल्याङ्कन

नेपालमा आठौं योजनाबाट अनुगमन तथा मूल्याङ्कन लाई शिक्षा योजनाको अभिन्न अङ्गको रुपमा समेटेको पाइन्छ । राष्ट्रिय शिक्षा पद्धतिको योजना अवधिमा शिक्षा मन्त्रालयमा मूल्याङ्कन शाखा रहेकोमा २०४९ पछि यसलाई अनुगमन शाखाका रुपमा विकास गरियो भने २०६३ पछि अनुगमन

महाशाखाका रुपमा विकास गरिएको थियो । सङ्घीय संरचना प्रारम्भ भएपछि मन्त्रालयको स.रचनागत परिवर्तन भई योजना तथा अनुगमन महाशाखा अन्तर्गत अनुगमन तथा मुल्याङ्कन शाखा रहेको छ । वर्तमान अवस्थालाई हेर्ने हो भने राष्ट्रिय स्तरमा शिक्षाको ऐन, कानुन शिक्षा निति रहेका छन् भने प्रदेश स्तरबाट सोही प्रक्रियाको पहल भएको अवश्था छ ।

शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य सङ्घीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरुबाट प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय इकाईबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुदै आएको छ । शैक्षिक गुणस्तर परिक्षण केन्द्रले शैक्षिक संस्थाहरुको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको उपलब्धि परीक्षण गर्दै आएको छ । विद्यालय निरिक्षक तथा स्रोतकेन्द्र बाट शिक्षकलाई शिक्षण प्रक्रियामा स्थलगत प्राविधिक सहयोगका अतिरिक्त विद्यालय एवम् शिक्षण सिकार्य प्रक्रिया लगायतका विषयमा निरोक्षण तथा सुपरिवेक्षण हुने गरेकोमा अहिले आएर स्रोतकेन्द्र खारेज भएको हुनाले उक्त स्रोत केन्द्रमा हुने कार्य स्थानीय शिक्षा शाखा मार्फत हुने गरेका छन् । स्थानिय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय सरकारलाई प्राप्त २३ वटा शैक्षिक क्षेत्रका काम, कर्तव्य र अधिकार तोकिएको छ । केन्द्रदेखि स्थानीय तह सम्मका सवै योजनाहरु कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी स्थानीय तहलाई नै प्रदान गरिएको छ । यसको अनुगमन र मूल्याङ्कन पनि मुल रुपमा स्थानीय तहलाई नै हुन आउँछ विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधार सम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रुपमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) लाई लिइएको छ । विद्यार्थीको शैक्षिक उपलब्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा माषिक पृष्ठभूमि लगायतको विषयमा तथ्याङ्क संकलन कार्य सुरु गरिएको छ । साथसाथै विद्यालय तह स्थानीय तह प्रदेश र सङघीय तहमा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समिक्षााको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ ।

त्यसैगरी स्थानीय तहमा अनुगमन तथा मूल्याङ्कन प्रवन्ध भएतापनि सङ्घीय संरचना अनुसार अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप व्यवहारिक गरी आवश्यक नतिजाहरु सवै तहको सरकारले प्राप्त गर्न सक्ने गरी स्वचालित बनाइनुपर्ने छ । यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट तीनै तहका सरकारले आवश्यक सूचना प्राप्त गर्नु

सक्ने बनाउनु आवश्यक छ । अनुगमन र मूल्याङ्कनलाई औपचारिकता निर्वाह गर्ने प्रयोजनका निम्ति नभई सुधार र प्रोत्त्साहनका निम्ति प्रयोग गरिनु पर्दछ ।

**गाउँपालिकामा अनुगमन र मूल्याङ्कन प्रणाली**

सिङ्गो मुलुक शिक्षा प्रति जति सकारात्मक हुनुपर्थ्यो त्यति नभए पनि गाउँपालिकाले शिलामा लगानी बढाउनुका साथै यसको कार्यान्वयन पक्षलाई सशक्त बनाउन प्रभावकारी भूमिका निर्वाह गरिरहेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ का आधारमा गाउँपालिकाको उपाध्यक्षको अध्यक्षतामा योजना कार्यान्वयन तथा अनुगमन समिति गरिनुपर्ने भएतापनि यस गाउँपालिकामा उक्त अनुगमन समितिको गठन भएको छैन । शिक्षा सम्बन्धी कार्यक्रमहरुको सञ्चालन कार्यान्वयन पक्षको अनुगमन र मूल्याङ्कनका लागि गाउँपालिकाको अध्यक्षको अध्यक्षतामा गाउँ शिक्षा समिति गठन भएको छ यद्यपी यस समितिको सक्रियता कम भएको पाइन्छ । यसका अतिरिक्त शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखद्वारा आवश्यकतानुसार अनुगमन कार्यमा सामेल भएको पाइन्छ ।

यसका साथै माध्यमिक तहमा अध्यापनरत विभिन्न विषयका विज्ञहरुबाट कक्षा अवलोकन गर्ने कार्य विगतका वर्षहरुमा भएको पाइन्छ । यसका साथै विद्यार्थीको नतिजामा सुधार गर्ने उद्धेश्य अनुरुप कक्षा ५ को प्रत्येक बर्ष सिकाई उपलव्धी परीक्षा सञ्चालन भएको छ । यस कार्यलाई अझ व्यवस्थित तरिकाले सञ्चालन गर्नुपर्ने देखिन्छ ।

अनुगमन तथा मूल्याङ्कनलाई योजनाको अभिन्न अंगको रुपमा लिदै हाल विधमान अवश्थामा रहेको गाउँ शिक्षा संयन्त्रलाई आवश्यकता अनुसार चुस्त र दुरुस्त बनाउदै आवश्यक मानवीय तथा भौतिक व्यवस्थापनमा जोड दिदै गाउँपालिका अध्यक्षको अध्यक्षतामा रहेको गाउँ शिक्षा समितिबाट आवश्यक रुपमा वैठक वसी कार्य प्रगती समीक्षा गर्नुपर्ने देखिन्छ ।

**८.३. उद्देश्यः**

गाउँपालिकाले शिक्षा योजनाको अनुगमन र मूल्याङ्कन प्रणालीको विकास गर्नुको उद्देश्य अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकिकृता प्रणाली विकास गर्नु साथै नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली लागु गर्नु रहेको छ ।

**८.४ रणनितिहरुः**

गाउँपालिकाले शैक्षिक योजनाको प्रभावकारी, अनुगमन तथा मूल्याङ्कनका लागि निम्न लिखित रणनितिहरु अपनाउने छ ।

१. एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गरिने छ ।
२. जनप्रतिनिधी सहित स्थानीय विज्ञ टोली सम्मेलित अनुगमन तथा मूल्याङ्कनका लागि समितिको निर्माण गरिनेछ ।
३. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोजन र सञ्जालीकरण सफ्टवेयरको निर्माण गरि गरिने छ ।
४. गाउँपालिकाले सहभागितामूलक एवम् नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई संस्थागत गरिनेछ ।
५. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी अनुगमनका लागि विभिन्न सूचकहरु बनाइनेछ ।
६. योजनाको लागत, प्रक्रिया, परिणाम, उपलब्धि र प्रभाव समेतको अनुगमन तथा मूल्याङ्कनको लागि आवश्यक कानुनी तथा संरचनागत व्यवस्था सहित जनशक्तिको प्रबन्ध गरिने छ ।
७. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई अनिवार्य रुपमा लागु गर्ने प्रणालीको विकास गरिनेछ ।
८. कुल बजेटको निश्चित हिस्सा अनुगमन तथ्य मूल्याङ्कनमा छुटयाई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गरिनेछ ।
९. सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिने छ ।
१०. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यव्यवस्था आधारित अनुगमन मूल्याङ्कन सुपरिवेक्षण एवम प्रतिवेदन प्रणालीको प्रवन्ध गरिनेछ ।
११. शैक्षिक योजना तथा कार्यक्रमको नियमित, अद्यावधिक, मध्यावधिक र अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गरिनेछ ।
१२. शिक्षण सिकाइको अनुगमन, सुपरिवेक्षण, मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गरिनेछ ।
१३. विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण र विद्यालयको कार्य सम्पादनलाई व्यवस्थित गरिनेछ ।
१४. गाउँ शिक्षा समिति तथा वडा शिक्षा समितिहरुलाई सूचक तथा मापदण्डमा आधारित अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार बनाइनेछ ।
१५. संघ तथा प्रदेशका अनुगमन तथा मुल्याङ्कन संग सम्वद्ध विभिन्न निकायहरु सँग उचित समन्वय तथा सहकार्य गरी अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाइनेछ ।
१६. वार्षिक कार्ययोजनाको अङ्गको रुपमा अनुगमन तथा मूल्याङ्कनको कार्ययोजना कार्यान्वयनमा ल्याइने छ ।

**८.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्यः**

**क) उपलब्धि**

१. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भएको हुनेछ ।

२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुने छ ।

३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतिलाई समयमै सम्वोधन गरी अपेक्षित उपलब्धी हासिल भएको हुनेछ ।

४. कार्यक्रमको आवधिक समिक्षा भई सफलतालाई निरन्तरता, असफलतालार्य सुधार गर्न मद्धत हुनेछ ।

**ख) प्रमुख नतिजाहरुः**

१. अनुगमन तथा मूल्याङ्कनका संस्थागत संरचना तथा क्षमता विकास भएको हुने ।

२. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने छ ।

३. अनुगमनका आधारमा नतिजामा सुधार भएको हुने ।

४. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्य सम्पदन परीक्षणलाई थप व्यवस्थित र नियमित भई यसका नतिजाहरुका आधारमा सुधार गर्ने परिपाटी स्थापित भएको हुने ।

५.विभिन्न कार्यक्रमको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन भएको हुने ।

## प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

## अनुगमन तथा मूल्याङ्कनका प्रमुख क्रियाकलापहरु तथा परिणामात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलपाहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालय सुपरिवेक्षण र अनुगमनको शून्यताको अवस्यालाई अन्त्य गर्न शिक्षा प्रमुखको संयोजकत्वमा रोष्टर शिक्षकहरु सहितको सुपरिवेक्षण र अनुगमन टीम निर्माण गरी अनुगमन गरिने । | निरन्तर वर्षमा २ पटक सबै विद्यालयमा | निरन्तर | | | | | | |
| २ | अनुगमनको जिम्मेवारी सहित एकीकृत शैक्षिक अनुगमन तथा मूल्यांकन मार्ग दर्शन विकास गरिने | पटक | निरन्तर | | | | | | |
| ३ | नतिजा आधारित अनुगमन प्रणालीका लागि सुचकहरु तयार तथा अद्यावधिक गरिने | पटक | निरन्तर | | | | | | |
| ४ | कार्यक्रम कार्यन्वयन गर्ने प्रत्येक वडा तथा वि.व्य.स.ले आफूले कार्यन्वयन गरेका कार्यक्रमको अनुगमन गर्ने र समिक्षा गर्ने | निरन्तर | निरन्तर | | | | | | |
| ५ | कार्यक्रम कार्यान्वयनको त्रैमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | निरन्तर | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | गरिने | | | | | | | | |
| ६ | शैक्षिक सुचना व्यवस्थापन पद्धतीमा सुधार गरि स्थानीय सरकारले आवश्यक सुचना लिन सक्ने गरी एकीकृत तथा व्यवस्थित संयन्त्रको विकास गर्ने | निरन्तर | निरन्तर | | | | | | |
| ७ | विभिन्न कार्यक्रमको आबधिक मूल्यांकन गरिने | कार्यक्रम | निरन्तर | | | | | | |
| ८ | शिक्षा क्षेत्रको योजना कार्यान्वयनको समग्र मूल्यांकन गरिने | पटक | निरन्तर | | | | | | |
| ९ | विद्यार्थीको सिंकाइ उपलब्धी परीक्षण गरिने | कक्षा ३,५,८ र १० | २ | २ | २ | २ | २ | १० | |
| १० | विद्यालयको कार्यसम्पादन परीक्षण गरिने | विद्यालय % | १ | १ | १ | १ | १ | ५ | |
| ११ | अनुगमन, मूल्यांकन तथा प्रतिवेदन प्रणालीलाई सुदृढ गर्न क्षमता विकास गरिने | निरन्तर | निरन्तर | | | | | | |
| १२ | विद्यालयहरुमा गरिने सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाइने | विद्यालय | निरन्तर | | | | | | |
| १३ | विद्यालयहरुको लेखापरिक्षणलाई कडाईका साथ लागू गर्ने एवं प्रभावकारी बनाइने | सबै विद्यालय | | | | | | | |